दायित्व

(साहित्यिक मासिक)

वर्ष १४ | वैशाख २०५७ | पूर्णाङ्क-३७

प्रधान सम्पादक/ प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोग मण्डली
विष्णु ज्ञवाली
कमल ज्ञवाली
मुकुन्द शर्मा
यादव भट्टराई

आवरण सज्जा
सोम सानु

कार्यालय
घ २-३०२ चावहिल-७ काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५०/-
व्यक्तिगत: रु. १५/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

विषय-क्रम

अन्तर्वार्ता:

विचार र चिन्तनविहीन साहित्यले समाजलाई अग्रगति दिन सक्तैन	१	भवानी घिमिरे
सँस्कृति: एउटा गतिशील प्रकृया हो	४	प्रा. डा मुकुन्दराज अर्याल

लेख/निबन्ध

पुराना जीर्णपात नझरी नर्यो पालुवा लाग्दैन	६	फणीन्द्रराज खेताला
सच्चा प्रेम कल्पवृक्षको बीज समान हो	१०	हर्षनाथ भट्टराई
लेखक बन्न सजिलो छैन	१५	श्रीधर खनाल

कथा/लघुकथा

धतुरोको फूल	१७	मनु ब्राजाकी
आत्मबोध	२६	वेदकुमारी न्यौपाने
पछुतो	३०	खिमानन्द आचार्य
मासु र भात	३८	ओममणि शर्मा
चिल्लो पात	३९	कुवेर लिम्बुखिम

समीक्षा/समालोचना

प्रगतिवादी परम्परा मैं नमूना कृति	२३	प्रा. रामप्रसाद दाहाल
विभिन्न तीन कृतिमाथि तेसो दृष्टि	३५	ठाकुर शर्मा
नीलो नीलो आकाश दुई थोपा आँसु	४३	सानुराजा श्रेष्ठ
'भानु विचरण' – एक टिप्पणी	४९	चिरञ्जीवीदत्त पाण्डे

यात्रासंस्मरण

तीर्थयात्रा - डायरीका पानाबाट	१९	रामहरि ढुङ्गाना
जोमसोमदेखि लोमानथाङसम्म	४५	लक्ष्मीप्रसाद रिजाल

धर्म/सँस्कृति

महाशिवरात्री पर्व - एक सन्दर्भ	१३	गोकुलप्रसाद शर्मा

कविता/गजल/गीत

स्व. पं.सोमनाथ उपाध्याय घिमिरे 'व्यास'- ३/विष्णुप्रसाद धिताल - ८/अर्जुन विरक्ति - १२/ कृष्ण बाउसे - १२/लुशराज - २९/कविराज कृष्णबहादुर मिश्र - २९/ युवराज प्रसाई - २९/ डा.टीकाराम अधिकारी - ३४/ काशीराम विरस - ३९/राजकुमार 'बगर' - ३९/पि आर बुढाथोकी क्षेत्री - ३९/आत्माराम ढुङ्गाना - ४२/पदम् बराल - ४२/ शशी ढकाल - ४८/कमला उप्रेती- ४८/ सेवकप्रसाद नेपाल - ५०/ सुनिताकुमारी उप्रेती - ५१/भावना उप्रेती - ५१/

अन्य विविध – संक्षिप्त जीवनी (इन्द्रमानपति बज्राचार्य र गोकुलप्रसाद शर्मा – ९) कृतिपरिक्रमा र विचार मन्थन आदि ।

कम्प्युटर: पि. एण्ड वी. डिटिपि, चावहिल ४८६४३३ (घर)

मुद्रक :- अल प्रिन्टिङ्ग प्रेस लगनखेल चोक - ५२६५१३ - प्रेस ५४०५३७

सम्पादकीय

- पहिले पहिले आउने गरेजस्तै अहिले पनि एउटा वर्षको समाप्ति भएर अर्को नयाँ वर्षको आगमन भएको छ। इस्वी सम्वत् अनुसार हामी २१ औं शताब्दीमा प्रवेश गरेका छौं। यसरी हाम्रा पुर्खाहरूले सदियौंदेखि भोग्दै आएको शताब्दी, सहस्राब्दी वर्षहरूको यस चरणमा आएर हामीले पनि वर्षहरूलाई व्यतित गर्दैछौं। मानव समुदायले यसैगरी समयलाई कुन युगसम्म भोग्दै जाने हुन्- समयको क्रमागत प्रक्रिया निरन्तर चल्दै जानेछ।

- मुख्य कुरा हो- विकासको कुरा। विकास भन्दा दुई कुरा आउँछन् - भौतिक र आध्यात्मिक। समयानुसार हामीले बुद्धिविवेकको प्रयोग गरेर अभूतपूर्व भौतिक विकास गरिसकेका छौं। पाषाण युगदेखि अब हामी अणुयुगसम्म आइपुगेका छौं। अब मानवले चन्द्र र मङ्गलमा बास बसाउने तयारी गर्दैछ। सञ्चारका क्षेत्रमा त हामीले अत्युच्च उपलब्धि नै हासिल गरेका छौं। पृथ्वीको पल्लो छेउमा पुग्न पनि हामीले लामो समय तय गर्नु पर्दैन। अब हामीले कसैलाई चिठी लेख्दा खामभित्र घुसारेर हुलाक धाउनु पर्दैन। दूरदेशमा कुराकानी गर्न महँगो विद्युतीय सञ्चार संस्थामा पुगिरहनु पर्दैन।

- अब रह्यो आध्यात्मिक विकासको कुरा। मानवीय जीवनका दुई पक्ष-पुरुष र महिलाको विकास वा सहभागिता समानरुपमा हुनुपर्छ भन्ने कुरा विश्वसमुदायले मानी आएको छ। लैङ्गिक पक्षपात विना समानुपातिक ढङ्गबाट मानवीय विकास भयो भने त्यसले प्रकृति र पुरुषको तादात्म्य सम्बन्धलाई सुसञ्चालन गर्न मद्दत पुऱ्याउँछ र सांसारिक आवागमनको चक्र निर्वाधरुपले गतिशील बन्दछ। यो प्रकृतिगत नियम हो। यस्तै सम्बन्ध राख्दछ - अध्यात्म र भौतिकताले पनि।

- जुन अनुपातमा भौतिक विकास हुन्छ त्यसै अनुरुप आध्यात्मिक विकास पनि हुनुपर्दछ। हाम्रो मूल आधार हो- आध्यात्मिकता र हामी मानव हुनुको आधार हो प्रकृति। प्रकृति भनेको हाम्रो घर हो अर्थात् मानवको रुपमा जन्मनुको नियम हो। घर चलाउने पनि नियम हुन्छन्। त्यही नियम नै अध्यात्म हो। त्यहाँबाट धर्म र सँस्कृति उदय हुन्छ। सँस्कृति भनेको संस्कार हो। यसकै माध्यमबाट कला, साहित्य र परम्पराको जन्म हुन्छ। त्यही नै मानवीय मूल्य र मान्यताको दीगो विकास गर्ने मूलमन्त्र हो। त्यसैले मानवीय चेतना प्रदान गर्ने मूल आधार अध्यात्म हो भनी मानी आएका छौं। अध्यात्म नै मानवीय जीवनको मुटु हो/प्राण हो। यसलाई भुल्यौं भने हामीले आफैलाई भुल्छौं र निष्प्राण बन्दछौं।

- अध्यात्म भनेको मानव हुनुको आधार हो। मानवद्वारा धारण गरिने धर्म हो। धर्म भनेको नियम हो। नियमलाई भुल्यौं भने हामीले मानवीयतालाई नै भुल्छौं। त्यसपछि आफ्नो भन्ने केही रहँदैन। जहाँ आफ्नो केही हुँदैन त्यहाँ विनाशबाहेक अरु अवशेष रहँदैन। तसर्थ हामी विकासका अनगिन्ती सुस्वादु फल चाख्न चाहन्छौं भने भौतिक विकासको भोगका साथै आध्यात्मिक चेतनाको विकास पनि सँगसँगै गरौं र मानव जीवनलाई सार्थक बनाऔं।

- नयवर्ष २०५७ ले सबैलाई सद्बुद्धि प्रदान गरी सन्मार्गतिर लाग्ने प्रेरणा देओस् - हाम्रो शुभकामना।

- अन्तर्वार्ता -

विचार र चिन्तनविहीन साहित्यले समाजलाई अग्रगति दिन सक्तैन

❑ भवानी घिमिरे

नेपाली साहित्यमा भवानी घिमिरेको नाम बहुआयामिक व्यक्तित्वको रूपमा चिनिन्छ र उहाँको कृतित्व पनि बहुआयामिक छ। विगत चारदशकदेखि नेपाली भाषा र साहित्यको उन्नयनमा समर्पित श्री घिमिरे अत्यन्त मृदुभाषी र सरलप्रकृतिको व्यक्तित्वको रूपमा सु-परिचित हुनुहुन्छ।

१९८६ साल नौरथा चौथीको दिन बाबु हिरण्यनाथ घिमिरे र माता हाटकेशरीको कोखबाट जन्मनु भएका श्री भवानी घिमिरेले नेपाली साहित्यको प्रगतिवादी धारालाई अवलम्बन गरेर निरन्तर साहित्यसाधनामा लागिपर्नु भएको छ।

बी.ए.सम्मको शैक्षिक उपाधि हासिल गर्नुहुने श्री घिमिरेले विशेषतः कविता, निबन्ध क्षेत्रमा हात चलाउनु हुन्छ र लामो समयदेखि 'भानु' साहित्यिक पत्रिकाको सम्पादन गरेर आफ्नो जीवनलाई नै 'भानु'को पर्यायवाचीको रूपमा नै प्रस्तुत गर्नु भएको छ। साथै केहीवर्ष यता 'प्रकाश' साप्ताहिकको सम्पादनको जिम्मेवारी लिएर एउटा असल, इमान्दार एवं सफल सम्पादकको परिचय पनि दिंदै आउनु भएको छ।

गो.द.वा. तेस्राबाट विभूषित श्री घिमिरे स्वदेशी/विदेशी गरी सयौं संस्थाहरूबाट सम्मानित हुनुहुन्छ। हालसम्म उहाँका विभिन्न विधाका सात कृति प्रकाशित भएकाछन् भने दर्जनौं भानुका विशेषाङ्कहरू र पचासौं कृतिहरूमा भूमिका लेखन वहाँका विशिष्टतम उपलब्धि हुन्।

प्रस्तुत छन् – उहाँ समक्ष राखिएका केही जिज्ञासाहरू र तिनको सटिक जवाफ –

१. तपाईंले आफूलाई कुन प्रकारको व्यक्तित्वको रूपमा स्थापित गर्न चाहनुहुन्छ ?

→ मैले प्रारम्भदेखि नै साहित्य र राजनीति दुबै क्षेत्रमा झण्डै समानरूपले भाग लिएँ। राजनीतिमा खालि 'आस्था'मात्र राखिनँ, सशरीर भाग लिएँ, सङ्घर्ष गरें, आन्दोलनमा भाग लिएँ र त्यसका निम्ति यातना पनि भोगें। २०४६ सालको जनआन्दोलनमा जेलमै हुँदा राज्यविप्लवको मुद्दा लाग्यो। प्रजातन्त्रको प्रादुर्भाव नहुँदो हो त मेरो मृत्यु नै जेलमा हुनसक्ने थियो। साहित्यमा अगाध रुचि छ तर राजनीतिबाट विमुख हुन सक्तिनँ। त्यसैले राजनीति र साहित्य दुबै मेरो व्यक्तित्वसँग टाँसिएका छन्। यी दुबै पक्ष समाहित गरेपछि मात्र मेरो व्यक्तित्व खुल्दछ।

२. तपाईंको वैचारिक चेतना निःसृत हुने मूलश्रोत के हो ? राजनीति कि साहित्य ? यदि एउटा छाड्नु पर्‍यो भने कुन चाहीं छाड्नुहुन्छ ?

→ मेरो वैचारिक चेतना निःसृत हुने मूल स्रोत समाज हो। हामीले के सोच्नुपर्छ भने समाजलाई सञ्चालन गर्ने राजनीति हो। समाजलाई म मार्क्सवादी दृष्टिकोणले हेर्छु। आफ्नो विचारलाई साहित्यको स्वरूप दिएर म विचारकै सेवा गरिरहेको हुन्छु तर कलात्मक रूपमा। विचार र चिन्तन विहीन साहित्यले समाजलाई अग्रगतिमा लैजान सक्दैन, त्यसले समाजको वाञ्छित परिवर्तन पनि गर्न सक्तैन। जहाँसम्म दुई मध्ये कुन चाहिं छाड्ने भन्ने कुरा हो म दुबैलाई छाड्न असमर्थ छु।

३. वर्तमान साहित्य जगत्को एउटा पक्षले आफूलाई प्रगतिशील साहित्यकारको दर्जामा राख्ने गरेको छ, के साहित्य पनि प्रगतिशील र अप्रगतिशील हुन्छ ?

→ साहित्य जगत्मा सबै स्रष्टाहरू प्रायः एउटा न एउटा दर्शनले अभिप्रेरित भएका हुन्छन्। कोही यथास्थितिवादी हुन्छन्, कोही कलावादी हुन्छन्, रूप र शैलीमै मन्त्रमुग्ध हुन्छन्, तिनको ध्येय कला कलाको निम्ति भन्ने प्रष्ट हुन्छ तर समाजलाई अग्रगतिमा लैजान चाहने विकृति विसङ्गतिलाई हटाउँदै न्यायपूर्ण सुखी समाजको संरचनाका निम्ति जो कलम चलाउँछन्, साहित्य सृजना गर्दछन् तिनीहरू निश्चय नै प्रगतिशील हुन्। राजनीतिमा जस्तो अहिले पञ्चायत फर्काउन चाहनेहरू छन् राजा आऊ देश बचाऊ भन्छन्, यस्तै कुरा साहित्यमा अभिव्यक्त भयो भने त्यो अप्रगतिशील हुन्छ। साहित्य त दुबैथरि साहित्य नै हो तर साहित्य पनि हेर्नाको हुन्छ। प्रगति र परिवर्तनलाई छेक्न खोज्ने, अग्रगतिलाई रोक्न खोज्नेलाई प्रगतिशील साहित्य कसरी भन्ने ?

दायित्व/१

४. तपाईंले कुनै एउटा साहित्यिक कार्यक्रममा 'म अब धेरै बाँच्दिन यस्तो मलाई अनुभूति भैरहेको छ' भन्नुभएको थियो । यसबारे स्पष्ट पारिदिनु हुन्छ कि ?

→ मैले एउटा साहित्यिक कार्यक्रममा म अब धेरै दिन बाँच्दिन भनेकै हुँ । यता बीस/पच्चिस वर्षदेखि नै दमको रोगले पीडित छु । राम्रो औषधि उपचार हुन पाएकै छैन । कार्य व्यस्तता कडा छ । साहित्य, राजनीति, पत्रकारिता सबैतिर भ्याउनु पर्ने बाध्यता छ । सभा समारोहलाई समेत जोड्दा १८ घण्टा परिश्रम गर्छु । दमले च्यापेको बेलामा निराश हुनु स्वभाविक छ । नेपालका साहित्यकारहरूको के हविगत छ भनिरहनु पर्दैन । कुनै साहित्यकारलाई बिरामीपर्दा राज्यले ज्यान जोगाई दिएको इतिहास छैन । अहिले नगेन्द्रराज शर्मा हृदयघातको बिरामीले आक्रान्त भै ओछ्यानमा हुनुहुन्छ, उहाँलाई कसले जोगाउने ? साँच्चिनै भित्रैबाट मलाई यस्तो अनुभूति आएको हो ।

५. के साहित्यिक पत्रकारहरू मात्र मिलेर वितरण समस्या हलगर्न एउटा 'साहित्यिक पत्रिका वितरण प्रणाली' स्थापना गर्न सकिन्छ ? सकिन्छ भने त्यसको संरचना कसरी गर्नुपर्ला ?

→ यस्तो प्रणाली स्थापना गर्न सकिन्छ, साहित्यिक पत्रकार हरूको सहकारी संस्था निर्माण गरेर । यस्को संरचना भन्या सहकारी संस्थानै हो । यसमा सबभन्दा पहिले साहित्यिक पत्रकारहरूको सहमति जुटाउनु आवश्यक छ ।

६. हाम्रो नेपाली साहित्य जगत्मा 'गोजी साहित्यिक पत्रिका' को परिकल्पना गर्न सकिन्छ ? यदि सकिन्छ भने त्यो कति प्रभावकारी ठहरिएला ?

→ हाम्रो साहित्यिक पत्रकारितामा गोजी साहित्यिक पत्रिका एकदमै आवश्यक छ । यसको परिकल्पना र प्रयोग समेत निकै अगाडि नै भैसकेको हो तर यसको निरन्तरता भएन । गोजी साहित्यिक पत्रिका व्यापक पाठकसृजना गर्न अत्यन्त प्रभावकारी हुन्छ । बङ्गाली, तामिल, असमी र अन्य भाषामा समेत अनेक गोजी पत्रिका प्रकाशित छन् र पाठकहरू माझ ती त्यतिकै लोकप्रिय छन् ।

७. साहित्यको जीवन र जगत्सँग कस्तो सम्बन्ध हुनुपर्दछ ?

→ साहित्यको जीवनसँग अन्योन्याश्रित सम्बन्ध हुनुपर्छ, त्यसो भएन भने साहित्य निष्प्राण हुन्छ, निष्प्रयोजनीय हुन्छ ।

८. उपेक्षित अवस्थामा रहेको हालको नेपाली साहित्य के को आधारमा बाँची रहेको छ ?

→ राज्यसत्ताले साहित्यको निम्ति उल्लेखनीय केही गरेको देखिदैन । निजी क्षेत्रको लगानी र पाठकहरूको धेरथोर मायाले मात्र यो बाँचेको छ र धेरथोर उन्नत अवस्थातिर जाँदो छ ।

९. तपाई एउटा संघर्षशील साहित्यिक पत्रकार हुनुहुन्छ, त्यसैले हामीद्वारा सम्पादित पत्रिकाको बारेमा केही सल्लाह दिनुहुन्छ कि ?

→ दायित्व बेला बेला हेरेको छु, यसले एक दुई राम्रा कामको उदाहरण पेश गरिसकेको छ । प्रत्येक अङ्कको प्रस्तुति नयाँ विषयमा आधारित भयो भने त्यो पाठकका निम्ति आफै लोभलाग्दो हुन्छ अर्को पक्ष नियमितताको हो । नियमितता कायम गर्न सक्दा पत्रिका निस्किने समयमा पाठक आफैं उत्सुकतापूर्वक पत्रिकाको खोजिमा हिंड्छन् । साहित्यिक पत्रकारिताको क्षेत्र निकै कठिन छ । यसमा धैर्यता एकनिष्ठ लगनशीलता र समर्पण चाहिन्छ । यसमा लाग्नेहरूले पटक्कै आत्तिन हुँदैन । लेखकहरूसँग नङमासुको सम्बन्ध राख्नुपर्छ र अविचल योजनाबद्धरूपमा अगाडि बढ्नुपर्छ ।

१०. तपाईको जीवनको अत्यन्त महत्त्वपूर्ण क्षण कुन होला ? त्यस्तो कुनै खुसीको क्षण र दुःखको क्षण भए बताइदिनु हुन्छ कि ?

→ जनआन्दोलन सफल भएर जेलबाट बाहिर आउँदाको क्षणनै मेरो सुखद क्षण हो । आफू घरमा नभएको बेला आमाको मृत्युको समाचार सुन्दाको क्षण मेरो दुःखद क्षण हो ।

११. तपाईंले साहित्यिक एवं पत्रकारिता क्षेत्रमा लागेर आफूलाई कति सफल भएको ठान्नुहुन्छ ? तपाईंको सन्तुष्टि वा असन्तुष्टि ?

→ साहित्यिक पत्रकारिताको क्षेत्रमा मैले जे जति गरें त्यसमा मैले सफलता नै पाए जस्तो लाग्छ । यो अरूले मूल्याङ्कन गर्नुपर्ने कुरा हो, म आफै आफ्नो बारेमा के भनुँ ? तर म आफ्नो कामबाट सन्तुष्ट छु । भानुको महानन्द विशेषाङ्क निस्किए पछि (आउँदो असारसम्म) कसैलाई मेरो सन्तुष्टिप्रति शङ्का नरहला भन्ने विश्वास छ ।

प्रस्तुतिः रामप्रसाद पन्त

कविता

राष्ट्रज्ञान

❑ स्व. पं. सोमनाथ उपाध्याय घिमिरे 'व्यास'

(गताङ्कको क्रमशः)

राष्ट्रद्रव्यं राष्ट्रनाशे नियुञ्जाना महामदाः ।
अराष्ट्रिया राष्ट्रभुजो राष्ट्रं नार्हन्ति शासितुम् ॥
राष्ट्रको धन खर्चेर स्वार्थसिद्ध गराउने ।
अभिमानी छ जो नेता पदबाट हटाउने ॥२५॥

स्रष्टारो नियमानां ये नकार्यास्ते तु शासकाः ।
नभृत्यास्ते विधातव्या न च व्यापार कारिणः ॥
नेता नोकर व्यापारी निर्दयी जन त्यागनू ।
निर्माण नीति गर्दामा नियमी शुद्ध राखनू ॥२६॥

अराष्ट्रियान् राष्ट्रभुजो राष्ट्रिया नीतिकोविदाः ।
निःसारयेयुर्यत्नेन राष्ट्र कल्याणमीप्सवः ॥
राष्ट्रका राष्ट्रप्रेमीले राष्ट्रमा खतरा हुँदा ।
निकाली फालनु पर्छ अराष्ट्रिय जनप्रथा ॥२७॥

निर्धनोऽपिसुखं योयान्नूनं शासति राष्ट्रिये ।
शासत्य राष्ट्रिये सौख्यं लभते धनिकोऽपिन ॥
राष्ट्रप्रिय जहाँ नेता गरीब सुख पाउँछन् ।
अराष्ट्रिय जहाँ नेता धनी पनि हराउँछन् ॥२८॥

राष्ट्रिये शासतिवरम् तद् हालाहल भक्षणम् ॥
शासत्य राष्ट्रिये नाऽहं स्वर्गीयाऽमृत भोजनम् ॥
राष्ट्रिय राष्ट्रमा खानू विषै पनि भलो हुने ।
अराष्ट्रिय जहाँ नेता अमृतै पनि त्यागिने ॥२९॥

अराष्ट्रियं मानयन्ति स्वप्रभुं येल्प बुद्धयः ।
स्वप्नेप्त्युच्चारितं तेषां नाम पापाय जायते ॥
अराष्ट्रिय छ जो नेता मान्ने बुद्धि विहीन हुन् ।
स्वप्नमा पनि त्यस्ताको नाम पाप बढाउँछन् ॥३०॥

अस्वतन्त्रे वसन्तोऽपि राष्ट्रे गृह सुखार्थिनः
भवन्ति पण्डिता ये ते नूनं रौरव गामिनः ॥
स्वतन्त्रता जहाँ छैन त्यस्ताको सुख हो भने ।
पण्डितै होस् तथापि त्यो रौरवी नर्क भोगने ॥३१॥

अराष्ट्रियाः प्रयच्छन्ति वृत्तिं न इति मन्यते ।
ये स्वराष्ट्रे वर्तमाना मूढास्ते पण्डिता नहि ॥
अराष्ट्रिय वृत्ति खाई जो आफ्नो गर्छ गौरव ।
पण्डितै होस् तथापि त्यो दुःख पाउँछ रौरव ॥३२॥

वर्तन्ते तु स्वराष्ट्रे ये सेवन्ते चाप्य राष्ट्रियान् ।
तेषां दृष्ट्वा मुखे नूनं रौरवं नरकं व्रजेत् ॥
बसाइ राष्ट्र भित्रै छ परराष्ट्र रुचाउँछ ।
नहेर्नु मुख त्यस्ताको व्यर्थैमा पाप सार्दछ ॥३३॥

अराष्ट्रिय प्रार्थितं धिग् जीवनं जीवनं न तत् ।
आकार भेदमात्रान्तत् किन्तु विण्मूत्र भक्षणम् ॥
अराष्ट्रिय रुचाएर धिक्कार हुन्छ जीवन ।
अराष्ट्र वृत्ति विष्टा हो मूत्रहो त्याग सज्जन ॥३४॥

वरं प्राण परित्यागो निरन्ने निर्जलेस्थले ।
श्व वृत्त्या जीवनं नैव वरं राष्ट्र हितैषिणम् ।
भोकै आटव्य वनमा प्राण त्यागनु त्यो भलो ।
कुक्कुरैसरि को हुन्छ अराष्ट्रिय निवास को ॥३५॥

राष्ट्रियाणां मिथो युद्धं न तादृग् हानिकारकम् ।
अराष्ट्रिय सहायेन यथा राष्ट्रिय दण्डनम् ॥
अराष्ट्रिय सहाराले राष्ट्रको हित चाहने
मूर्ख हो वरु राष्ट्रैका जनता हातमा लिने ॥३६॥

मिथोयुद्धं राष्ट्रिया ये साहाय्यकमराष्ट्रियात् ।
वाञ्छन्ति तेऽचिरादेव राष्ट्रं घ्नन्ति कुबुद्धयः ॥
अराष्ट्रिय सहाराले आपसि युद्ध रोकने
चाहने मूर्ख हो उल्टै राष्ट्र घात गराउने ॥३७॥

अराष्ट्रियाप्राह्नियाका नकार्या जातु राष्ट्रियैः ।
तेषां राष्ट्रे निर्ममत्वाद् भवन्ति धन हारिणः ॥
जो छ राष्ट्रिय त्यै चुन्नु बुद्धिमान भए पनि ।
अराष्ट्रवादी जो लोभि धूर्त त्याग कसै पनि ॥३८॥

– समाप्त –

अन्तर्वार्ता

सँस्कृतिः एउटा गतिशील प्रक्रिया हो

❑ प्रा.डा. मुकुन्दराज अर्याल

त्रि.वि.वि. सँस्कृति विभागका प्रमुख डा. मुकुन्दराज अर्यालसँग दायित्वका सम्पादक सल्लाहकार ठाकुर शर्माले गर्नुभएको संक्षिप्त कुराकानी ।

प्र.नं.१. कला र सँस्कृतिको अन्तर सम्बन्ध के छ ? र, मानिसको जीवनमा यसले कस्तो प्रभाव पार्दछ ? यस सम्बन्धमा केही बताइ दिनुहुन्छ कि ?

उत्तरः तपाईंको प्रश्न छोटो भए पनि यसले धेरै कुरा सोधेको छ । कला सँस्कृतिको अन्तर सम्बन्धभन्दा सँस्कृति र कला भनेको भए अझ राम्रो हुन्थ्यो । सँस्कृतिअन्तर्गत नै कला पर्दछ । हरेक महाद्वीप, देश, जातिको आफ्नै सँस्कृति हुन्छ र आफ्नो सँस्कृति सबैलाई प्यारो हुन्छ । यससँग मानवको ठूलो भावनात्मक सम्बन्ध हुन्छ ।

कला सँस्कृति अन्तर्गत पर्ने हुनाले कुनै पनि समाजको कलाले त्यस समाजको प्रतिनिधित्व गरेको हुन्छ । कलाका पनि विभिन्न पक्ष हुन्छन्, जसमा ललितकलालाई मुख्य मानिन्छ । यस अन्तर्गत चित्रकला, मूर्तिकला, वास्तुकला, नृत्य, सङ्गीत र साहित्य पर्दछ । साहित्यमा यसले महाकाव्यदेखि लोककथा, उखान टुक्कासम्म समातेजस्तै हरेक कलाको विशाल क्षेत्र छ । जुनसुकैबाट त्यस समाजको सँस्कृति झल्कन्छ । प्राचीन ग्रीक साहित्यको महाकाव्य 'इलियड' र 'ओडेशी' ले तत्कालीन सँस्कृतिको झझल्को दिन्छन् भने भारतीय 'रामायण' र 'महाभारत' ले भारतको सँस्कृति दर्शाउँछन् । तसर्थ सँस्कृति र कला वा कला–सँस्कृति एक अर्काका पूरक हुन् । जहाँसम्म दोस्रो प्रश्न छ 'मानव जीवनमा यसले कस्तो प्रभाव पार्छ ? यसमा थोरै शब्दमा यतिमात्र भनौं 'सँस्कृतिले मानव बनाउँछ । सँस्कार गरिएको सामाजिक मान्यता प्राप्त सँस्कृति हो । यसको आफ्नै नियम र आदर्श हुन्छ, जसले गर्दा मानव मानव हुन्छ । हिमाल, राम्रो दृश्य, फक्रक्क फुलेको गुलाब र बगैंचाले त हामीलाई प्रभावित पार्छ भने आफ्नो सँस्कृति, कलाले अझ सूक्ष्म रूपमा हाम्रो सोचाइ र मानसिकतामा समेत प्रभाव पारिरहेको छ र परिरहन्छ पनि । सँस्कृति र कला कुनै पनि समाजको प्रतिबिम्ब हो ।

प्र.नं.२. भूमण्डलीकरण (Globalisation)को परिप्रेक्ष्यमा सम्पूर्ण विश्वले साघुँरिदै एक अर्काको सँस्कृति नक्कल गर्ने बढ्दो परम्परालाई दृष्टिगत गर्दै हाम्रो सँस्कृतिको संरक्षण गर्न के कस्तो व्यवस्था गर्न उपयुक्त ठान्नुहुन्छ ? हाम्रो सँस्कृतिलाई विश्वव्यापीकरणतिर लान सकिन्न र ? यदि सकिदैन भने किन ? सकिन्छ भने त्यसको लागि के कस्ता कदमहरू चाल्नु उपयुक्त हुन्छ ?

उत्तरः तपाईंको एक प्रश्नभित्र म चारवटा प्रश्न पाउँछु । तपाईंका चार प्रश्न मैले बुझेसम्म हुन्-

(क) हाम्रो सँस्कृतिको के कस्तो व्यवस्था गर्न उपयुक्त ठान्नु हुन्छ ?

(ख) हाम्रो सँस्कृतिलाई विश्वव्यापीकरणतिर लान सकिन्न र ?

(ग) सकिदैन भने किन सकिदैन ?

(घ) सकिन्छ भने कसरी ?

तपाईंको यस प्रश्न भित्र घुसेका उपरोक्त चारै प्रश्नको म अलग अलग जवाफ दिनुभन्दा पहिले एउटा कुरा के भन्न चाहन्छु भने सँस्कृति भनेको निरन्तर बदलिइरहने प्रक्रिया हो । सँस्कृति हरेक समयमा बदलिनु पर्दछ, यदि सँस्कृति बदलिएन भने त्यो सँस्कृति नाश हुन्छ । सँस्कृति बगिरहने नदी हो, बगिरहेको नदी कुहिदैन, फोहर जम्मा हुन पाउँदैन । तपाईं खोलाको किनारामा उँभिएर एउटा ढुङ्गा हान्नुहोस्, त्यसपछि अर्को ढुङ्गा फाल्नुहोस् । दोस्रो ढुङ्गा त्यो पानीमा पर्दैन, पहिलो हानेको ढुङ्गा जुन पानीमा लागेको हुन्छ त्यो त बगेर गइसक्यो । त्यसैमा तपाईं अर्को ढुङ्गा हान्न सक्नुहुन्न– सँस्कृति त्यस्तै बगिरहेको नदी जस्तै हुनुपर्छ । यसको उदाहरण दिऊँ – आजभन्दा ९० वर्ष पहिलेसम्म नेपालमा सती जाने सँस्कृति थियो त्यो आज असँस्कृति भइसक्यो । दासप्रथा, बालविवाह, नारीजातिलाई शिक्षाबाट वञ्चित हिजो (विगत) को सँस्कृतिले गरेको थियो तर आज स्थिति बदलियो । समाज र समायानुकूल सँस्कृति बदलिनु नै पर्दछ, नत्र अन्ततोगत्वा त्यो सँस्कृति नाशै हुन्छ ।

विज्ञानको उन्नतिले विश्व साघुँरिदै गएको छ । यसरी खुम्चदै गएको विश्वमा एक सँस्कृतिले अर्को सँस्कृतिलाई निश्चयनै प्रभाव पार्दछ । राम्रो नैतिकतापूर्ण सामाजिक

न्यायजस्ता सँस्कृति एकबाट अर्कोले लिनु नराम्रो त म देख्दिन तर आयातित सँस्कृतिले आक्रमण नै गरेर अर्को सँस्कृति बिगार्नु पनि हुन्न । अब आउँ-तपाईंको अन्य प्रश्नमा ।

(क) यदि हामीले हाम्रो सँस्कृति बचाउने हो भने भावी सन्ततिलाई आफ्नो सँस्कृति राम्रोसँग बुझाउनु पर्छ । बुझेपछि मात्र ऊ त्यसप्रति आकृष्ट हुन्छ र मानसिक रुपले भावनात्मक सम्बन्ध राख्न सक्षम हुन्छ । बुइदै नबुझेको सँस्कृतिमा मोह हुँदैन । तसर्थ म त सँस्कृतिको एक छात्र र शिक्षकको रूपमा हाम्रो सँस्कृतिलाई बुझाउने किसिमको पाठ्यक्रम हुनुपर्छ । कक्षा १ देखि उच्च शिक्षासम्म कुनै समयमा S.L.C. को Extra optional subject जस्तै सँस्कृति पढाउनेतर्फ जोड दिनुपर्छ र यस विषयमा समाजशास्त्री र शिक्षाविद्हरूले सोच्नेबेला भइसकेको छ भन्ने पक्षमा छु ।

(ख) हाम्रो सँस्कृतिलाई विश्वव्यापीकरणतिर लाने आवश्यकता नै के छ ? हाम्रो सँस्कृतिको राम्रो पक्षलाई सबैले लिएकै छन् । दुराग्रही बनी आफ्नो सँस्कृति राम्रो छ भन्दै विश्वमै लान सम्भव छैन । राम्रो पक्षको प्रचार, प्रकाश गराए त्यो राम्रो पक्ष जसरी हामीले अर्काको सँस्कृतिको लिएका छौं त्यसैगरी अन्यले पनि हाम्रो सँस्कृतिको असल पक्ष आफै लिनेछन् । ग र घ को जबाफ मेरो विचारमा क र ख मै परिसकेजस्तो लाग्छ ।

प्र.नं.३. मानिसहरू दिन प्रतिदिन आफ्नो धर्म, कलाकौशललाई बिर्सिएर भौतिक सुविधातर्फ बढी उन्मुख हुँदै गएको देखिन्छ । ती धरोहरको संरक्षण, सम्बर्द्धन गरेर पनि आधुनिकताको बाटोतिर लम्कन सकिंदैन र ?

उत्तर: कृपया मेरो उत्तरलाई नकारात्मक रूपमा नलिनु होला ! तर नेपाली उखान छ – चीची पनि पापा पनि पाईंदैन । यसैलाई अंग्रेजीमा One can not have a cake and eat it भनिन्छ । एकातिर हामी नयाँ सहस्राब्दी (२१ औं शताब्दी)मा अघि बढ्दै नयाँ आधुनिकतामा टेक्न चाहन्छौं । अर्कोतिर आफ्नो प्राचीन सँस्कृतिको रक्षा गर्न पनि कठिन छ तर असम्भव छैन । आधुनिकतातिर लम्कने भन्दैमा धर्म, कलाकौशललाई बिर्सिएर भन्ने कुरा म मान्दिनँ । हाम्रो समाजले आफ्नो धर्म, कलाकौशल बिर्सेको पनि छैन, बिर्सँदैन पनि । हामी आफैले कतिसम्म कुन हदसम्ममा सम्झौता गर्ने भनेर तोक्ने मात्रै हो । एउटा लक्ष्मणरेखा कोरेर हामी आफैले आफ्नो साँस्कृतिक धरोहर को संरक्षण गर्दै आधुनिकतातिर लम्कनु नै आजको माग र आवश्यकता हो ।

प्र.नं.४. एकातिर धर्मले सबै जाति समान हो भन्छ अर्कोतिर समाजबाट छुवाछुत हटेको देखिंदैन किन ? हाम्रो धर्मको धारणा एवं कार्यान्वयनमा फरक किन देखिन्छ ? यस विषयमा के भन्न चाहनुहुन्छ ?

उत्तर: कुनै कुरा पनि एकै रातमा तुरुन्त बदलिंदैन- यस्ता कुराहरू बदलिन समय लाग्छ । मैले आफैले धरहरा क्षेत्रको 'माइला' को होटेलमा २००७/०८ सालतिर लसुन प्याज नहालेको आलुको चप खान्थें, त्यो पनि सालको पातमा । अछुत (त्यस बखतको भनाइमा) ०४ पैसा कप चिया खाँदा माटोको कुरुवामा खान्थें । चिया पिइसकेपछि फोरिन्थ्यो । म ब्राह्मण भएकोले गीलासमा खान पाउँथें । त्यो भन्दा अगाडि भातभान्छाको चलन थियो । हरेक ब्राह्मणले ६ पैसा धर्माधिकार वडागुरुजुको भाग बुझाइ सर्वचान्द्रायण प्रायश्चितको रसिद लिनु पर्दथ्यो । नयाँ मुलुकी ऐनले जातपात फुकाएपछि धेरै सुधार भएको छ । छुवाछुत हराउँदै गएका छन् । २००० वर्ष लामो समयदेखि विश्वास गर्दै आएको चलन नाश हुन केही समय लाग्छ नै । निश्चिन्त हुनुस् अबको ५० वर्षभित्रै ती सबै इतिहासका कुरा हुनेछन् । त्यो दिन अवश्य आउने छ । क्रमशः भइरहेको सुधारबाट म सन्तुष्ट छु । यो सामाजिक कुरीति अवश्य हट्ने छ । जहाँसम्म धर्मको धारणा र कार्यान्वयनको कुरा गर्नुहुन्छ यो कुरीति हाम्रो धर्मको शुरुमा थिएन । पछि पसेको हो त्यसैले धारणा र कार्यान्वयनमा (हाम्रो धर्ममा) म फरक देख्दिनँ । बीचमा पसेको यो कुरीति अवश्य नै नाश हुन्छ ।

प्र.नं.५. पौर्वत्य सँस्कृतितर्फ विश्वको चासो छ वा छैन, छ भने भविष्य कस्तो देख्नुहुन्छ ?

उत्तर: वैज्ञानिक उन्नतिको पराकाष्ठा र भौतिकवादबाट अघाएको पाश्चात्य जगतले पौर्वत्य सँस्कृतितर्फ उन्मुख भएको आज शताब्दी बितिसक्यो । म्याक्समूलरले मेरो अर्को जन्म कुनै हिन्दू वेदाध्यापकको घरमा होस् भनेको भनाइलाई तपाईं के भन्नुहुन्छ ? आज हिन्दू, बौद्ध र तिवेतन बौद्धधर्ममा पाश्चात्य जगत्बाट जति अनुसन्धान र प्रकाशन भएका छन् त्यसको आधार पनि पूर्वी जगत्ले गर्न सकेको छैन । रजनीश, साईंबाबा, महेशयोगीको विचारबाट आज विश्वका लाखौंलाख प्रभावित छन् । हाम्रा ग्रन्थहरूको बढी अनुसन्धान त्यतैबाट हुँदैछ भने त्यहाँका पनि शिक्षित वर्गले यसलाई रुचाएका छन् । England मा High School सम्म सँस्कृति पढ्न दिइन्छ र रुचिअनुसार त्यहाँ धेरै पढ्न अनुसन्धान गर्न पाइन्छ । यो त रूख रोपाइ हो, बढ्छ, झ्याङ्गिन्छ, त्यसकारण यसको भविष्य राम्रो देखिन्छ ।

- - -

निबन्ध

पुराना जीर्ण पात नझरी नयाँ पालुवा लाग्दैन

❑ फणीन्द्रराज खेताला

१. एक दिन, सायद मंसिरको अन्त्य थियो । जाडो तरुणतातिरलम्कँदै थियो । विहानको समय, २०४३ साल मेरी बयासी वर्षको उमेर भएकी आमा घाममा बसेर पाठ गर्दै हुनुहुन्थ्यो । म कतै पुगेर फर्कदै थिएँ, किन किन आमाकहाँ जान मन लाग्यो, माइलो भाइको घर को पूर्वतिरको पेटीमा आमा कुशासन ओछ्याई बस्नु भएको थियो । मलाई देखेपछि सान गरेर बस्न भन्नु भो । आमाको दर्शन गरें र म पेटीको छेउमा बसें । आमाले पाठ सक्नु भो 'राम गीता'को । अनि मतिर फर्किएर प्रश्न गर्नु भो – 'कता पुगेर आइस् ?' 'सानो काममा बाहिर गएको थिएँ, आमाको दर्शन गर्न पसेको । ठीक गरिस् म तलाई भेट्न खोज्दै थिएँ ।' 'किन र आमा ?' 'किन भनुँ ? पाँच दाजुभाइमा सबभन्दा धेरै सन्तान तेरै छन् । छोरी मात्रै चार छन्, सबै बिहे गर्ने बेला भैसके । बिहे गर्नु पर्दैन ? सम्झी त, तँलाई कहाली लाग्दैन ?' 'कहाली लागे पनि के गर्ने ? भनेजस्तो घर-वर पाउनु पर्‍यो । साना छैनन्, आफ्नो राम्रो नराम्रो सबै बुझ्ने भए । खोज्दै छु । एक दुई ठाउँमा कुरा चलेको छ । यो वर्ष फागुनसम्ममा अवश्य नै एउटीको टुङ्गो लाग्ने छ ।' 'ठीक छ, हेर हरेक जाडोको अन्त्य शिशिरबाट सकिन्छ, यतिबेला सुकेका पुराना पात झर्छन् । पुराना जीर्ण पात नझरी नयाँ पालुवा पलाउँदैन । म पनि पुरानो जीर्ण पातजस्तै हुँ । कुन दिन झर्छु थाहा छैन । नातिनीहरूको विहे हेर्ने र गोडा धुने रहर छ मनमा । थाहा छ तँलाई, म कति वर्षकी भए ? कुनै दिन सोधेको छस् मेरो उमेर ? म बयासी वर्षकी भएँ । अब झर्ने बेला भएन र ?'

२. मैले यो माथिको भनाइ – आमाको भनाइलाई -गीताको त्यो श्लोकको धेरै नजीक पाएँ – यद्यपि मेरी आमा सँस्कृतको ज्ञाता हुनुहुन्थेन, उहाँको साधारण गृहव्यवहारका लागि चाहिने खालको शिक्षा थियो, अर्थात् उहाँमा साधारण भाषा ज्ञान थियो ।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णानि नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥

कोमल गीतानुवाद –

लुगा पुराना जसरी त्यजेर नयाँ लुगा मानिस लिन्छ फेर ।
त्यस्तै बुढा देहहरू त्यजेर यो जीवले लिन्छ नयाँ शरीर ॥

(गीता अध्याय २/२२)

हुन पनि त्यसै वर्षको फागुन २६ गते बिहान सूर्योदयसँगै त्यो बूढो जीर्ण पात नयाँ पालुवालाई स्थान दिन झर्‍यो झण्डै तीन महिना पछि । यो भविष्य सङ्केत थियो वा आयुको भविष्यवाणी मैले आजसम्म बुझ्न सकेको छैन । शिशिरको अन्त्यतिर त्यो पात झर्‍यो जब कि वसन्तले आफ्नो आगमनको सूचना दिन ढोका घच्घच्याइरहेको थियो । किनभने उसलाई नयाँ पालुवालाई जन्म दिनु थियो । बसन्तोत्सव (फागु) चलिरहेकै बेला अर्थात् फागुन शुक्लदशमीको दिन तीन महिना अघि मलाई आफ्नो महाप्रयाणको सङ्केत दिने आमाले आफ्नो नश्वर देह त्याग गर्नु भएको थियो ।

३. मानिसको जीवनमा कति यस्ता घटना घट्छन् । त्यसलाई संयोग मान्न वा भन्न सकिन्छ । कसले भन्न सक्छ कैले के हुन्छ ! जन्म-मृत्यु, वा आउनु-जानु एक प्राकृतिक नियम हो । कोही लामो आयु बाँच्छन् भने कोही जन्मने वित्तिकै मर्छन् । अस्ति केही दिन अघि मात्र एक जापानी महिलाले आफ्नो लामो आयु पार गरी मृत्युवरण गरेको खबर पढ्न र सुन्न पाइयो । केवल दुई वर्ष अघि मात्र हाम्रै नेपालको सुनसरी जिल्लाको एक गाउँका एकसय एकचालिस वर्षका वीरनारायण चौधरीले आफ्नो चोला फेरे । उनलाई मैले टेलिभिजनको एक कार्यक्रममा देखेको थिएँ । हाम्रो सँस्कृतिमा 'चिरञ्जीवी भए वा बीसाशय

आयुहोस्' भनी आर्शीवाद दिने चलन छ आफ्ना अग्रजहरूले । तर मृत्युले भने पुराना पात मात्र होइन नयाँ पातलाई पनि कुनैबेला हुरी बतासले झार्ने गर्छ । हुरी-बतास-यो पनि गजबकै प्राकृतिक नियम हो, सायद सन्तुलन ठीक राख्ने प्रकृया होला । खडेरी, सुख्खा, वर्षा, बाढी, हिमपात, भुइँचालो आदि यी सबै एकप्रकारका प्राकृतिक महामारी हुन् । यिनको प्रकोपले धेरै धनजन प्राकृतिक साधन, मानव निर्मित साँस्कृतिक धरोहर आदिको विनाश हुन्छ भने कतै नयाँ सिर्जना पनि हुन्छ होला । कुनैबेला सिद्धान्त भन्ने नामको आडमा चल्ने राजनैतिक भाँडभैलोले कुनै कुनैबेला जबर्जस्ति ल्याउन खोज्ने परिवर्तनले पनि समाजको रूपमा नयाँपन ल्याउन सक्छ, तर त्यो त्यति दीगो भने हुँदैन । कारण के भने, आफूलाई अमुकवादको हिमायती भनी चिनाउन खोज्ने व्यक्तिले समाजलाई हाँक्न खोज्दा त्यसभित्र जब व्यक्ति-व्यक्तिमा पक्ष र विपक्षको भावना पैदा हुन्छ त्यसबेला संघर्षको सूत्रपात हुन्छ । त्यसैले शान्तिमा खलबलि आउँछ र रस्साकसी (Tug of war) शुरु हुन्छ । यो नै कुनै पनि मुलुकमा आउन सक्ने परिवर्तन र नेतृत्व विकासको कारण हो । तर जब जब शक्तिको संघर्ष हुन्छ त्यतिबेला कैलेकाहिं विकासक्रम अबरुद्ध हुन्छ, अनि युवाशक्ति रानी विहीन मौरी जस्तै नयाँ रानीको खोजीमा यत्रतत्र भौंतारिन थाल्छ । दिशाहीन गन्तव्यहीन, लक्ष्य र योजना विहीन त्यो बेलाको समाजलाई कसले सँभाल्ने ? युवाशक्ति नै अग्रसर हुनुपर्छ किनभने जोश जाँगर र बलका धनी फक्रँदै नयाँ पात बन्ने तरखरमा लागेका तिनको सही बाटो लिनसके भने के हुँदैन र ?

४. यस्तै यस्तै धेरै कुरा आजकाल मेरो मनमा खेल्न आउँछन् । सोच्न थाल्छु आजको संसार विज्ञान र प्रविधिले धनी छ । यातायात र संचारको माध्यमले दूरी र अपठचारोलाई हटाइ दिएको छ । यसै प्रसङ्गमा मलाई एकपटकको मेरो छोटो तर धेरै समय लिएको यात्राको प्रसङ्गको सम्झना भयो । कुरो दुई हजार साल असार महिनातिरको । त्यसबेला म कुनै खास पेशामा संलग्न थिइनँ, तर बिहान र बेलुकी गरेर चार-पाँच ठाउँमा पढाउने गर्थें । जसबाट आफ्नो दैनिक खर्च (निजी खर्च अर्थात् दाल-भातको होइन) चल्थ्यो । दिनभर फुर्सतमा रहन्थें । भर्खर बर्सातसुरु भएको थियो, सायद असारको सात या आठ गतेतिरको कुरो होला– बीरगञ्जबाट पिताजीको फोन आयो 'भोलि एघार बजे कुरा गर्न आउनु' भनेर । त्यो बेल फोनगर्न त्रिपुरेश्वर पुग्नु पर्थ्यो । भनिएको समय भन्दा केही पहिले पुगेर पर्खिरहें । नाम बोलाइयो । करीव तीन मिनेट कुरा भयो – मलाई 'बीरगञ्ज आउनु' भन्नुभयो । कारण थाहा थिएन । फर्कंदा ठानामा गएर राहदानी लेखाएँ । त्यहीं एउटा साथी बहिदार थियो उसैलाई भनेर त्यहींका एकजना सुब्बाको जमानी छाप लाग्यो । अनि ठानाको छाप लगाई एउटा भरिया खोजी घर पुगें । आमालाई सबै कुरा बताई भोलिपल्ट बिहान पन्ध्र रुपियाँ खल्तीमा राखी हिडें । उकाली, ओराली, लहरी र रेल गरी तीन दिनको दिन साँझ बीरगञ्ज पुगें । आज त तीन दिनमा काठमाडौंबाट फ्रान्स, बेलायत आदि हुँदै अमेरिका पुगिन्छ भने अमेरिकाबाट सोझै घरमै बसी कुरा गर्न सकिन्छ । त्रिपुरेश्वर पुग्नु पर्दैन । युवा तन्नेरी मात्र होइन, किशोर वयको अरविन तिमल्सिनाको सगरमाथाचढ्ने प्रयास, पेम्बा शेर्पाको प्रयास, चार-पाँच सेर्पा महिलाहरूको आँट र साहस साक्षी छ कि आज पनि नेपाली किशोर, महिला एवं युवकहरूमा उनीहरूको जाँगर मरेको छैन । इमान-जमान र सीप जागर एवं कठिनाइसँग भिड्न सक्ने जुझारु व्यक्तित्वका धनी यी नयाँ पालुवालाई पुराना पातले ठाउँ छोडिदिनु पर्छ, ओगट्ने होइन । बाढी बन्ने तरखरमा लागेको खोलालाई थुन्ने होइन बग्न दिनुपर्छ, बरु त्यसबाट कति सामुहिक फाइदा लिन सकिन्छ त्यतातिर ध्यान दिनुपर्छ । यो समयको आह्वान हो ।

५. मैले माथि धेरै कुराको चर्चा गरें । मेरी वृद्ध माताको सन्देशबाट शुरु गरेको मेरो यो गन्थन अब म यसरी टुङ्गो लगाउँछु । नशा धेरै प्रकारका हुन्छन् । नशा शब्द नै यस्तो आकर्षक छ जसले मानिसलाई मात लागेर मदमस्त तुल्याइदिन्छ । त्यतिबेला उसमा आफू के गर्दै

छु र यसको परिणाम कस्तो होला भन्ने चेत समेत रहँदैन । रक्स्याहा वा जँड्याहा, भँगडी, गँजेडी, जुवाडे, रण्डीवाज, यिनको कुरा छोडौं । सहस्रतिरबाट जसरी भए पनि धन जम्मा गर्ने आजका धनाढ्य, नव-धनाढ्य गगनचुम्बी महल खडा गर्नेको कुरा पनि एकातिर पन्छाऊँ । 'मेरो गोरुको बाह्रै टक्का' भनी आफू र आफ्नै सिद्धान्त ठीक भन्ने सत्ताको नशामा बहुलाएका राजनीतिका, समाजसेवाका, धर्मका तथा कथित ठेकेदारको नशाले आज जुन भाँडभैलो र अशान्ति चम्किएको छ त्यसको असरले देशको भविष्य कता जाने हो भन्ने चिन्ता व्याप्त छ । सत्ता र कुर्सीको मोहमा आफ्ना पराइ बन्दैछन् । त्यसले समाज बाँडिएको छ । छात्र, किसान, युवक, कर्मचारी, शिक्षक सबै विभिन्न राजनैतिक खेमामा विभाजित छन् । शिक्षानीति खेलबाड बनेको छ । यो सबै के हो भने हामीलाई आफू र आफ्नो आत्मवलमा विश्वास छैन । त्यसैले बूढा पातले रुख ओगट्न छाडी कर्मयोद्धा युवालाई सही स्रोतमा, सही बाटोमा लाग्ने प्रेरणा दिनुपर्‍यो ।

- - -

२०५७ साल
नयाँ वर्षको
सुखद् उपलक्ष्यमा समस्त ग्राहकवर्ग
तथा शुभेच्छुकहरूमा उत्तरोत्तर
प्रगति, सुख, शान्ति, एवं समृद्धिको
लागि हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड
NabilBank
Nepal Arab Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O. Box: 3729, Kathmandu, Nepal.
Tel. : 429546-47, Fax : 00977-1-429548, Telex: 2431 NABIL H NP,
e-mail: nabil@nabil.com.np
Web Page:http://www.travel.nepal-com/nabilbank

कविता

उमेर पाक्दा

❑ विष्णुप्रसाद धिताल

बिते बर्षा धेरै अब कति छ बाँच्ने र रहर !
कतै वासन्तीको स्मृति पटलमा छैन प्रहर ;
विपन्नावस्थाका दिन गहनका संस्मरणमा
भयो जे भो त्यै हो अब परमधामी पहलमा । १

पर्‍यो सुर्ता कस्तो अब हुनु छ बेला कटनिको,
भरे पारी तर्ने कति छ त उता वैतरणिको;
न भो धर्मात्माको गुन-सगुन जम्मा धरतिमा,
गए खाली झोला कसंसित हुने के छ नभमा ! २

कसैको नोक्सानी नभइ गरियो जे जति यहाँ
कतै केही सानो जस नमिलि गो'जीवन यहाँ,
'नहोला सोझाको शुभ गति' सतीका वचनको
परें फेला; जो हो विधिसित हुने त्यै भइ गयो । ३

कतै भ्रष्टाचारी सुलभ धन गाँजेर सहज
यसै आनन्दी छन्, कति त हुन पुग्छन् सलिलज;
यसै यस्तै होला खटन विधिको भूग्रहबिच,
न वा होला केही उस जनमको बाँकि बचत । ४

न मैंले आर्जेथें, न त बचत थे' क्यै परसरी,
म नाङ्गै आएँथें स्वकृतफल भोग्ने सुर गरी,
विते आफ्नो चोला सुगमसित जे हुन्छ नभमा–
लिने होला जिम्मा परम विधिले कर्मफलमा । ५

कसैले गर्ला क्यै भनिकन न आशा त अब छ,
गरुँ, बेला गैगो, न त जय सिवा क्यै रहल छ –
भवानीको यज्ञ शिवहरिहरूको भजन छ ;
बस्यो, खायो, बाँकी दिन जति कुर्‍यो - यै चलन छ । ६

संक्षिप्त जीवनी

अन्तर्राष्ट्रिय वृद्धवर्ष १९९९ को सन्दर्भमा प्रकाशित विशिष्ट साहित्यकार विशेषाङ्कमा ७० वर्ष माथिका साहित्यकारहरूको आत्मसंस्मरण प्रकाशित गर्ने क्रममा पछि प्राप्त हुन आएका थप दुई साहित्यकारहरूको संक्षिप्त जीवनी – प्र. सम्पादक

नाम, थर, बतन : इन्द्रमानपति बज्राचार्य, नेपालगञ्ज-१७

उपनाम : इन्द्रमणि 'मानव'

बालक कालको नाम: चिनिया, ठूलबाबु

जन्म मिति: १९७४/३/३१

जन्मस्थल : नेपालगञ्ज, गगनगञ्ज - ८

बाबुको नाम : स्व. हर्षमानपति बज्राचार्य

आमाको नाम : अतिमाया बज्राचार्य

शिक्षा (अध्ययन संस्था समेत) : प्रवेशिका साहित्य संस्थान-देवघर, बिहार, भारत

पारीवारिक स्थिति : श्रीमती, छोरा १, छोरी ३, नाति १, नातिनी ३

साहित्यमा लाग्ने प्रेरणा : २००२ मा बनारसबाट प्रकाशित हुने नेपाली मासिक 'उदय'बाट

साहित्यारम्भ : अग्रज साहित्यकारहरूको संसर्ग

कृति संख्या: १. अभिशप्त जीवन (कथासङ्ग्रह), २. कविता सङ्ग्रह (प्रेसमा छापिईरहेको)

मुख्य विधा : कविता र कथा

पुरस्कार/सम्मान : तीर्थमान श्रेष्ठ स्मृति पुरस्कार (नेपालगञ्ज), सारस्वत पुरस्कार (महेन्द्र पुस्तकालय नेपालञ्ज), मयूर पुरस्कार (रेयुकाई नेपालगञ्ज)

साहित्य सम्बन्धी विचार र धारणा : साहित्यको प्रचार प्रसारमा निजी क्षेत्रलाई छाडी प्रशासन तथा गैर प्रशासनिक संघ संस्थाबाट प्रेरणा र प्रोत्साहन तथा आर्थिक सहयोग र अक्षयकोष खडा गरी टेवा पुऱ्याई दिनु पर्दछ । तब मात्र साहित्यकारहरू उत्साहित भएर साहित्यको प्रचार प्रसारमा र लेखन सृजनमा अघि बढ्नेछन् ।

— — —

नाम: गोकुलप्रसाद शर्मा

जन्ममिति: जुलाई १ तारिख, सन् १९३२ ई. ।

स्थायी ठेगाना: कालधारा, वडा १७, काठमाण्डू - ३

शिक्षा: भारतको प्रयाग (इलाहवाद) बाट हिन्दी साहित्यमा उच्च शिक्षा प्राप्त ।

थप अनुभव: हिन्दी भाषाको विशेष अध्येता ।

सेवाकाल: सिराहा अमिनीमा नायब राइटर । नेपाल राष्ट्र बैंक कार्यालयमा २०१३ साल फाल्गुन १३ गते 'सहायक' पदमा शुरु नियुक्ति । सम्वत् २०३२ सालसम्म अविच्छिन्न सेवा अर्पित । प्रकाशन शाखामा धेरै वर्ष कार्यरत । अधिकृत पदबाट सेवामुक्त ।

कृति: नेपाली, अँग्रेजी र हिन्दीमा ५० पुस्तकहरू प्रकाशित – अधिकांश पाठ्यपुस्तक र सन्दर्भ पुस्तकहरू ।

सम्प्रति: आ-आफ्ना क्षेत्रमा विशिष्ट योगदान दिएका रचनाकारहरू, विद्यावारिधि उपाधिधारक एवं बोर्डिङ्ग स्कूलका प्रधानाचार्य लिखित विद्यालय र क्याम्पसस्तरीय पुस्तकहरूमा आवश्यक संशोधन र परिमार्जन गरी तिनलाई प्रकाशनयोग्य तुल्याउने काममा संलग्न भए अनुसार हालसम्म त्यस्ता ५०/६० पुस्तकहरू प्रकाशित । स्वरचित्र १५ पाण्डुलिपिहरू प्रकाशनका लागि प्रतीक्षारत ।

अन्य: प्रष्ट रूपमा देखापर्न नरुचाउने । गत चालीस वर्षदेखि साहित्य-साधनामा संलग्न ।

— — —

निबन्ध

सच्चा प्रेम कल्पवृक्षको बीज समान हो

❑ हर्षनाथ भट्टराई

कहाँ कहाँ, तर कहाँ, आखिर कहाँ हराउँदै, विलाउँदै गइरहेछ यो सरल-सहज प्रेम, जुन अहिलेसम्म युवक-युवती, स्त्री-पुरुष अनि पति-पत्नीको सम्बन्धको पर्याय थियो, आधार थियो र एकले अर्काका प्रति अत्यधिक आस्थाको जन्म जन्मान्तर न छुट्ने साथको जसमा मनमुटाबको स्थिति यी सबै मिलेर पनि नाघ्न नसकिने पहाड बन्दैनथ्यो ।

तिनको शयनासन सादा समान्य हुन्थ्यो, जीवनमा आवश्यक कम हुन्थ्यो र स्त्री-पुरुषका बीचमा कार्य र श्रमको विभाजन भए पनि दाम्पत्य जीवनमा सरलता र समानता थियो । विवाह एक अनुष्ठान थियो, जसको निर्वाह दुवै आफ्नो पूरा आस्थाका साथ गर्थे । दुवैका आफ्ना दायित्व थिए अनि ती त्यसैमा आफ्नो जीवन हाँसी-खुशी विताइदिन्थे ।

पारिवारिक संरचना पनि दिग-देश-काल अनुसार फरक थियो । संयुक्त परिवारको नाताले घरका बडो-बूढो एकै ओतको मुनि रहन्थ्यो । कदाचित् पति-पत्नीको बीचमा वैमनस्य भएमा तिनका बीचमा समस्या सुल्झाउँथे । अड्डा-अदालतको ढोका च्याउनुपर्ने हालत हुँदैनथ्यो । परिवारमा कुनै एकमाथि आपत् परिआयो भने सबै मिलेर त्यसलाई बाँडेर सुल्झाउँथे । यसबाट परिवारमा व्यक्तिगत वैमनस्यले स्थान पाउँदैनथ्यो । विवाह पनि प्राय: घरमा मान्य बूढोको सल्लाहबाटै तय हुन्थ्यो । अत: दाम्पत्य सूत्रमा बाँधिएका पति-पत्नीको एक अर्काप्रतिको अपेक्षा पनि कम हुन्थ्यो । हुनपनि तिनको सामान्य जीवन सीधासाधाले भरिएको हुन्थ्यो, जसले जे पाउँथ्यो आफ्नो शक्ति अनुसार जति प्राप्त हुन्थ्यो त्यसैमा खुशी रहन्थ्यो ।

पतिपत्नी प्राय: एक अर्काको अनुकूल बन्थे । जस्तै एकै साँचीका दुई हिस्सा देखिए जस्ता भए पनि तिनमा मान-अभिमान र आफ्नो पनको आड कहिल्यै अगाडि आउन वा खडा हुन दिँदैनथे, अनि दाम्पत्य सम्बन्धको मार्मिक कोमल तारबाट लययुक्त झङ्कार भएर जीवनको मधुर सङ्गीतमय सागरमा विचरण गरिरहन्थे ।

तर समयको गतिशील प्रवाहमा अब आमूलचूल परिवर्तन भइसकेको छ । समाजमा ढाँचा, चालामाला, नियम-कानून, मूल्य र मान्यताहरू पत्करझैं यताउता तितर-वितर भएर फेरि जरैदेखि निर्माण भएका हुन् । यसको असर हाम्रो जीवनको हरेक स्थितिमा वा मोडमा परेकोछ ।

शहरी जीवनमा आज भाँति-भाँतिका विकृतिहरूले आफ्नो पञ्जा फैलाइरहेका छन् । जीवनका जटिलता बढिरहेका छन्, सामाजिक मूल्यको ह्रास हुँदै गएको छ । यसबाट हडबडाएका सामान्य जनसमूह लक्ष्यहीन भएर अनियन्त्रित चालले दौडिरहेका छन् । जस्तै मानौं ऊ यो दौडमा आफ्नो निमित्त कति सुख-सुविस्ता हात पार्न सक्छ । तर ऊ यो कदापि जान्न सक्तैन, त्यो हो - यो सुख मृगतृष्णा समान छ भन्ने वा क्षितिज समान, जुन कहिल्यै पाउन सकिँदैन । उसको यो प्यासले उसका व्यक्तिगत र दाम्पत्य जीवनमा अत्यन्त गम्भीर वैमनस्यका बीजहरू रोपिरहेका छन् ।

यसबाट तिनका भावनाहरू, तिनको प्रेम प्रवाहमा हररोज बेमौकाको मृत्युले जकडिरहेको हुन्छ । पति-पत्नीको बीचमा पारस्परिक सम्वाद केवल जीवनको औपचारिकताको घेरामा मात्र सीमित रहेको छ । दुबैमा एकले अर्काको मनको कुरा बुझ्न सके, तिनको मनमा उठेका आशा र निराशाहरूलाई जान्नबुझ्न सके, आ-आफ्ना दु:खदर्द बाँड्न सके यतिसम्म कि तिनमा यस्ता विषय-वस्तुमा गढेर विचार गर्ने, जान्ने फुर्सत हुँदै हुँदैन । प्रेमपूर्ण वार्तालाप, परस्परको मित्रालाप तिनका मानसिक पीडामा लाभदायक रसायन वा दिव्योषध अर्को कुनै छैन, यस्ता कुरा आजकाल सर्वथा शून्य प्राय: हुँदै गएका छन् ।

यस्ता प्रक्रियाबाट दाम्पत्य जीवनमा नचाहेको चीसोपनले जकडिरहेको छ । सम्बन्ध केवल एक देखौटा

मात्र भएको छ, खालि यतिका लागि दुई प्राणी बाँचेका हुन्छन् - जहाँ दुई असम्बन्धको जस्तै वा ऐंजेरु निस्के जस्तै ।

कसैका निमित्त आदर्श व्यवहार ज्यादा प्यारो छ, भने कसैको निमित्त जीवनमा इच्छा, आकांक्षाहरू । यी सबथोक हाम्रा व्यक्तित्वमा निर्भर गर्दछन् त्यो व्यक्तित्व, जो जीवनका शुरुमा एक आकार लिन्छ, घर-परिवारको संस्कारमा पालिन्छ र त्यही परिस्थितिमा रङ्गिन्छ ।

अत: दुई अलग-अलग घर-परिवारमा हुर्केर बढेका स्त्री-पुरुष दाम्पत्य रूपमा बदलिन्छन् भने तिनका बीचमा अलग-अलग जीवनको धारणा सम्बन्धमा गहिरो ढङ्गले उथल-पुथल मच्चाइदिन्छ । जीवन मूल्यमा पारस्परिक तालमेल कायम गर्न सक्नु प्राय: असम्भव सावित हुन्छ ।

यही कुरा सामान्य जिन्दगीका हरक्षेत्रमा लागू हुन्छ । रहनसहनका रङ्गढङ्ग, घर गृहस्थी चलाउने विधि, बालकहरूलाई कसरी लालन-पालन र हुर्काउनु पर्दछ, यसको निर्णय यस्ता अनगिन्ती साना-ठूला मुद्दामा जब पति-पत्नी विश्वास गर्दैनन् वा तिनमा सहनशीलता हुँदैन भने तिनको परस्परमा खटपट शुरु हुन्छ । यो खटपट पनि आफू-आफूको कुराकानीबाट सुल्झिन सक्छ, तापनि दुबै त्यसका निमित्त राजी हुन्छन् भने । तर अक्सर यसमा मान-अभिमानको बार खडा हुन सक्छ, जसको भित्रपट्टि रिक्त सम्बन्धको व्यवहार गुञ्जिन्छ । बेला अनुसार उब्जेको स्त्रीको नयाँ स्वतन्त्र रूप पनि दाम्पत्य समस्याको कारण बनिरहेको छ । पहिले स्त्रीले आफ्नो संसार, आफ्नो घर-परिवारसम्म मात्र सीमित गरेर राख्थे । पतिको इच्छा नै उसको इच्छा र पतिको सुख नै उसको सुख हुन्थ्यो, तैपनि ऊ त्यसैमा खुशी थिई । तर अब यिनीहरू त्यस्ता पुराना नेलबाट मुक्त हुँदै गए । अब उनीहरू चाहन्छन् जीवन आफ्नै ढंगले जीउन पाउनु पर्दछ, दाम्पत्यमा रहेर पनि उसको आफ्नो अलग महत्व बनी रहोस् । उनीहरूमा आएको यो परिवर्तन साँच्चै नै सुखद हो, तर आजसम्म चलेर आएको पुरुष-प्रधान समाजमा रङ्गिएको पुरुषको आत्माले यसलाई नयाँ रूपमा स्वीकार गर्न सहज होला जस्तो लाग्दैन तर हरेक क्रान्तिको परिवर्तन पीडादायक हुन्छ । यसपछि एक नयाँ शुभदायी उषाले जन्म लिन्छ । दाम्पत्य जीवनमा यो परिवर्तनबाट कहिले नयाँ बिहानी ल्याउँदछ, यसको बाटो हेरिरहनु पर्दछ ।

नागरी जिन्दगीको बढ्दो आर्थिक सङ्घर्षबाट सहयोग पाउनको लागि आज हाम्रो समाजमा धेरैजसो महिलाहरू कामकाजी भएका छन् । यसबाट एकापट्टि उनीहरूलाई आर्थिक स्वतन्त्रता मिलेको छ, अर्कोपट्टि अतिरिक्त भारपर्ने हुनाले जीवनमा तनाव र विसङ्गति पनि बढेका छन् । दाम्पत्य जीवनमा यसको गहिरो असर परेको देखिन्छ । घर-गृहस्थी र कार्यालयको दोहोरो भारले स्त्रीका तन-मनलाई खोक्रो पारिदिन्छ । यसबाट उसका सम्वेदनाहरू शून्य हुँदै जान्छन् र जीवन यन्त्रवत् । पतिको निमित्त उसको यो रूप स्वीकार हुन कठिन हुन्छ होला । दुबैको एकले अर्कोलाई दोष लगाउने भाव बढ्दछ र दाम्पत्य सम्बन्ध शीत-लहरमा बदलिन्छ । केही विषयमा मान-अभिमानको नयाँ सबाल पनि खडा हुन्छ, जसबाट स्थिति सम्बन्ध-विच्छेदसम्म हुन पुग्दछ ।

यस्ता परिस्थितिहरू यस निमित्त विषम हुँदै गएका छन्, अब त संयुक्त परिवार भङ्ग हुने, तितर-वितर हुने भएमा पतिपत्नीका बीचको मनोमालिन्यबाट जन्मेको विसङ्गति हटाउनका लागि न त मान्य वृद्धजनको विवेक र प्रेम नै रहे, न कुनै शान्ति सम्झौता गर्ने-गराउने स्थिति नै रहे । यही स्थिति हाम्रो आँखाको अगाडि मूर्तरूप भएर आउन थाल्यो ।

- कुरलेचौर, क्षेत्रपाटी

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ओमजङ्ग राणा

(सभापति)

बाँके जि.वि.स. परिवार

नेपालगञ्ज

कविता

कवि रोए गीत

❑ अर्जुन विरक्ति

अरू रोए आँसु बग्छ कवि रोए गीत
मितेरी त्यो लाउने गर्छ आफ्नै पीडासित

प्रतिभाको फूल फुल्न साइनो चाहिंदो रै'छ
जीवनका हरेक मोडमा दुःख पाइँदो रै'छ
परिस्थिति सँगालेर मनको बह पोख्छ
यथार्थमा फुल्ने फूललाई कालो कानून रोक्छ

जिज्ञासाको डालीभित्र सिर्जना त्यो रुन्छ
समाजको कथाव्यथा कविले नै बुझ्छ
यस्ता लेखक विज्ञ पाठक कठघरामा हुन्छन्
हुँईय्य हाँईय्य गर्ने स्याल सम्मानित बन्छन्

यात्रा गर्ने पारखीको सारथी नै हुन्न
भीडतन्त्र भालुहरूमा सुन्ने कान हुन्न
रक्त पिई समाजको भाषण गर्छन् ठालु
बहुदलमा यस्तै हुन्छ भन्ने गर्छन् कालु

बटुवाको गन्तव्यमा अत्तोपत्तो छैन
कणकणमा पीपाषुको यहाँ चल्छ चैन
मेचीकाली हिमाल तराई रोदनको सेलो
दुराचारको सीमा नाघ्यो आतङ्कले झेल्यो

अरू रोए आँसु बग्छ कवि रोए गीत
मितेरी त्यो लाउने गर्छ देशको पीडासित

काठमाडौं

- - -

कविता

आवश्यक भएको छ

❑ कृष्ण बाउसे

खेतमा लहलह मुस्कानको बाली
र, खलाहरू भरी
खुसीका मंसिरे रासहरू देख्न

मृत्यु-बोधले नपिरोलेका
जीवित जिजीविषाहरू
र, भ्रूणहत्या हुनबाट जोगिएका संकल्पहरूले
आकाश मार्गमा विचरण गर्न

विपनाको भयावह यथार्थले
कोमल भावनामाथि धावा बोल्ला भनेर
सतर्क बन्दै निद्रामा गुटमुटिन सक्नु
आवश्यक भएको छ
यो सन्त्रासले जेलिएको बस्तीमा ।

सपनाहरू कोरल्न आवश्यक भएको छ
यो सन्त्रासले जेलिएको बस्तीमा ।

नववर्ष २०५७ को
शुभ-उपलक्ष्यमा हार्दिक
मङ्गलमय शुभकामना ।
बायशा
BYS
बालाजु यन्त्रशाला (प्रा.लि.)
फोन नं. ३५०१४७/३५०२११
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं, नेपाल

धर्म-सँस्कृति

महाशिवरात्री पर्व – एक सन्दर्भ

❑ गोकुलप्रसाद शर्मा

शिवरात्रीलाई शिवचतुर्दशी पनि भन्दछन् । यो पर्व प्रत्येक वर्ष फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइन्छ । यो पर्वमा शिवजीको पूजा, आराधना र उपासना गरिन्छ । समस्त हिन्दू-जातिले सोल्लास शिवरात्री पर्व मनाउँछ । यस प्रसङ्गमा शिवरात्री, मोहरात्री, कालरात्री र सुखरात्री उल्लेखनीय छन् । शिवको उपासना गर्ने रातलाई 'शिवरात्री', श्रीकृष्णको जन्म भएको रातलाई 'मोहरात्री', दशैंमा महाअष्टमी र महानवमीका बीचको रातलाई 'कालरात्री' अनि तिहारमा लक्ष्मीपूजाको रातलाई 'सुखरात्री' भन्दछन् । शिवरात्री पर्व शिशिर ऋतु (माघ-फाल्गुण महिना) को पछिल्लो, अर्थात् फाल्गुण महिनामा मनाइनुपर्ने कारण छ । सो के भने – माघ महिनामा शिव भगवान्को रुद्रतत्त्व, अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्त्वले गर्दा पातहरू झरी जीर्ण अवस्थामा रहेका रुख, विरुवा, झार उनै शिव भगवान्को शिवतत्त्व, अर्थात् जगत्को कल्याण गर्ने तत्त्वले गर्दा पलाउन थाल्छन् । यसरी जीर्णशीर्ण अवस्थालाई समाप्त पारी नवीन रूप प्रदान गर्ने शिवतत्त्व प्रकट हुने महिना भएकोले शिवरात्रि पर्व फाल्गुण महिनामा मनाउने गरिएको छ । शिवरात्रीलाई महाशिवरात्री भन्नुपर्ने कारण यो हो कि शिवजीको निवास हिमालय पर्वतको कैलाश भन्ने ठाउँमा छ, जहाँ यत्रतत्र देवात्माहरू छन् । तिनमा शिवजीको स्थान सर्वोपरि छ । शिवकी शक्ति पार्वतीसमेत शिव भगवान् नेपालका संरक्षक मानिन्छन् । त्यसैले उनको पर्व मनाइने दिन महाशिवरात्रीको नामले प्रसिद्ध छ । कैलाश पर्वत आरोहणका लागि वर्जित छ ।

हिमालय क्षेत्रमा तीनओटा सर्वमान धार्मिक स्थल छन् – १. नेपालका पशुपतिनाथ, २. काश्मीरका अमरनाथ र ३. गढवालका केदारनाथ । हिमालयको पाखामन्तिर काठमाण्डू उपत्यकामा पवित्र वाग्मती नदीको किनारमा पशुपतिनाथको मन्दिर अवस्थित छ । भनिन्छ कि सोही ठाउँमा पशुपतिनाथ, अर्थात् शिव भगवान्को उत्पत्ति भएको हो । पशुपतिका मन्दिरका चारै किल्लामा रहेको निश्चित तीर्थस्थललाई 'पाशुपतक्षेत्र' भन्दछन् । सोही ठाउँमा मार्ग कृष्ण चतुर्दशीका दिन शतबीज (सद्मी) छरिन्छ । यसरी पशुपतिनाथको नामबाट काठमाण्डू उपत्यकाको सो ठाउँको नाम 'पाशुपतक्षेत्र' रहेको हो । 'पशुपति' नाममा निहीत दर्शनले नेपालीहरूको साँस्कृतिक जनजीवनमा दिव्य प्रकाश छरिदिएको छ । पशुपतिनाथको आभ्यन्तर अर्थ हो – मोक्षदा, अर्थात् मोक्ष दिने वा मुक्त गर्ने । नेपालमा निकै प्रसिद्ध अरू पनि दुईओटा तीर्थस्थल छन् १. गोसाईंकुण २. मुक्तिनाथ ।

महाशिवरात्रि पर्वमा दर्शनार्थीहरू शिवालय भए ठाउँ गई शिवजीको पूजा, आराधना, भजन, कीर्तन र स्तुतिगान गर्दछन् र कतिपयले वर पनि माग्छन् । सो पर्वको मुख्य थलोचाहिं काठमाण्डूमा श्रीपशुपतिनाथ नै मानिन्छ । यहाँ अधिराज्यभरका मानिसहरू भेला भई बिहानैदेखि रातभर जाग्राम बसेर श्रीपशुपतिनाथको दर्शन गरी पुण्यलाभ गर्दछन् । छिमेकी मुलुक भारतबाटसमेत हजारौंको संख्यामा महाशिवरात्री पर्वको २/३ दिन अघिदेखि २/३ दिनपछिसम्म दर्शनार्थीहरूको यहाँ ओइरो लाग्छ । पाशुपत क्षेत्रको वरपर ठूलो मेला लाग्दछ । दर्शनार्थीहरूमध्ये कतिपयले चार प्रहरमा चार किसिमको पूजा गर्दछन् । अखण्डदीप, महादीप, लक्षवर्त्ती बालिन्छ र शिवजीलाई निकै मन पर्ने धतुरो र बेलपत्र उहाँमा अर्पित गरिन्छ । यसरी षोडशोपचार विधिपूर्वक शिवजीको पूजा गरिन्छ । दर्शनार्थीहरूमध्ये कतिपय सिद्ध, साधु, योगी, सन्त, दिगम्बर बाबाहरू भारतबाट यहाँ आइपुग्छन् । उनीहरूका निमित्त बस्न, खान र धुनीका लागि दाउरा आदिको व्यवस्था श्री ५ को सरकारको तर्फबाट गरिन्छ । बिदा हुने बेलामा उनीहरूलाई हण्डी, लत्ताकपडा, दक्षिणासमेत दिएर सत्कार गरिन्छ । दर्शनार्थी र मेला भर्न

आउने सबैको सुविधाका लागि टेलिफोन, आकाशवाणी, ट्रङ्कल, हुलाक, मुद्राको सटहीका लागि बैङ्क, प्राथमिक उपचार, सदावर्त रूपमा र किनेर खान चाहनेहरूका लागि विभिन्न खाद्यपदार्थका पसल, पोस्टर, पत्र-पत्रिका, हराएका मनिस पत्ता लगाई ठगान लगाइदिने दल, भजन-कीर्तन र आराम गर्न शिविर आदिको व्यवस्था गरिन्छ। स्वयंसेवकहरू आगन्तुकहरूलाई हरतरहले सेवा र सुविधा पुऱ्याउन चौबीसै घण्टा तैनाथ रहन्छन्। विभिन्न समाजसेवी संस्थाहरू उदार हृदयले तँछाड कि मछाड गर्दै आगन्तुकहरूको सेवामा जुटेका हुन्छन्। कदाचित् दाम हराएर वा चोरिएर कोही बेखर्ची भएमा गन्तव्य स्थानसम्म पुग्नसक्ने गरी उसका लागि रकमको व्यवस्था गरिदिन्छन्। कतै कुनै त्रुटि त छैन भनी जाँचबुझ गर्न र सो भए तत्कालै त्यसको समाधान गर्न विभिन्न निकायका उच्च अधिकारी, सुरक्षा दल र प्रहरी जवानहरू गस्ती गर्दै हिंड्छन्। महाशिवरात्रीमा जस्तो बाटोघाटोको व्यवस्थित सरसफाइ, सुरक्षा र सेवा-भावना अरू बेला देखापर्दैन भने हुन्छ। सो दिन बेलुकीपख सदर टुँडिखेलमा श्री ५ महाराजाधिराज सवारी होइबक्सी त्यहाँ प्रदर्शित शिवरात्रीको बढाइँ अवलोकन गरिबक्सिन्छ। राती चौबाटो, दोबाटो र यत्रतत्र काठ, दाउरा बालेर धुनी लगाइन्छ, जहाँ बाल, युवा, वृद्ध भेला भई आगो ताप्छन्, यो सोचेर कि श्री पशुपतिनाथलाई धुनी निकै मन पर्छ।

शिव भगवान्लाई औढर, अर्थात् मनमोजी दानी पनि भनिन्छ। शिवजी प्रसन्न मुद्रामा रहनुभएको बखत कसैलाई केही दिनु परेमा उहाँले छाना च्यातेर धन-वर्षा गरिदिनु हुन्छ भन्ने किंवदन्ती छ। एकपटक पार्वतीले शिवजीसँग 'सबभन्दा ठूलो व्रतोत्सव कुन हो' भनी सोध्नु हुँदा 'सर्वोत्तम व्रतोत्सव शिवरात्रि हो' भनी शिवजीले उत्तर दिनुभएको कुरा पुराणादि ग्रन्थबाट विदित हुन्छ। एउटै शिव संसारका विभिन्न स्थानमा विभिन्न नामले विराजमान हुनुहुन्छ।

शिवजीको महिमा अपरम्पार छ। उहाँको लीला बारे अनेकौं कथाहरू प्रचलित छन्। प्रत्येक कथा धार्मिक प्रवृत्तिसँग सम्बन्धित भएकोले कथा भन्ने र सुन्ने दुबैथरि व्यक्ति भगवान् शिवप्रति भक्तिभावसाथ नतमस्तक हुन्छन्। पशुपतिनाथ सृष्टि, स्थिति, पालक र संहारक सबैथोक हुन्। हामीहरू आफ्ना जीवनकालमा सृष्टि, निर्माण र विनाश जो देख्छौं, सो सबै स्वयं शिवकै रूप हो। स्वस्थानी व्रतकथा शिव र पार्वतीकै जीवनलीलामा आधारित छ। मानिस, पशु वा भनौं कि चराचरको रूप धारण गरी लहडबाजी गर्दै यत्रतत्र विचरण गरी बिग्रेको वा बिग्रन लागेको स्थितिलाई सपार्दै लगेर मानिसमा चेतना जगाई धार्मिक भावना भरिदिन श्री पशुपतिनाथ बढी रुचाउनु हुन्छ। शिवस्तुति र शिवमहिमाले भरिएका ग्रन्थहरू ठेलीका ठेली छन्। ती सबै पढेका, बुझेका विद्वान्हरू पनि शिवजीको महिमाको साङ्गोपाङ्ग वर्णन गर्न समर्थ हुँदैनन्। हजार जिब्रा भएका शेषनाग र देव-देवीहरू त शिव भगवान्को महिमाको पूरापुर वर्णन गर्न सक्तैनन् भने मानिसको के सामार्थ्य! हाम्रो जीवनको प्रत्येक पलमा श्रीपशुपतिनाथको अंश रहेको छ र हाम्रो जीवन उहाँकै आदेश अनुसार निर्देशित र गतिशील छ भन्ने बुझी उहाँप्रति सदा आस्थावान् भएर मनुष्योचित काम गर्नु हाम्रो कर्तव्य हो। वर्ष दिनमा एक दिनका लागि भए पनि महाशिवरात्रिले हामीलाई श्री पशुपतिनाथप्रति भक्तिभावना दर्शाई जीवनलाई सफल तुल्याउन प्रेरित गर्दछ।

कालधारा-१७, काठमाडौं

नववर्ष २०५७ को पावन अवसरमा

सम्पूर्ण देशवासीहरूमा

हार्दिक मङ्गलमय

शुभकामना व्यक्त गर्दछौं।

धवल शमशेर राणा

(मेयर)

नेपालगञ्ज नगरपालिका

परिवार

बाँके

लेख

लेखक बन्न सजिलो छैन

❑ श्रीधर खनाल

लेखक बन्न सजिलो छैन भन्ने सुनेर एउटा पसले मरीमरी हाँसेको थयो । उसको आँखामा लेखकको जस्तो सजिलो काम कुनै थिएन । कलम, कागत र मसी सब मिलाएर बढीमा दश रुपैयाँको लगानी गरेपछि हजारौं रुपैया कमाउन सकिन्थ्यो । लेख्न पनि जे मनमा लाग्यो त्यही लेखे पुग्थ्यो । पाठकलाई पटक्कै मन नपर्ने कुरा लेखेर पनि आमदानी गर्न सकिन्थ्यो । त्यो हेरी पसल चलाउन कति गाह्रो थियो ! सयकडा दश नाफा खान कैयौं दिन ढुक्नुपर्थ्यो । कहिले माल बिक्दै नबिकेर महिनौं पनि ढुक्नैपर्थ्यो । त्यसमा पनि ग्राहकको रुचि बुझेर पसल सजाउन सक्नुपर्थ्यो । मूसो, साङ्गलो र अरू पनि किरा लागेर कति माल सखाप हुनसक्थ्यो । यस्ता अरू धेरै कारणबाट पसल चलाउन त्यति सजिलो थिएन । तैपनि लेखक बन्न सजिलो छैन रे ! लेखकको सम्मान गरिनुपर्छ रे ! उसले लेखेका कुराहरू पढिदिनु पर्छ रे ! पत्याइदिनु पर्छ रे ! उसले कालो भनिदिएपछि सेतो पनि लाटागाँडाहरूको आँखामा कालै देखिनुपर्छ रे ! तैपनि पसल थाप्न भन्दा लेखक बन्न धेरै गाह्रो हुन्छ भनिन्छ । यसभन्दा हास्यास्पद कुरो अर्को कुन हुनसक्छ ? एउटा नाङ्गलो पसलेदेखि लिएर नाङ्गलो बजारको मालिकसम्म बनेको बज्रस्वाँठले पनि तपाईलाई यो प्रश्न सोध्न सक्छ ।

उता बिचरो लेखकको दुर्दशा तपाईले देखेकै छैन । त्यो पनि लेखक अदृश्य भएर होइन नि ! तपाईले नै हेर्न नखोजेर हो । नत्र एउटा लेखकले कैय्यन् वर्षको पढाइ, सोचाइ र लेखाइबाट तयार पारेको निबन्ध, कथा, उपन्यास, नाटक अथवा कविता नै किन नहोओस् अर्को एउटा साक्षर तर मूर्ख प्रकाशकद्वारा अस्वीकृत गरिएको तपाईं देख्न सक्नु हुन्थ्यो । अनि तपाईं आफ्नी आमा मरेको बेलामा रोए जस्तै रुनुहुन्थ्यो । त्यै लेखकको दुर्भाग्यले गर्दा तपाईंको ध्यान त्यता जान सकेको छैन । यो पनि तपाईंकै सौभाग्य हो नभनी सुख छैन । एउटा लेखकले एउटा रचना तयार पार्दा जति पनि मसी खर्च गर्छ त्यसभन्दा सयगुणा बढी आँसु त्यो रचना अस्वीकृत हुँदा बगाएको हुन्छ । उसको रचना प्रकाशित नभएको थाहा पाएपछि स्वास्नीले समेत उसलाई हेप्छे । त्यो चाल पाएपछि उसलाई आत्महत्या गर्न मनलाग्छ । उता कुनै पसलेको सारा माल चोरी भएछ भने पनि त्यसको रिपोर्ट दर्ता गराउन पहिले दगुर्छ । त्यसपछि इष्टमित्र गुहार्न पुग्छ । कुनै बैंकबाट ऋण लिएर फेरि पसल चलाउन सकिन्छ कि भन्ने ध्याउन्न पनि उसको हुन्छ । के तपाईंले यस्ता कुरामा ध्यान दिनु भएको छ त ? यो तपाईं, पसले र लेखक सबैलाई थाहा नभएको कुरो पनि होइन । लेखकका स्वास्नी र छोराछोरीलाई बरु थाहा नहुन सक्छ ।

लेखक जति महान् छ त्यति नै शोषित छ, पीडित छ र हेपिएको पनि छ । तपाईं चामल, चुरोट, ओखती अथवा कपडा जे किने पनि त्यसको मोल तिरिहाल्नु हुन्छ । घडी किन्दा पनि त्यो चलेको देखेपछि त्यसको मूल्य चुक्ता गरिहाल्नु हुन्छ । त्यो खोलेर पहिले त्यसका पुर्जाहरू सक्कली छन् कि छैनन् भनेर जाँच्ने अधिकार तपाईंको छैन । त्यस्तै कुनै बन्द टिनको/शिशिभित्रको खाद्य, पेय वस्तु सडेगलेको छ कि भन्ने शङ्का लाग्दालाग्दै पनि पहिले खोलेर हेर्न तपाईं पाउनुहुन्न । तैपनि तपाईंलाई सन्तोक लागेकै छ । त्यसरी नै सबैको काम चलेकै छ । कुनै डाक्टरले बिरामी जाँच्नासाथ आफ्नो ज्याला पाइहाल्छ । त्यस्तै डकर्मी, सिकर्मी, ज्यामी आदि सबैले तत्काल आफ्नो ज्याला उठाउँछन् । पछि गएर बिरामी मरे पनि डाक्टरले ज्याला फर्काउँदैन र ढलान चुहिएछ भने पनि डकर्मीले हर्जना तिर्न आउँदैन । तपाईं कतिसम्म निर्लज्ज बज्रस्वाँठ हुनुहुन्छ भने आफ्नो एउटा छोरो मार्ने डाक्टरको उपचार अर्को छोरालाई गराउनुपर्दा

पनि रोग निर्मूल भएपछि मात्र डाक्टरले शुल्क पाउनेछ भन्न सक्नुहुन्न । अर्कोतिर कुनै लेखकको रचना छाप्नुपर्दा पहिले तपाईं रचना माग्नुहुन्छ । त्यो पढेर छाप्न तयार पनि हुनुहुन्छ तर त्यसको पारिश्रमिक तत्काल दिनुहुन्न । त्यो स्वीकृत रचना सातदिन कि सात महिनापछि मात्र छापिन सक्छ । त्यसको पारिश्रमिक पनि डाक्टरले आफ्नो शुल्क तोके झैं लेखकले तोक्न पाउँदैन । त्यो त प्रकाशकले तोक्छ । त्यही पनि हात पार्न लेखकले चार कि चालीस पटक धाउनुपर्ने हुनसक्छ । के तपाईं यसलाई सामाजिक न्याय भन्न सक्नुहुन्छ ? यही प्रश्न हरेक लेखकलाई उसको कलमले सोधिरहेको छ ।

लेखकको अपमान गर्ने अर्को एउटा बाटो तपाईंले बनाउनु भएको छ । कुनै पनि प्रकाशन संस्थामा कुनै पनि रचना छाप्ने कि नछाप्ने, कुन रचनालाई प्राथमिकता दिने र कस्तो/कुन रचनालाई गतिलो पानामा ठाउँ दिने भनेर निर्णय गर्ने अधिकारी राखिएका हुन्छन् । त्यस्ता व्यक्तिहरू आ-आफ्नो मानो पकाउने कर्मचारी मात्र हुन्छन् । कुनै खास योग्यता कि तीखो बुद्धि भएका मानिस हुँदैनन् । उनीहरू इमानदार पनि हुनसक्छन् र आफूले बुझ्नै नसकेको रचना जतिसुकै गहकिलो भए पनि त्यसलाई रद्दीको टोकरीमा फ्याँकिदिन्छन् । कि छपाइमा प्राथमिकता दिनुपर्दा लेखकको अनुहार सम्झेर दिन्छन्, रचना पढ्ने कष्ट गर्दैनन् । लेखकले त्यसको विरोध गर्न सक्दैन । त्यसो गर्ने बाटो नै तपाईंले उसलाई दिनुभएको छैन । अनि ऊ के गरोस् त ? परिस्थितिसँग सम्झौता नगरी लेखक बाँच्नै सक्दैन । त्यसरी बाँच्नुपर्दा समेत उसले कलमको धार मार्नुपर्ने हुन्छ । समाजलाई बाटो देखाउन अघि सरेको महान् लेखकलाई तपाईं पो बाटो देखाउँदै हुनुहुन्छ । जसरी भए पनि पेट पाल्ने बाटो देखाउँदै हुनुहुन्छ । अनि त आफ्नै ज्यानमारा बाबुको चरित्र चित्रण गर्न पछि नहटेको लेखक अर्काको ज्यानमारा बाबुलाई ढाकछोप गर्न वाध्य भएको हुन्छ । तपाईं लेखकलाई त्यति तल खसाल्दै हुनुहुन्छ ।

तैपनि लेखक तल खसेको छैन । ऊ अझै महान् छ । आफ्नी स्वास्नी र छोराछोरीको हेपाइ उसले हाँसीहाँसी सहेको छ । मालपोत, टेलिफोन, धारा, विजुली, सवारीकर र अरू पनि सरकारी दस्तुर समयसमयमा ऊ तिर्दैछ । तर कुनै पनि सरकारी प्रकाशनमा स्वीकृत आफ्नो रचनाको पारिश्रमिक पहिले चाहिन्छ भनेर ऊ कराउँदैन । लेखकले आफ्नो अधिकारको दावी गरेको छैन । उसलाई दुखेको छ र पनि मुखबाट ऐय्या शब्द उसले निकालेको छैन । ऊ त्यतिसम्म दुर्वल छ कि उदार छ, त्यो त स्वयं लेखकलाई पनि थाहा छैन । हो, चारखाल अड्डामा बसेर घुँडाको टेबिलमा कागत राखेर लेख्ने लेखकचाहिं सर्वमान्य छ । उसले कुनै नालीश कि निवेदन कि अंशवण्डाको कागत कि लालपुर्जाको नक्कलमा लेखक फलाना भनेर आफ्नो नाम दर्ता गर्नासाथ त्यसको पारिश्रमिक पाइहाल्छ । त्यस्तो लेखक बन्न त सजिलो पनि छ । हाम्रो पसले पनि त्यस्तै लेखकलाई सम्झेर हाँसेको हुनुपर्छ ।

- - -

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी संस्था, सेवामूलक निकाय, तथा खानेपानी उपभोक्ता समुदायहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

प्रधान कार्यालयः पानीपोखरी, लाजिम्पाट काठमाडौं

टेलिफोनः ४१०७६१, ४१४५२९

फ्याक्सः ४१०७६१

E-mail : Pani@Khaskoshmos.m.np.

कथा

धतुरोको फूल

❑ मनु ब्राजाकी

एउटा जङ्गलको वर्तमान पाखो ।

उसले भन्यो – बसौं !

मैले उसको आँखामा नियालेर हेरें – र म त्यहाँ एउटा कोलाहलयुक्त व्यस्त शहरको प्रदूषित उद्यानमा हराएँ ।

'धतुरो साह्रै सुन्दर छ ।'

'अँ, यसको फूल साह्रै स्निग्ध र कोमल हुन्छ, तर यसको फलमा काँढैकाँढा हुन्छन् । '

'तिम्रा गिद्धहरू कहाँ छन् ?'

'मलाई थाहा छ .... ।'

'तिमी यहाँ किन आयौ ?'

'किनभने म तिमीलाई बिर्सन चाहन्छु ।'

'किन बिर्सन चाहन्छौ ?'

'मैले तिमीलाई नबिर्सिउञ्जेल म केही पनि भन्न सक्तिनँ ।'

'किन ?'

'किनभने यति कुरा तिमीले बुझेकी छ्यौ ।'

'तिम्रो विचारमा म अनुभूति हुँ र ?'

'हैन, अनुभव मात्रै हौ । शब्दहीन भोग मात्रै हौ । खोक्रा शब्दहरूको प्रतिध्वनि मात्रै हौ .... म तिमीलाई प्रेम गर्दिनँ .... म प्रेम गर्दिनँ .... प्रेम ! नितान्त स्वार्थ ।'

'तिमी मलाई प्रेम गर्दैनौ – यो कुरा अवश्य पनि सत्य होला ।'

'मैले तिमीलाई भनिसकें अनुभव र भोगको कुनै शब्दार्थ छैन – नितान्त ध्वनिहीन !'

[म प्रेमको वर्तमानमा सुसूचित भएँ – (कोष्ठबद्ध भएर) ! हत्या, आतङ्क, लूट, बलात्कार, भ्रष्टाचार, व्यभिचार .... गाउँदेखि शहरसम्म, मेचीदेखि महाकालीसम्म, हिमाल देखि तराईसम्म .... एउटा समाचार-पत्र र यिनै समाचार ..... चौतर्फी अनाचार ! आजको ताजा समाचार !]

(म) उसले भन्यो – 'बसौं !'

(ऊ) उसले भनी – बसौं !'

अनि मैले भनें–'यो पृथ्वीमा ? कि यो आकाशमा ? ..... अर्बौं वर्तमान - वर्ष पूर्व .... म एउटा संघटित शक्ति थिएँ .... आफ्ना अविचारहरूको गतिहीन आकाशमा फिंजिएको ।'

'अनि ?'

'अनि एउटा दुर्भावना जाग्यो ..... अन्त्य यसै दुर्भावनाको उत्पत्तिबाट भयो ..... मेरो स्मरणशक्ति अविश्वसनीय .....'

'छ, विश्वसनीय छ । यी मात्र प्रतिप्रकाश हुन् ।'

'यी प्रति प्रकाश अधिकांशतः असत्य हुन् । किनभने मेरो विस्मृतिमा अझै यी कुराहरू छन् – वैलाएका पहेंला पात ..... वर-वरसम्म तुँवालोमा हल्लिरहेका .... हावामा उत्पन्न भएर भुईंमा ओर्लिन आँटेका – मैले तिनीहरूतिर हेर्न खोजें ... मेरा आँखा थिए, तापनि रङ्गभ्रम थियो ..... रङ्ग पहेंलो थियो.... अथवा सेतो थियो ..... जे-जस्तो थियो हेर्दैरहें, एकक्षण, दुईक्षण, अनन्त क्षणसम्म ..... म सम्झिरहेछु । ..... तर त्यसको एउटा प्रकाश भने थियो ..... त्यसको 'अस्तित्त्व' कै एउटा अङ्ग पृथ्वीमा प्रतिप्रकाश थियो, गतिहीन अकाशमुन्तिर ।'

'तिमीले त्यसलाई छोयौ ?'

'छोइनँ, तर मैले अनुभूत गरें, किनभने मसित अनूभूतिको स्पर्श-साधन थिएन । म यत्ति नै सम्झिरहेको थिएँ – पहेंला पात छन् र बाक्लो प्रतिप्रकाश छ । यी दुवै एउटै हुन् तापनि भिन्न छन् ।'

'जस्तै ? उदाहरणमा भन ।'

म वर्तमानमा आइपुग्दा उदाहरण पनि आइपुग्यो, यस प्रकार (कोष्ठबद्ध भएर) ।

[अचेल डलरदातृ देशका कृपाले यस्ता कार्यपत्रहरू प्रस्तुत भइरहेछन् (उदाहरणस्वरूप) – विश्वशान्ति र बिकिनी .... गरिबी र गिनीपिग.... हिमालय र वेश्यालय .... सद्भावना र शौचालय .... लक्ष्मी र मयूर ..... सरस्वती र उल्लू .... मानवाधिकार र मर्सिडिज कार ..... बबई खोलो

र बोइङ्ग जेट ..... डाकू र डलर, यस्तै कार्यपत्र ! कार्यपत्र ! कार्यपत्र ! कार्य....पत्र .... पत्र .... पत्र – पात, अर्थात् पहेंला पात ! फूल, प्रतिप्रकाशको फूल ! ..... स्वच्छ, स्निग्ध र कोमल धतुरोको फूल !]

'अनि के भयो ?'

'अनि आत्मज्ञान भयो ।'

'कसरी ?'

'आफ्नो विश्रृङ्खलित अशक्त विचारद्वारा–मेरा आकाङ्क्षाहरूले/अद्रष्टव्य तत्त्वका रूपमा विस्थापित हुनु थियो ।'

'कस्तो बुद्धिमत्तापूर्ण आकाङ्क्षा ! यसरी तिमीले आफ्नो अशक्तिलाई फुक्का छाडिदियौ, कसो ?'

'यो मेरो भूल थियो । र, तिम्रो पनि ?'

'तर मैले त आफ्नो अनिच्छाद्वारा यस्तो खालको चयन कहिल्यै गरिनँ । जेहोस्, तिमी आफ्ना कुरा भन ।'

'अझै मेरो विस्मृति स्पष्ट छ भने म सम्झिरहेछु, म यो संसारमा निराकार थिएँ । म जे पनि हुन सक्थें । जहाँ पनि जान सक्थें । तर एकपटक आफूलाई चयन गरिसकेपछि अकालको विषयमा अन्य कुनै आकार विषयान्तर हुन्थ्यो । अनि म आफ्नै विधि-विधानको पाशोमा बाँधिएँ । म सजीव भएँ । म मृत्यु भएँ । मैले यस अनावस्थामा रहिराख्ने अवधि त्यस बेलासम्म अनिवार्य हुन्थ्यो जबसम्म यस आकार विशेषको आकाशबाट पूर्णरूपेण जन्म भइसक्तैनथ्यो ।'

'यस्तो हुँदा तिमीले कसैसित सोधेनौ ?'

म वर्तमानमा आइपुग्दा अगन्तव्य सत्तातिर जाने बाटोको चौतारीनेर उभिएको रहेंछु । मैले प्रतिप्रकाशसित सोधें, यस प्रकार – (कोष्ठबद्ध भएर) !

[अचेल यो बाटो, स्कूलदेखि अपहरणसम्म..... मेलम्ची र मकवानपुरदेखि मुम्बईसम्म ....बेरोजगारी र महँगीदेखि माओवादीसम्म ..... पैदलदेखि पजेरोसम्म ..... लगन-गाँठोदेखि नाठोसम्म .... लाटो प्रजादेखि बाठो प्रजातन्त्रसम्म .... आयातित शिक्षादेखि आयातित भिक्षासम्म ..... धर्मदेखि लाजशर्मसम्म ..... नातादेखि विधातासम्म ..... स्वदेशदेखि विदेशसम्म ..... भातदेखि भारतसम्म .... निजी नारीदेखि प्रेजेण्टेड सारीसम्म ..... खातेदेखि कुइरे, खैरे र रातेसम्म..... दानदेखि अपमानसम्म, यिनैहरूसम्म ! सम्म । सम्म ! सम्म जाँदोरहेछ – प्रतिप्रकाश .... झलमल, झलमल .... गन्तव्य – अलमल, अलमल, अलमल्ल !]

'कहाँ हरायौ ? कसैसित सोधेनौ ?'

'कोसित ? मसित, ऊसित, तिमीसित, त्योसित ....को सित ? यी अजीव र अपार्थिवसित ? यिनै अस्तित्वविहीन शून्य सित ? बुझ्न सकिन्छ, शून्य पनि एउटा दुर्भावनामूलक क्रूर 'अस्तित्व' हो भन्ने ? ..... सम्भवत: यै सम्पूर्ण हो ।'

'के हो रे ?'

'अशब्दले कसरी व्यक्त गरुँ ? सम्भवत: त्यो असत्ता हो क्यारे....त्यस अशक्तिमा कुनै ध्वनि थिएन जसले मेरो अविचारको प्रतिउत्तर दिन सकोस्, अनि साथै ती सबै मेरै, नितान्तरूपेण मेरै थिए – असंदिग्ध !'

'अर्थात् ?'

'अर्थात्, तिमीले बुझेसम्म; अर्थात्, मैले बुझेसम्म यो 'सत्ता', यो 'शक्ति' करोडौं र अर्बौं संख्यासंख्य 'अविचार'को फोड्नसक्नु गुजुल्टो हो – यद्यपि केही छिनका लागि एउटा विशेष प्रतिबोधको अभावभूमिका संकेन्द्रित भएर त्यो एक्लै अल्पकालिक बिन्दुमा अडिन्छ, अझै पनि अडिएको छ, तर विराट समग्रताको अंशरूपमा मात्रै । त्यो छुट्टिएर, टुक्रिएर र बेग्लिएर कतै जान सक्तैन, यद्यपि मैले यसो गर्ने भूल गरिहालें भने पनि, जस्तो जीवनले यहाँ बारम्बार गर्दछ र मृत्युले सच्याइदिन्छ, मैले आफ्नो आकारलाई आफ्नै इच्छाको वस्तु ठानेको ठहरिनेछ ।'

'कुरा बुझिएन, अलि .....'

'कुरा के भने, जन्म सदैव मृत्युको नै हुन्छ । जीवन भनेको त मृत्युकै कालिक बिस्तार हो । धतुरोको फूल पनि, फल पनि, दुवै जीवन हुन् । रोजाइ आफ्नो हो ।'

'तिमी मूर्ख हौ ! मैले क्यै बुझ्न सकिनँ, धतुरोको उदाहरणद्वारा तिमीले के भन्न खोजेको ? मलाई गुलाफ चाहिएको छ.... हिंड अब जाउँ ...'

'हुन्छ ! .... तर कता ?'

'ती सबै गुलाफहरू कता गए ?'

'ए, ती धतुराहरू ! फूल कि फल ?'

'ती सबै मयूरहरू कता गए ?'

'ए, ती गिद्धहरू ! सेता कि काला ?'

'लौन, त्यो मेरो नेपाल कता गयो ?'

'भनन, कता गए सबै ?'

'हिंड, अब जाऊँ ....म तिमीलाई बिर्सन चाहन्छु । किनभने सपना र दिवास्वप्न बिर्सिदिनका लागि नै देख्ने गरिन्छ । म विषालु प्रदूषणमै भए पनि बाँच्न चाहन्छु ।'

धोबीघाट, ललितपुर

यात्रा-संस्मरण

तीर्थयात्रा - डायरीका पानाबाट

❑ रामहरि ढुङ्गाना

(लेखक वस रिजर्भ गरी ३१ जनाको ठूलो भ्रमण दलमा सम्मिलित भएर भारतीय भूमिका प्रशिद्ध तीर्थस्थलहरू मध्ये चारधामको तीर्थयात्रामा निस्कनु भएको छ । यसै क्रममा उहाँले अहिले दर्शनार्थ दक्षिण भारततिर लाग्दै हुनुहुन्छ । उहाँले तयार पार्नु भएको चारैधामको तीर्थयात्राको वर्णनलाई एकछिन विश्राम लगाएर हामी पनि अब दक्षिण भारतको तीर्थयात्रा गरौं - प्र.सम्पादक)

सतिरुपति दर्शनः

मथलबाट उकालो लाग्दै बस अगाडि बढ्यो । प्रवेशद्वार, तिरूमाला, आशोकद्वार र अन्य विभिन्न द्वारहरू हाम्रा सामू देखिए ।

सुन्दर, शान्त, हरियाली, रङ्गिचङ्गी फूलहरू । मृग र हरिणजस्ता वन्यजन्तुको संरक्षण । कडा रातो ढुङ्गे पत्थरयुक्त करीव ४५०० फिट उचाइमा रहेको भगवान् विष्णुको सुन्दर, कलात्मक भव्य र सुवर्ण जडित भित्रि मन्दीर, र सुवर्ण खम्वा अति मनमोहक । दक्षिण भारतीय शैलीको मन्दिर ।

एकतर्फि सडक । माथि पुगेपछि फराकिलो थुम्को । थुम्को सुख्खा हो । १९६८ देखि पानीको तलाउ सहित आधुनिक प्रविधियुक्त खानेपानीको सुव्यवस्था भएको पाइयो । थुम्कोबाट हेर्दा वरपरको वातावरणीय दृश्य काठमाडौं झैं लाग्ने । देवदर्शनार्थ विभिन्न दरका टिकट व्यवस्था निःशुल्क भोजन पनि पाइने । शुल्क तिरेर पनि पाइने ।

तिरूपति (जसलाई Lord Venkatesware Swami वा भगवान् विष्णु पनि भनिन्छ) को मठ, मन्दिर प्रशासकीय व्यवस्था, निर्माण, संभार र सुधार तथा विस्तारको व्यवस्था अतिनै प्रशंसनीय देखियो । आधुनिक यन्त्र यन्त्रादिले सुसज्जित र कुशल व्यवस्थापन तथा संरक्षित देवस्थल शायद भारत-भरमा यो नै होला ।

भरदिन मन्दिर तथा वरपरको वातावरण हेरी ४ बजेतिर वासस्थान आइयो । यस्तो लाग्यो – महाभारतका रचयिता वेदव्यास र रामायणका वाल्मिकी र अन्य सँस्कृत साहित्यका विद्वान् लेखकले कल्पना गरी वर्णन गरेको काल्पनिक स्वर्गको प्रकृति वर्णनसँग प्रस्तुत तिरूपतिको सेरोफेरोले प्रतिनिधित्व गरेको छ ।

रातको खानपिन पछि आगे प्रस्थानको योजना बनाई विश्राम गरियो । भोलिपल्ट ७:४० मा स्थानीय लक्ष्मी नारायणको मन्दिर दर्शन पछि बीच बाटोमा खाना खाई रातको ८ बजे पुट्टापट्टि स्थित साइवावा आश्रममा पुगियो र ९ बजे पछि प्रवेश निषेधको कारण हतारिदै वासको प्रबन्धको लागि विनम्रता पछि आश्रममा वास मिल्यो । **वासको यथार्थता:-** निरन्तर "V" आकारको कर्कट छत, विशाल जनसमुदायले भरिपूर्ण गोदाम घर, त्यसको एक लाईन (कवल) मा २८ जनाको लाइन, भद्रगोल जेलका कैदी झैं आ-आफ्ना कर्मले बोल्न, हाँस्न, खान र खुवाउन प्रतिवन्ध ।

१. कडा पहरेदारको निर्देशन र नियन्त्रणमा ३५६ नं. को ढुङ्गे ओछ्यान माथि आफ्ना चित्राले लाजलाई छोपी एक ग्लास वर्नभीटाले नुहाई बुढानिलकण्ठ ढले झैं पसारियो रामहरि .... !

२. अन्तरमा होहल्ला थियो - वातावरण कुहिरो । म कुहिरोको काग झैं आफैंसँग हराएथें प्रशन्नासन, दिकदारीमन, तलतलको लत, उकुशमुकुश-अनिलो तन्द्रा, अनि पछिको भोर, रात यसै गएछ छिटै भोर भएछ ।

साइबावाको दर्शनः

दर्शनार्थ पैलो आसनमा राखे, त्यसपछि चिट्ठा हाले, दोस्रो आसनमा २ नं. मा परेछ । बलौटे भुइँ र नाङ्गा चर्महरू बीच घोर तर अमुक युद्ध पछि विगुल बज्यो अनि

ठेगानमा पुनः लाइनमा राखे । साईं कमाण्डरहरूले नियम कानूनका प्रवचन, निर्देशन र तरिका बताए । 'भगवान्को दर्शनमा नबोलाई ठाउँ नछोड्ने' उर्दि गरे, शङ्खध्वनि बज्यो, साईं उदाए। कालो उठेको घुमाउरो केश र पीतवस्त्र, तेजी तर गलेको केही व्यथित मुद्रा । स्वकीय सचिव, निजी गार्ड र सरकारी गार्डको कडा पहरा बीच कतै फूल त कतै खाम जनसमुदायलाई अनुहार देखाई साईं विदा भए ।

यसरी साईंवावालाई ज्यादै नजिकबाट दर्शन गर्ने अवसर मिल्यो । यद्यपी चेलाहरूले भगवान् भनेको सुनियो । आफ्ना नजरमा त्यस्तो खास प्रभाव भने केही परेन तर यस पंक्तिकारको विवेकले एउटा तथ्य र सत्य कुरो चाँही के देख्यो भने फोस्रा र कल्पित थोत्रा वरदान भन्दा सिर्जनात्मक र रचनात्मक कीर्तिका पक्षधर साईंवावाले 'सेवा हि परमो धर्म' दर्शनलाई अनुसरण गरी त्यस्तो विकट स्थानमा मानव हितसँग सम्बन्धित विविध पक्षको र विकास, निर्माण, विस्तार, मरमत र संहार लगायतका यावत कार्यहरू भए गरेको पाइन्छ । कलेज भवन, अनुसन्धान भवन, अस्पताल, सडक, विजुली, पानी हवाई मैदान लगायतको सु-प्रवन्ध र परिचालनले स्थानीय क्षेत्र पर्यटक स्थलकै रूपमा विकास हुँदै रहेको देखिन्छ । यसको सम्पूर्ण श्रेय साईंवावालाई नै जान्छ । यस अर्थमा वावाजीलाई भगवान् मानेकोमा पनि अतिशयोक्ति लागेन ।

वावाजीको दर्शन भेट, खोज र अनुसन्धानको लागि प्रतिदिन विदेशी पर्यटकहरूको भीड देखिन्थ्यो । पुट्टापट्टीको विशाल क्षेत्र ओगटेको प्रशान्तालय (House of peace) नामाकरण गरिएको साईंवावाको आश्रम मनमोहक मात्र होइन दर्शनीय लाग्दछ । आश्रम हाता बाहिर काठमाडौंको ठमेल झैं पर्यटकीय बजार यत्रतत्र देखिन्छ ।

दिनको १:३० बजे साईं आश्रमलाई नमस्कार गरी हाम्रो यात्रा मद्रासतर्फ लाग्यो । मानदापल्ली हुँदै पालामनर शहरमा पुगेपछि रातको ८ बजेकोले मद्रास सीमाना पुग्न ४३ कि.मि. बाँकी रहेबाट र आगे वासस्थानको अनिश्चित हुँदा स्थानीय 'वालाजी लज'मा विश्राम लिइयो ।

भोलिपल्ट अर्थात् २०५०/१०/२९ का दिन पालामनरबाट प्रातः ७:२५ मा आगे प्रस्थान गरी ८:१० मा आन्ध्र र तामिलनाडुको सीमा चेकपोष्ट पुगियो । त्यसपछि अगाडि बढ्दै दिनको १ बजे पानीको व्यवस्था भएको स्थानमा बनभोज पकाई खाइवरी अगाडि प्रस्थानको क्रममा कामाक्षी पीठ काञ्चीपुरम् (मद्रास) पुगी शङ्कराचार्यको मठको अवलोकन गरियो । हालैमा पूर्व शङ्कराचार्यले समाधी लिएको हुँदा उनले जीवनमा प्रयोग गरेका बस्तुको प्रदर्शनी अवलोकन गरियो । त्यसपछि बाटैमा राजीव गान्धीलाई बम प्रहार गरेको स्थान हुँदै दिनको ४ बजे मद्रास महानगरी प्रवेश गरियो । तर वेलुकी ७ बजेपछि मात्र सवारी प्रवेशको अनुमती दिइने र लामो समय प्रतिक्षा गर्न अनुकूल नपरेकोले मद्रास बजारको अवलोकन विना नै हामी लाग्यौं श्रीरङ्गमतर्फ । बीचबाटोमा वासको प्रबन्ध हुन नसकेकोले भररातको रात्रीयात्रा गर्दै भोलिपल्ट विहान ९:४५ मा श्रीरङ्गम पुगियो ।

श्रीरङ्गमको दर्शन:

१. ९ एकड जमीन चर्चेको दक्षिणतर्फको द्वार १५ तले र दक्षिण भारतीय कलाको पूर्ण सीप ।
२. मोटर प्रवेश हुने मुख्य द्वार र त्यसपछिका अन्य द्वारा हुँदै उत्तरतर्फको करीव कुनामा स्थापित देव मन्दिर प्रवेश र दर्शनार्थ टिकटको व्यवस्था ।
३. ढुङ्गे मूर्तिद्वार र सुवर्णद्वार तथा पिलर सजाइएको मुख्य मन्दिर ।
४. धेरै पुरानो विश्व सम्पदामा गनिने र विश्वमै एकमात्र वैष्णव धर्मानुरागीको मन्दिर ।

प्रतिक्रिया:

- मन्दिरलाई रङ्गरोगन, सुधार, संभार र मर्मतको अति जरुरी । त्यसतर्फ कदम चालेको देखिएन ।
- विश्व सम्पदामा अभिलेखित तथा हिन्दू धर्मावलम्बीहरूको र सम्पूर्ण मानव समाजकै साझा सम्पत्तिको रूपमा रहेको यो मन्दिरमा केवल तामेली भाषामा मात्र सूचना पाटी र नामाङ्कन पाटीहरू देखिएको र अन्य भाषामा अनुदित नहुँदा भाषा नजान्नेलाई समस्या पर्ने र भाषिक सङ्कीर्णताले व्यापकता ओगटेको देखिन्छ ।
- श्रीरङ्गमको विकास र विस्तारको लागि पर्यटन विभागले

राष्ट्रियस्तरमै कदम चाल्नु पर्ने र स्थानीय विद्वत् र युवा समुदायले पनि भाषिक, जातीय तथा क्षेत्रीय बन्धनबाट मुक्त रही उपयुक्त योजना सञ्चालनमा सहयोग गर्नुपर्ने देखिन्छ ।

भोलिपल्ट श्रीरङ्गमबाट मधुराई हुँदै कन्याकुमारीतर्फ प्रस्थान । करीब २४० कि.मि. पार गरी रातको १० बजे कन्याकुमारी पुगियो । स्वामी विवेकानन्द धर्मशालामा आश्रम जमाइयो । यतिखेर यसै पंक्तिकारलाई आँखाको व्यथा, रूघाखोकीको ग्रस्तता, ज्वरांश, टाउको दु:खाइ र आँखाको जलनसमेतको कारण अति बेचैनी र ग्रस्त स्थिति थियो । तर पनि यसको असर यात्रामा अरूलाई नपुगोस् भन्ने भित्री मुराद हुँदा पीडाको भार स्वयंले पचाइ आफूलाई केही नभएको जस्तो अभिनय गर्थें र पछि लाग्थें । पीडाको प्रतिविम्ब मुखाकृतिमा पर्ने र त्यसलाई मनन गर्नेले विसञ्चो थाहा पाउँथे होलान् ।

कन्याकुमारी:

बङ्गालको खाडी, हिन्द तथा अरेवियन महासागरको सङ्गमस्थल नीलो र ज्यादै नुनीलो पानी रहेछ । स्नानपछि कन्याकुमारी देवीको दर्शन, त्यसपछि स्वामी विवेकानन्दले तपस्या गरेको नजिकैको टापुमा जान डुङ्गाको टिकट व्यवस्था गरी करिब ३/४ मिनेटको जलयात्रा पछि सो टापुमा पुगियो ।

स्वामी विवेकानन्दले सन् १८९२ मा समुद्रमा स्थित यस चट्टानको टापुमा तपस्या गरेका रहेछन् र हाल यस ठाउँमा उनको जीवनीसँग सम्बन्धित वस्तुको सजावट सहित म्युजियमको रूपमा प्रदर्शनार्थ खुला गरिएको रहेछ । वारीपट्टिको बजार केवल पर्यटकीय बजारको रूपमा देखिन्थ्यो । करिब ४३ कि.मि. दक्षिणमा श्रीलङ्का पर्ने हुँदा यहाँका प्राय: सामान अरेवियन तथा श्रीलङ्कातर्फकै लाग्दथे ।

आफू सगरमाथाको देशको र त्यसमा पनि काठमाडौं उपत्यकाको व्यक्ति भएकोले समुद्र नदेखेको र कन्याकुमारी तटबाट समुद्र हेर्दा मनमा एक प्रकारको अनौठो अनुभूति हुनु अस्वाभाविक होइन । मन आनन्दले विभोर हुन पुग्यो । यात्रीदलका सदस्यहरू बजार रमितातर्फ थिए भने आफूलाई चाहिं प्राकृतिक दृश्यले वाहेक अरू चीजले मन छुन सकेन । आश्रम फिर्ता पछि खानपिन सकी दिनको ३:३० बजे कन्याकुमारीलाई नमस्कार गरी मधुराईतर्फ प्रस्थान । र, रातको ९:०० बजे मधुराई पुगियो र 'वांगडा धर्मशालामा' आश्रम जमाइयो ।

भोलिपल्ट अर्थात् २०५०/११/३ का दिन भरदिन त्यही बस्नुपर्ने परिस्थिति परेकोले बेलुकी ८:२५ मा रामेश्वरतर्फ प्रस्थान गरी रातको १:१० बजे रामेश्वर पुगियो र रामेश्वरस्थित नेपाली धर्मशालामा वास बसियो ।

नेपाली धर्मशाला:

प्रस्तुत धर्मशाला स्व. रानी जगदम्बा कुमारी राणाले निजी खर्चमा बनाई नेपाली यात्रुको निमित्त २०१६ साल शिवरात्रिका दिन उपहार स्वरूप समर्पण गरेकी रहिछन् । धर्मशालामा पानी, शौचालय, स्नानालयको उपयुक्त प्रबन्ध र मर्मत-सम्भार हुन सकेको रहेनछ । सरसफाइको सुप्रबन्ध र मर्मत-सम्भारको सुव्यवस्था हुनु जरुरी देखिन्छ । आर्थिक अभावको कारण सरसफाइ हुन/गर्न नसकेको वेहोरा पण्डाजीले बताउँथे । कमलमणी दीक्षितज्यू त्यहाँ पुग्दा पनि उहाँलाई बेहोरा अवगत गराएको कुरा बताउँथे । शायद यतिखेर सो व्यवस्था भै सक्यो नै होला ।

स्नान तथा देवदर्शन::

पण्डाजीले खटाइएका व्यक्तिको साथ लागी समुद्री किनारमा स्नान र त्यसपछि रामेश्वरम हाताभित्र बनाइएका विभिन्न पवित्र तीर्थले नामाङ्कित गरिएका २२ वटा इनार (कुवा) र जलासयमा मन्दिरद्वारा खटाइएका कर्मचारीहरूको सहयोग (कुवाबाट बाल्टिनले पानी उभाई स्नान गराइदिने) मा स्नान गरी आश्रम प्रवेश र त्यसपछि वस्त्र परिवर्तन गरी विधिवत दर्शनको लागि पुन: प्रवेश ।

रामेश्वरम-दर्शन:

१. रामेश्वर मन्दिर रामायण कथावस्तुको आधारमा स्थापना पछि क्रमश: महत्त्व बढ्दै गएको अनुमान ।
२. समुद्र किनारबाट करीब आधाकोश भन्दा बढी टाढा रहेको यस टापुमा शिवजीको र पार्वतीको अलगअलग मन्दिर, मूर्ति स्थापना गरिएको रहेछ ।

३. दक्षिण भारतीय शैलीमा निर्माण गरिएको यस मन्दिर ढुङ्गैढुङ्गाको विशाल पोलहरू, कलात्मक शैली र शिल्पीयुक्त लाग्दछ । मुख्य मन्दिर (शिवजीको) त्यति अग्लो छैन । बीच चोकमा हुँदा बाहिरबाट देखिदैन ।
४. विधिवत् पूजा कार्य सम्पन्न र देवदर्शन ।
५. तीन धामको हिसाबले पुरी पछिको यो दोस्रो धाम हो । समुद्री किनारदेखि हाल पक्की पुलद्वारा यस टापुमा जानुपर्ने र व्यापारिक दृष्टिकोणले पनि यस टापुमा केवल हिन्दू तीर्थयात्रीलाई उपयुक्त र आवश्यक चिजवस्तुको मात्र पसलहरू देखिन्थे । मुख्यत:शङ्ख र सीपीद्वारा तयार गरिएका सामाग्रीहरूको बाहुल्यता । स्थानीय बासिन्दामा सम्पन्नताको अभाव देखिन्थ्यो ।
६. यहाँबाट करीव २१ कि.मि. मा श्रीलङ्का पर्ने बुझिएकोले राष्ट्रिय सुरक्षाको दृष्टिकोणले कडा सुरक्षा प्रबन्ध र निगरानी देखिन्थ्यो ।
७. यस टापुमा जनताको रोजगारी केवल व्यापार बुझिएको र हाल दुबै सरकारबाट कडा सुरक्षा प्रबन्धको कारण बजार सुख्खा लागेको रहेछ ।

भोलिपल्ट स्नानादि पछि पुन: देवदर्शन गरी खानपीन पछि आराम । दिनको २:४० बजे रामेश्वरलाई नमस्कार गरी 'श्रीराम पद' (जहाँबाट भगवान् श्रीरामले श्रीलङ्का प्रस्थान गरेका थिए) मन्दिर अवलोकन । त्यसपछि मुधराईतर्फ प्रस्थान । रातको ९:३० मा मधुराईमा पुगियो र पूर्व बासस्थान अर्थात् 'वांगडा धर्मशाला' मा बास बसियो ।

भोलिपल्ट अर्थात् २०५०/११/६ का दिन बिहान ६:२० बजे मधुराईबाट बङ्लोरतर्फ प्रस्थान । बीच बाटोको कीरमपुर भन्ने ठाउँमा भातभान्सा । त्यसपछि रातको ११:४० बजे बङ्लोर स्थित (Gubbi Charities) धर्मशालामा बास । लामो यात्रा र अबेर सुताइको कारण खानपीन गरेर मात्र प्रस्थानको कार्यक्रम गरिएकोले सबै त्यसतर्फ जुटे । फुर्सदीले बजारमा नोट बेचे ।

खानपीन पछि दिनको ११:५५ बजे आश्रमबाट प्रस्थान । बङ्लोर शहरको मुख्य चोक बजार, संसद भवन, सर्वोच्च अदालत, पार्क हुँदै घण्टौं बसयात्रा तिरन्तर गर्दा पनि भव्य र सभ्य सो नगर मुस्किलले पार गरियो ।

बङ्लोर शहरलाई दक्षिण भारतको दिल्ली भनिने प्रचलन रहेछ । ब्रिटिशकालदेखि नै यस नगरलाई व्यवस्थित र आकर्षक बनाइएको रहेछ । औद्योगिक नगर, विज्ञान र प्रविधि सम्बन्धी कलेज, अनुसन्धान संस्थाहरू, अन्तर्राष्ट्रिय सभा सम्मेलनका भवनहरू, विदेशी सामाजिक संस्थाका नियोगहरूले भरिपूर्ण प्रस्तुत नगर स्वच्छ, सफा, हरियाली र व्यवस्थित देखिन्थ्यो ।

बाटोमा चियापान गर्दै रातको ८:२० बजे कर्नाटकको रानीवगा भन्ने ठाउँमा पुगियो । धर्मशाला आदि फेला परेन । एउटा कलेजका प्रिन्सिपलको कृपाले बजारबाट ३ किलोमिटर पर रहेको कलेजमा बास बस्ने प्रबन्ध गरिदिए र हामी रातको ९:०५ मा सो कलेजमा प्रवेश गर्यौं र त्यहीं खानपीन गरी विश्राम लियौं ।

- कोटेश्वर, काठमाडौं

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा हाम्रा समस्त ग्राहकमहानुभावहरूमा सुख शान्ति तथा समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

मथुराप्रसाद मास्के

(अध्यक्ष)

श्री डिष्टिलरी प्रा.लि.

अरुणखोला, नवलपरासी

समालोचना

प्रगतिवादी परम्परा मै नमूना कृति

❑ प्रा. रामप्रसाद दाहाल

फिला फाटेको शुरुवाल र मयल टल्केको बाहुलाहरूलाई टालटुल र मिचमाच गरी निरन्तर आफ्नो काममा क्रियाशील श्रमजीवी गरीब किसानहरूको (अझ उपत्यकाका किसानहरूको) रूप, अनुभूति र विवशतालाई गाँजेर उनीहरूको खुला मनलाई भविष्यको सन्ततिले जान्लान् भन्ने र बुझ्ने अर्थमा कृति लेख्नेहरू कमै हुन्छन् । झन् हिजोको दिनमा यसतर्फ गम्भीर सोंच र चिन्तनको पृष्ठभूमिमा के कति साहित्य लेखिए भन्ने कुरामा पनि अनुसन्धान हुन जरुरी छ । लेखक समाजकै उत्पत्ति, संस्कारकै बन्धक र युगको चेतना भएकोले ऊ नवीन भएपनि, प्रगतिका कुरा बाकेपनि उसका कृतिमा संस्कार घुसेको हुन्छ । जुनसुकै उत्कृष्ट कृतिमा पनि समाजको प्रकाश, संस्कारको प्रभाव र युगको चेतना घुसेको हुन्छ । यो घुसाइ भित्र पनि स्पष्ट दृष्टिकोण र सुन्दर समाजको निर्माणमा कृतिहरू जन्माउने लेखक भित्रका लेखक हुन् – हृदयचन्द्रसिंह प्रधान र उनको कृति हो – 'एकचिहान ।'

निम्नवर्गीय परिवार (वि.सं.१९७२)मा जन्मेर नौसिन्दाको जागिर खाएर, औषधि उपचार गर्न नपाएर अनेक समस्यामा जेलिएर बस्नुपर्दा पनि उनलाई साहित्यिक फाँटमा चिनाइरहनु पर्दैन । एक सिद्धहस्त लेखकको रूपमा स्थापित प्रधानका कृतिहरू भित्र साँचो र यथार्थ अनि प्रगतिवादी दृष्टिकोण र सुधारवादी चिन्तन ज्यादै तीखो रूपमा स्थापित भएको देखिन्छ । अन्याय अत्याचारलाई चुप लागेर सहनु कायरता हो, बरु विद्रोही भएर न्यायको लागि लड्नु मानवता हो भन्ने प्रगतिशील विचारधारामा यिनले वेथित, शोषितप्रति सहानुभूति व्यक्त गर्दै लेखेका कृतिहरूले नेपाली उपन्यास साहित्यको विकास प्रक्रियामा महत्त्वपूर्ण स्थान राखेको पाइन्छ चाहे स्वास्नी मान्छे होस् वा एक चिहान ।

विद्वान्हरू भन्दछन् – समाजमा मान्छेले जीवन निवार्ह गर्ने क्रममा गरेका र गर्नुपर्ने मानवीय संघर्षहरू वैचारिक घात-प्रतिघातलाई एउटा निश्चितरूप दिनु सामाजिक यथार्थवादी साहित्यको उद्देश्य हो र त्योभन्दा परगई क्रान्तिकारी आशावादको उपेक्षा गर्दै सामाजिक संरचनाको परिवर्तन र सुदृढीकरणमा प्रगतिवादलाई केन्द्रित गर्नुपर्दछ । उल्लेखित पृष्ठभूमिमा हेर्दा 'एक चिहान' प्रगतिवादी परम्पराकै नमूना कृति मान्न सकिन्छ । यसभित्रको घटना र उद्देश्यले स्पष्ट दिशाबोध गरेको छ । प्रस्तुत उपन्यासले समाजका व्याप्त समस्या खराब चरित्रलाई यथार्थका धरातलमा देखाएको छ । काठमाडौं उपत्यकाको केन्द्रमा रहेको थापाथली नजिकैको कुरिया गाउँलाई लिएर यस गाउँमा बसोबास गर्ने निम्नवर्गीय अष्टनारांको घरपरिवार लाई यस उपन्यासले विषयवस्तु बनाएको छ ।

६५ वर्षका बूढा बिरामी अष्टनारांले आफूले ऋण लिएर औषधि नगराई दिनु भनी छोराहरूलाई सल्लाह दिइरहेको प्रसङ्गबाट उपन्यासको शुभारम्भ गरी यस उपन्यास भित्र गरीब किसानको कारुणिकता शुरुकै भागबाट देखाउन खोजिएको छ । कथाको शुभारम्भमा बिरामी बाबु अष्टनारांलाई निको पार्न डा. गोदत्तप्रसादलाई छोरो शिवनारांले ल्याउनु, औषधि नगरिकन अरु मैले लुकाएर राखेको पच्चीस रुपैंयाँले कात्रो किनेर मेरो दाह संस्कार गरिदिनु भन्ने अष्टनारांको मार्मिक वचनले नेपालकै माटोमा उब्जे बढेको आफ्नै समस्यामा जेलिएर बाँचेका किसान परिवारको सोचनीय अवस्थालाई यसको कथानकले देखाएको छ । डा.गोदत्तले नानीथकुंलाई देखेपछि आफू मोहित हुनु, घरकी श्रीमतीलाई समेत भुलेर वासनात्मक प्रेम नानीयकुं प्रति प्रकट गर्नु, थकुंलाई प्राप्त गर्ने उद्देश्यले डा. गोदत्तले अष्टनारांको उपचार नि:शुल्क रूपमा गर्न खोज्नु, अष्टनारांको मृत्युमा काजक्रिया गर्न खर्च दिनु, मायाको

जालोबुनी नानीथकुंसँग बैंश र वासनाका कुरा गर्नु, मानवताको कपटी रूप देखाई स्वार्थसिद्ध गर्ने डा. गोदत्तले हैजाको सुई दिने निउबाट बेहोस हुने सुई दिइ आइमाईको सहायताद्वारा नानीथकुं भगाएर ल्याउनु, यसको इच्छा विरुद्धमा शरीरसँग खेली गर्भिणी तुल्याउनु जस्ता घटनाहरू उपन्यासको मध्य भागमा घटेको छ । यसैगरी श्रीमती रञ्जनादेवीको सहायताले शिवनारांले नानीथकुंलाई गोदत्तप्रसादबाट बचाउने प्रयास गर्नु, रञ्जनादेवीले जति भने पनि गोदत्तप्रसादबाट नसुधिनु जस्ता घटनाहरू क्रमबद्ध रूपमा नै घटेका छन् । उपन्यासको अन्त्यमा तराइवासी मधिसे कुर्मी रामखेलावन राउतसँग गर्भिणी नानीथकुंको विवाह गरिदिई शिवनारांले उदारता प्रकट गरेको छ । यस्तो किसान परिवारमा पनि खेतमा गएका शिवनारांको परिवार वागमतीले बगाएर मर्दछन् भने घरमा भएका परिवार घर भत्किएर मर्दछन् । यसप्रकार एक चिहान उपन्यासको कथावस्तुमा किसानहरूको सोचनीय अवस्थामा साहू, तल्लिङ्गहरूको अन्याय, अत्याचार आधुनिकताको मुकुण्डो भिरेका विद्वान्हरूको यौनभोक करतुतहरू लगायत मानवताका कपटी रूप र अरौटे-भरौटेको भूमिकालाई उदाङ्गो पारिएको छ । वास्तवमा यस उपन्यासमा काठमाडौं उपत्यकाको किसान परिवारको समस्यालाइ राम्ररी विश्लेषण गरिएको छ । कसरी सरल किसानहरूको जीवनमाथि सामन्ती व्यक्तिहरूको शोषण हुन्छ भन्ने कुरा बडो मार्मिक रूपमा प्रस्तुत गरिएको छ । त्यसैले यो उपन्यासको कथावस्तु मार्मिकतामा टुङ्गिएको छ ।

घटना र चरित्रलाई परस्पर सामञ्जस्य कायम गर्दै लेखिएको यो उपन्यासमा पात्रहरूको ठूलो भूमिका रहेको छ । सामाजिक उपन्यासको प्राण नै चरित्र भएकोले यस उपन्यासमा पनि नेपाली समाजकै यथार्थ पात्रहरूलाई लिइएको छ । उपन्यास भित्र अष्टनारां, शिवनारां, नानीथकुं, गोदत्तप्रसाद, रञ्जनादेवी, हर्षनारां, लातमाया पुतली, सिन्तली सुरमान सुब्बा, रामबहादुर हाकुमाया जस्ता अन्य धुप्रै पात्रहरू सिर्जना गरिएको छ । प्रत्येक पात्रहरूले समाजका यथार्थताका आडमा अडिएर कथानकलाई रोचक बनाउने काम गरेका छन् । पसिना चुहाएर काम गर्ने किसान पात्रप्रति सहानुभूति व्यक्त गरिएको यस उपन्यासका पात्रहरूमा अष्टनारांको भूमिका विशेष देखिन्छ । यस उपन्यासको मुख्य पात्र अष्टनारांलाई मात्र लिन सकिन्छ । नचाहिदो तडक भडकलाई नरुचाउने, इमान र परिश्रमलाई सधैं साथमा राख्ने, नचाहिंदा प्रथाहरूको विरोध गर्ने, छोराहरूलाई इमान्दार र परिश्रमी बन्ने शिक्षा दिने, दूर्जन र सज्जनलाई चाँडै चिन्ने अष्टनारां एक प्रगतिशील पात्रका रूपमा देखिन्छन् । आर्थिक दृष्टिकोणले गरीब भएर पनि मानसिक दृष्टिकोणले धनी भएका अष्टनारां मक्किएका र थोत्रिएका परम्परालाई तोड्न चाहन्छन् । यसैगरी एक आदर्श किसान बाबुकै प्रेरणाबाट प्रभावित शिवनारांको आदर्श चरित्र रहेको छ भने सामान्य मानिसको चरित्र जस्ता हर्षनारां र पुननारांको चरित्र रहेको छ । जात-भातलाई विश्वास नगर्ने, सङ्कुचित विचारलाई जरैदेखि तोड्ने यी पात्रहरूले (पर्वतीय खसकी छोरी र तामाङ्गको छोरी) अन्तर्जातीय विवाह गरेर सङ्कीर्णतालाई तोडेका छन् । यसरी यी पात्रहरूबाट सामाजिक सङ्कीर्णतालाई हटाई प्रगतिशील दृष्टिकोण प्रधानले देखाउन खोजेका छन् भने रञ्जनादेवी पनि डा. गोदत्तप्रसादको दुष्ट स्वभावलाई सुधार गर्न ज्यादै प्रयत्नशील देखिन्छिन् । जति केटी फेरे पनि न अघाउने गोदत्तप्रसादको स्वभावप्रति दिक्क भएकी श्रीमती रञ्जनादेवीले भनेका पंक्तिहरू निकै मार्मिक छन् –

'यसरी मीठो कुरा गरेर ढिलो मार्नुभन्दा त बस,
खुकुरीले एकैचोटी छिनाइ दिनु नै धेरै जाती देख्छु ।'
'नरीसाइकन मुसुमुसु हाँस्ने मानिस डरलाग्दा हुँदा रहेछन्,
त्यस्ता मुसुमण्डलीले मानिसको ज्यान लिन पनि बेर छैन ।'

जस्ता वाक्यहरूको प्रयोग गरी बिग्रिएको पतिलाई सुधार्न प्रयोग गरेको आदर्श वाक्यहरू ज्यादै महत्त्वपूर्ण रहेका छन् । यति भन्दा पनि नमानी हाँसिरहेका गोदत्तप्रसादलाई रञ्जनादेवीले भन्दछिन् –

'बरु ज्यानमारादेखि डर छैन, साहूमारादेखि बच्न सकिन्छ
तर मुसुमुसु हाँसिकन बिताउने हँसमादेखि बच्न विघ्नै
गारो छ ।'

यस उपन्यासमा स्वस्थ्य चिन्तन र गलत विचारका साथै आदर्शले भरिएको चरित्र रञ्जनादेवीको रहेको छ । हर्षनारां; पुननारां लगायत सोझा स्वास्नी मानिसहरूको पनि उपन्यासमा चित्रण भएको छ । यसैगरी अर्काको गर्भलाई

स्वीकार गरी बिहा गर्ने कुर्मी रामखेलावन राउत पनि आदर्शले नै भरिएको छ। जसले गर्दा नानीथकुंले हराएको बाटो फेला पारेकी छ। सरल अबोध बालिकाको स्वभाविकता नानीथकुंमा देख्न सकिन्छ। यस बाहेक पनि यस उपन्यास भित्र लेखकले कुकर्मलाई देखाउन दुष्ट पात्रहरूको सिर्जना गरेका छन्। मानवताको कपटी रूप देखाई स्वार्थसिद्ध गर्ने सामन्ती व्यक्तिको उदाङ्गो चरित्र डा. गोदत्तप्रसाद र सुरमान सुब्बाबाट देखन सकिन्छ। डा. गोदत्तप्रसाद जस्ता व्यक्तिको भ्रष्ट चरित्र र अनैतिक आचरणको विश्लेषण गरिएको यस उपन्यासमा यिनीहरूको समाजमा प्रतिष्ठा भएर पनि व्यवहारमा बगरेको जस्तो चरित्र देखिएकों छ। जसलाई मानवता नभएको राक्षसी र स्वार्थी प्रवृत्तिको प्रतिमूर्ति तथा उपन्यासको खलनायक मान्न सकिन्छ। केटी भने पछि हुरुक्क हुने गोदत्तप्रसाद र बूढो भएर पनि नानीथकुंलाई रामबहादुर जस्ता लाउके मार्फत लैजान चाहने जुका जाली सुरमान सुब्बा एक दुष्ट राक्षस नै हो। किसानको रगत जति चुसे पनि नअघाउने सुरमानको चरित्रले सामन्ती व्यक्तिलाई नै जाहेर गर्दछ। सुरमान सुब्बाको सस्तो कामुकता यसमा देखिन्छ। यसप्रकार विभिन्न पात्रहरू मार्फत हृदय चन्द्रसिंह प्रधानले अपहेलित वर्गको एउटा अँध्यारो पाटालाई उतारेर शोषण विहीन मानव समाजको सिर्जना गर्न चाहने प्रगतिवादी दृष्टिकोण राखेका छन्।

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले 'एक चिहान' उपन्यासको उद्देश्यलाई अत्यन्तै स्पष्ट रूपमा राखेका छन्। राष्ट्रिय एकता कायम गर्न र सम्प्रदायिकताको अन्त्य गर्न यो उपन्यासले आफ्नो कथावस्तुलाई केन्द्रित गरेको छ। यस उपन्यासमा समाजमा थिचिएको मिचिएका व्यक्तिहरूलाई सजीव चित्रण एकातर्फ गरिएको छ भने अर्कातर्फ प्रगतिशील दृष्टिकोण र सशक्त विचार राष्ट्र र समाजका निमित्त रहेको छ। नेवार, मधिसे, पर्वते भन्ने साम्प्रदायिकताको भावना राख्नु उचित हुँदैन। हामी त एउटा बगैंचाको साझा फूलहरू हौं। जबसम्म जातिगत सङ्कीर्णता रहिरहन्छ तबसम्म राष्ट्रको सुधार र विकास हुन सक्तैन भन्ने नवीन दृटिकोण पनि उपन्यासले राखेको छ। यसैगरी समाज भित्र शोषक र शोषित जबसम्म रहन्छन् तबसम्म बहुसङ्ख्यक नेपालीहरूको हित हुन सक्तैन। नचाहिंदा भोज भतेर र विकृत चलनचाँजोलाई तोडी समाजलाई माथि उठाउनु पर्छ भन्ने सुन्दर परिकल्पना र सचेत धारणाहरू यसमा व्यक्त गरिएको छ। सोही अनुरूप अन्तर्जातीय विवाहहरू गराई यस उपन्यासमा काठमाडौं, पहाड र मधेस भन्ने नराम्रो धारणालाई तोड्नुका साथै फजुल खर्चको विरोध गरेको छ। यस्तै किसानको हित र परिश्रमको मूल्याङ्कन हुनुपर्छ भन्ने धारणा उपन्यासले राखेको छ। डोको, नाम्लो, हँसिया, खर्पन, नोल र कोदालीलाई समन्वय गराई एकात्मक भावनाको प्रचार गरे मात्र स्वस्थ्य मानव समाजको स्वतन्त्र अस्तित्व रहन सक्दछ भन्ने कुरालाई पुष्टि गरिएको छ।

यसप्रकार नेपाली साहित्यको प्रगतिवादी धाराको एक नमूनाको रूपमा प्रधान स्थापित भएका छन्। यिनले आफ्ना कृतिहरूमा विश्वबन्धुत्व र मानव कल्याणको भावनालाई प्रस्तुत गरेका छन्। पुराना रुढी कुसंस्कार र बन्धनलाई चकनाचुर पार्दै जीवनवादी भावना, समस्याको समाधान पहिल्याउनको आँखा र नयाँ सामाजिक दृटिकोणलाई प्रस्तुत गर्ने प्रगतिशील धारणा यिनका रचनामा पाइन्छ। साम्प्रदायिकताको अन्त्य, राष्ट्रिय भावना र एकता कायम गर्न खोज्ने यिनका रचनाहरूमा मानवतावादी धारणा र सुधारवादी सन्देश पोखिएको पाइन्छ। यसरी सिङ्गो युगको प्रतिनिधित्व गर्ने कृतिको रूपमा स्थापित 'एक चिहान' उपन्यासलाई हेर्दा दृष्टि नै सृष्टि हो, दृष्टि नै प्रतिभा आधार बन्दछ, नयाँ मोड र गति दिन्छ। यही गति भित्र देखापरिरहेको नेपाली साहित्य भित्रको प्रगतिवादी धारामा कहिले नओइल्याउने फूलको रूपमा 'एक चिहान' उपन्यास रहेको छ।

+++

जनताबाट म विश्वास चाहन्छु तर आशा होइन। विश्वासमा सक्रियता, कर्मण्यता, उद्यमशीलता र सख्यभाव परिलक्षित रहन्छ, आशा भनेको अकर्मण्यता र परमुखापेक्षी भावना हो।

– विश्वेश्वरप्रसाद कोइराला

कथा

आत्मबोध

❑ वेदकुमारी न्यौपाने

शम्भुले एकपटक भुइँभरि छताछुल्ल पोखिएको पानी र घोप्टी परेर लडेको बाल्टीलाई हेरे । एकपटक खुट्टा छाम्दै रोइरहेकी श्रीमतीलाई हेरे । रीस थाम्न नसकी दुई तीन थप्पड हिर्काएका थिए, त्यो हातलाई पनि हेरे । कस्तो कस्तो नमज्जा लाग्यो ।

अस्ति पनि माग्नेलाई खान दिएको कुरालाई लिएर झगडा भयो । उसले चुप लागेर सही दिएको भए हुन्थ्यो, उसले पनि मुख छोडी । उसलाई दुःखी, असहायलाई केही दिन पाउँदा मन्दिर गए भन्दा आनन्द लाग्छ रे ! झोक चल्ने कुरा ! .... आफ्नो पनि रीस कडा छ, हात छुच्चो छ उठी हाल्छ । अब त धेरै बूढी भइसकी नपिटुँ भन्यो ..... । यस्तै के के सोच्दै पुनः श्रीमतीलाई हेरे । रमा रोइरहेकी थिइन् । गएर सुम्सुम्याउँ जस्तो लाग्यो । तर अहिलेसम्म कति रिसाए, कतिचोटी पिटे, कहिल्यै सुम्सुम्याएका थिइनन्, त्यसैले अर्कातिर फर्के । मनमा त्यस्तो कुनै भाव नआए झैं फत्फताइ रहे । 'हिजो मात्रै यी यिनै हातले कट्कट् गनेर ... त्यो पनि एक पटक हो र ? चार चार पटक गनेर सिरानीमा राखेको तीन सय रुपियाँ आज हेर्दा छैन ... । कहाँ गयो त्यो ? कसले लान्छ घरबाट ? चोर्नेले लग्या भए अरू थोक पनि लाँदो हो ! घरमा अरू कोही छैन, कसैले झिक्यो भनुँ भने ! मैले आफ्नै हातले राखेको अहिले हेर्दा छैन, अनि नकराए के गर्ने ? सोधे पछि जस्ताको त्यस्तै भन्नु पर्छ नि ! झन् नानाथरी कुरा गर्ने ! अनि रीस उठ्दैन ? ल भन् कहाँ गयो त्यो पैसा ? कसलाई दिइस् ?'

'के थाहा त मलाई ? राख भनेर दे'को भए त भनेको पनि सुहाउँछ, आफै राख्ने आफै खोइ भनेर कराउने ! त्यसरी आफू खुशी झिकेर चलन चल्ती गर्न के पाउनु नि मैले ! एक रुपियाँ त आफू खुशी खर्च गर्ने हक छैन मेरो ! तीन तीन सय झिकेर कसलाई दिनु मैले ? भन्न पनि कसरी सक्या' होला ! त्यति पैसा चलाउन सक्ने भए यो दश ठाउँमा सिला'को धोती बेरिएर बस्नु पर्थ्यो ! मैले धोती फाट्यो भनेको महिना दिन भै सक्यो, सधैं पैसा छैन भन्ने ! रै'छ नि त !' रमाले रुँदै भनिन् ।

'अरू कुरा हैन, मलाई त्यो पैसा चाहियो, कहाँ राखेकी छेस् लौ भन् !' शम्भुले कडा स्वरले भने ।

'कहाँ गयो त पखेटा हालेर उड्यो रातभरिमा ? यो उमेर भैसक्यो, घरको सम्पत्तिको केही वास्ता छैन । कति कराउनु, कति गाली गर्नु ! अर्कालाई पनि सास्ती दियो, आफूले पनि सास्ती खायो, बुद्धि नभएकी आइमाई !' शम्भुले दिक्क मान्दै भने । उनलाई तीन सयको मोह झन् झन् बढ्दै थियो । त्यसैले रमाप्रतिको सहानुभूति सेलाएर गयो ।

'तपाईंलाई के को सास्ती नि ! सास्ती त मैले पो खानु पर्‍या'छ सधैंभरि ! वर्षको बाह्रमहिनामा बाह्रदिन पनि छैन होला सुबिस्तासित बस्न पा'को ! पुर्पुरोमा पनि के लेखेछ कुन्नि भावीले !' रमा रुँदै पनि थिइन्, मनको तीतो पोख्दै पनि थिइन् ।

'तैंले पो के सुख दिएकी छेस् र ! सधैं यही चाल् । एउटा काममा सन्तोष र सुख दिन सक्या हैन ....' 'मलाई रुवाए पछि त सुख सन्तोष भै हाल्यो होला नि ! मर्ने दिन गनेर बस्ने बेलामा पनि यस्तो गोता खानु परेको मैले ! .... मलाई नै यस्तो पोइ किन पर्‍या' होला ? रुईको थुप्रोमा बसेर हातमा आगोको फिलिङ्गो लिए जस्तो । नफाले पोल्ने, फाले झन् ढड्ने ! मर्न काल पनि आएन..., अहिले नै हुरुक्क हुन पाए पनि हुन्थ्यो नि !' भन्दै रमा मुटुमा भक्कानो पार्दै रोइन् । शम्भु केही नबोली गएर ओछ्यानमा पल्टे । तीनसयका हरिया हरिया नोट आँखामा फेरि घुम्न थाले । आज साथीभाइसित बसेर रमाइलो गरुँला भनेर, बचाएर राखेको ! कहाँ गयो होला ? यहीं राखेको ! यस्तै सोच्दै उनले फेरि तकिया पल्टाएर हेरे । दश पटक पहिले नै हेरिसकेका किन भेटिन्थ्यो ? रीसको झोकमा तकियालाई भुइँतिर फाले, तकियाको खोलभित्रबाट तीनसयका नोटहरू

तासको पत्ती झैं खरर खसे । उनी जिल्ल परे एकछिन सम्म । कहाँ खोल मित्र पो परेछ ! घत् व्यर्थै यत्रो रडाको मच्चियो घरमा बिहान बिहानै !' उनले एक एक नोट हातमा लिएर खेलाइ रहे ।

शम्भु फेरि ओछ्यानमा पल्टे । रमासँग विहे भए देखिका मुख्य मुख्य घटनाहरू सम्झे । रमाले वास्तवमा उनलाई बिझ्ने र दुख्ने त्यस्तो केही भनेकी थिइनन् । उनले नै बरु भन्न हुने नहुने केही बाँकी राखेका थिइनन् । 'साँच्चै धेरै खपी त्यसले ! म पनि के भा'को होला त्यतिबेला ? यही स्वास्नी भनेर जिन्दगी के बिताइएला र जस्तो लाग्यो !' उनका सोचाइका तरङ्गहरू अझ फैलँदै गए । साँच्चै म किन सन्तोष गर्न सकिरहेको छैन ? लोग्ने स्वास्नी सबैका हुन्छन्, शायद झगडा पनि सबैको हुँदो हो ! आखिर अरूका स्वास्नी पनि रमा जस्तै त हुन्, अझ यो जत्तिका पनि होओइनन्....। रमाले के दिएकी छैन र ? छोरो पनि दिएकै हो, कपूत निस्क्यो र पो ! आफूलाई यो तीनवटा कोठा ढड्याएर टिनको ओत हाल्न कत्रो महाभारत ! उसलाई भने साँगुरो भो'रे ! उसलाई सुहाउँदो भएन रे ! सानो छउन्जेल, पढुन्जेल यही घर उसलाई स्वर्ग भा'थ्यो । विहे भए पछि, जागिरे भए पछि भएन । घर छोड्ने बहाना पनि कति नसुहाउँदो ! उसकी स्वास्नीले दाइजोमा ल्याएको एउटा काठको थोत्रो कोठामा अटाएन रे ! यस्तै हुन् कलियुगका छोरा बुहारी । बुहारी भएकी पनि कस्ती ! एक पटक बूढा भएका बाउआमालाई छोडेर नजाउँ भन्न सकिन । किन भन्थी ! मनपरी गर्न पाइने एक्लै भए, बुढाबुढीको झन्झट किन बेहोर्थी ?' शम्भुले धेरै कुरा सोचे, धेरै कुरा सम्झे तीन सय रुपियाँ अहिले पनि हातैमा थियो ।

उनी उठे र रमाको नजिक गए । उनी अझै दुबै घुँडामा टाउको अड्याएर सुँक्क सुँक्क रोइरहेकी थिइन् । शम्भुलाई के गरुँ के गरुँ भयो । नरोउ पैसा भेट्टाएँ भनुँ कि ! होइन ... आफ्नो गल्ति सोझै देखिन्छ, पैसाको कुरै गर्दिन । उनले दोधारे मनस्थितिले रमाको शिरदेखि पाउसम्म हेरे ! 'विचरी ! तीनसयको कारणले तीन हजार आँसु झारी होला !' उनले देखे, रमाको धोती धेरै नै फाटेको रहेछ । उनले खल्तीमा हात हालेर तीनसय रुपियाँ मुट्ठीमा कसे । एक मनले रमाको हातमा पैसा राखेर धोती किनेर लगा भन् भन्यो । अर्को मनले भन्यो कहाँ हुन्थ्यो ? साथीहरूसँग बसुँला भन्ने वाचा छ, फेरि त्यही गर्न नपाउने झोकमा त घरमा यस्तो महाभारत भयो । कहाँ छोड्ने ?' मनमा द्वन्द चलिरह्यो । उनले खल्तीको पैसा खल्तीमै राखे, बाहिर झिकेनन् ।

'हैन कति रोइ राख्या'हो, उठेर खाना बनाउनु पर्‍यो । मलाई छिटो बाहिर जानु छ' भनेर उनी बाहिर निस्के । बाहिर त निस्के तर कहाँ जान निस्के उनैलाई थाहा भएन । कहाँ जाने भन्ने अन्योल मै उनी तल्लो घरतिर लागे । त्यहाँ पिडीमा एकजना अत्यन्त दयनीय अवस्थाका वृद्ध माग्नेलाई देखे । ती वृद्ध रोग, भोक र बुढ्यौलीले गर्दा बस्न समेत राम्रोसँग सकेका थिएनन् । बोल्दा आवाज काँपिरहेको थियो, बस्दा पनि सारा शरीर हल्लिरहेको थियो ।

'हजुर ! म बिरामी छु, दुई दिन भो, केही खान पा'को छैन । तातो दुई गाँस खान दिनोस् हजुर ! धर्मलाग्छ ।' बृद्ध याचना गर्दै थिए । शम्भु भने उनलाई हेर्दा हेर्दै धेरै वर्ष अगाडि पुगे । ती बृद्ध पनि कुनैबेला जवान थिए । तिनकी राम्री पत्नी थिइन् । छोराछोरी थिए । उनका परिवार हाँस्दै रमाउँदै त्यो बाटो धेरैपटक हिंडेका शम्भुले देखेका थिए । त्यसपछि धेरै वर्षपछि आज देखे, तर कति फरक ! ती बृद्धले त्यो घरका प्रत्येक व्यक्तिको प्रश्नसँगै आफ्नो जीवनगाथा खोलिरहेका थिए, जीवनमा भोगेका दुःख सुखका अनुभूति बताउँदै आँसु झार्दै थिए । तर शम्भुले केही सुने केही सुनेनन् । उनको स्मृतिको ऐनमा ती बृद्धका परिवार सल्बलाई रहे ।

'छोरा बुहारी भएर पो के गर्नु, कलियुग लाग्या'छ ! जग्गा जमीन भएर के हुन्छ, पाखुरा नभए पछि ! के गर्ने हजुर ! धेरै सम्पत्ति भा'को भए यस्तो दुःख पाइने थिएन होला ... । मर्ने बेलामा साह्रै दुःख पाइयो...' उनले लामो सास फेरे र एकछिन टोलाए ।

'एउटा कुरा हजुर ! स्वास्नीलाई अघि लाएर ... यो बुढेशकालमा ... यो पापी दुनियाँमा बस्न नपरोस् ... लुते कुकुरले नपाउने दुःख पाइँदो रै'छ ....' बोल्दाबोल्दै बृद्धको घाँटी अवरुद्ध भयो । उनले मैलोकुचैलो दौराको फेरले आँसु

पुछे । शम्भुलाई साह्रै नमज्जा लाग्यो । जीवनमा पहिलो पटक कुनै दुःखी र असहायको दुःखमा उनको मुटु चस्केको थियो । घरकी आमैले ती बृद्धलाई भात ल्याएर दिइन् । उनले त्यो एकैचोटी झम्टेर हातभरीको गाँस हालेर आत्तिदै खाए, तर निल्न सकेनन्, किक्ककिक्क गरेर फुस्रा आँखा पल्टाए । सबै मिलेर चलाए, हल्लाए र पानी खुवाएपछि बल्ल आँखा हेरे । राता राता आँखामा आँसु भरिएको थियो । 'यस्तै अघोरी न'भा भए यस्तो दुख किन पाइन्थ्यो ? दिनु भा'कै थियो बिस्तारै खा'को भए नी हुँदैनथ्यो र ? तर हजुर ! पेटमा आगो बलेपछि कहाँ होस हुन्छ र ?' भन्दै फेरि हतारिदै खान थाले । शम्भुले एकछिन सम्म ती बृद्धलाई हेर्दै के के सोचिरहे, त्यसपछि फरक्क फर्केर सरासर पसलतिर लागे ।

केही क्षणपछि उनी घरमा आए । रमा सुतिरहेकी थिइन् । रमालाई थाहा थियो, घरमा आउँदा खाना पाकेको नदेखेपछि एकपटक फेरि बूढाले महाभारत मच्चाउँछन् भन्ने कुरा ! तर पनि जेसुकै होस् ! कति गर्दा पनि भएन, नभइरहोस् भनेर उनी सुतिरहेकी थिइन् ।

शम्भु उनको नजिकै गए र बिस्तारै सिरक हटाए, रमाको सर्वाङ्ग काँप्यो तर पनि आँखा खोलिनन् । अब पर्ने प्रहारको लागि भित्रभित्रै तयार भइन् तर अनुहार भने रातो र तातो भएको शम्भुले स्पष्टै देखे ।

'ए ... उठ् !' लोग्नेको मिठासपूर्ण आबाज सुनेर रमालाई विश्वासै लागेन, ठम्याउनको लागि आँखा खोलेर हेरिन् । साँच्चै उनै रहेछन्' भन्ने भावमा हेरिरहिन् ।

'हेर ! मैले तलाई धोती ल्याइदे'को छु...कस्तो छ ?' रमाले शम्भुको मुखमा हेरिरहिन् । 'पैसा कहाँ पाएर ल्याउनु भो ?' भन्ने भाव रमाको आँखामा पढेपछि उनलाई अप्ठेरो लाग्यो ।

'त्यो पैसा क्या !...' उनले एकैचोटी भन्न सकेनन् । टाउको चारैतिर घुमाएर भने 'त्यो पैसा .... त्यो तीन सय रुपियाँ.., त्यही तकियाको खोलभित्र रै'छ ।' लाज पचाउन खिस्स हाँसे उनी । रमालाई भने आफूले जीवनमा देखेका र भोगेका सबै घटना भन्दा यो घटना अनौठो लाग्यो । उनी कहिले लोग्नेको मुखमा कहिले लोग्नेको हातको धोतीमा हेरेर जिल्ल परिरहिन् । 'तपाई त एक एक पैसा बचाउनु पर्छ ... एक एक दाना आफ्नो खानाबाट घटाएर पनि भविष्य बनाउनु पर्छ, ... भविष्य हेर्नु पर्छ भन्नु हुन्थ्यो, आज कसरी .... ?' रमाको बोली बीचमै रोकेर उनले भने 'मैले आज मेरो भविष्य देखें रमा ! मेरो भविष्य अब तै होस् ..., तँ नभएमा त्यही तल्ला घरमा माग्न आएको बूढो ..... ।' भन्दाभन्दै शम्भुका आँखा रसिला भए । रमाले केही बुझिनन् । अचम्म मानेर लोग्नेलाई टुलुटुलु हेरिरहिन् अबोध बालकले जस्तै । शम्भुले रमासँगै बसेर उनको कपाल मुसारे, आफूले हिर्काएको ठाउँमा सुम्सुम्याए । रमाले आँखा चिम्म गरेर लोग्नेको छातीमा टाउको अड्याइन् । बन्द आँखाको परेलीबाट आँसु चुपचाप बगीरहे ।

गोरखा

हाल: काठमाडौं

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

मेरिनोल नेपाल "आशादीप"

(मानसिक विरामीहरूको पुनःस्थापना केन्द्र)

सिफल, काठमाडौं

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

दिलबहादुर धामी

(अध्यक्ष)

विनायक नगर विकास समिति, परिवार

अछाम

कविता

वृक्षरोपण

❑ लुशराज

हुर्काउन हैन
प्रचारकै लागि न हो
संरक्षणको के खाँचो
वृक्षरोपण भैहाल्छ ।

वृक्षरोपणकै नाममा
बरु जङ्गल फाँडे हुन्छ
तिथि उत्सव चाडपर्व
वृक्षरोपणले नै टर्छ ।

प्रायोजनमा जे जति छापिए
ती खबर कागज उदिने हुन्छ
अरूको पसिना बगेको खाल्टोमा
पासा फ्याँके झै विरुवा फ्याल्दा
ठूलाबढाका महान् कार्य
'वृक्षरोपण' पूरा हुन्छ ।

रोपो सबै जाग्दो हो त
घाम नछिर्ने जङ्गल बन्थ्यो नेपाल
अनि उठीबास लाग्थ्यो नेपालीको
धन्य, हात थाप्दै छौ ईश्वर !
तिम्रो महिमा अपरम्पार !!

सयौं वर्ष टिक्छ भन्थे
ती रैथाने जातका साल
खेदिए सब ती ऐले
आए नयाँ नश्ल विशाल
महामारी पस्यो दुर्भाग्य कस्तो
उपचार भन्दा काठकै आयात सस्तो
विकासे नश्लका नयाँ जात
खड्ग्रिन थाले लाग्ना साथ !

- - -

कविता

सुन्दरीजल

❑ कविराज कृष्णबहादुर मिश्र

सुन्दरीजलमा सुन्दर ताल
तलतिर गङ्गा कलकल छाल
स्वर्गीय मोहक पर्वत छहरा
प्रकृति मनोहर मञ्जुल लहरा ।

जङ्गल हरिया कुसुम सुवास
शीतल छाया मन्द बतास
शान्त तपोवन नदी किनारा
शुभ्र उज्यालो साथ सहारा ।

ध्यान समाधि गर्दछु मार्जन
मनले जलले यो उर सिञ्चन
सुन्दरीमाई माता सबकी
हे जगदम्बे ! त्राता भवकी ।

गीत

❑ युवराज प्रसाई

कोइलीले वनपाखामा मिठो गीत गाउँछे
शेर्पीनीले चुल्ठैभरि गुराँस टिपी लाउँछे ।

कस्तुरीको बिनाले वनै मगमगाउँछ
उत्तरका हिमालले जगत् जगमगाउँछ
मलाई भेट्न चौतारीमा सानी पक्कै आउँछे
कोइलीले वनपाखामा मीठो गीत गाउँछे ।

सगरमाथा अग्लिदैछ आकाश छुनलाई
मेची-काली बगिरे'छन् सागर हुनलाई
मेरी माया पोल्टाभरि काफल टिपी ल्याउँछे
कोइलीले वनपाखामा मीठो गीत गाउँछे ।

कर्मैया-८, सर्लाही
हाल- काठमाडौं

कथा

पछुतो

❑ खिमानन्द आचार्य

गोपी सानै थियो । ऊ सानै छँदा उसका बाबुआमा परलोक भएका थिए । बाबुआमा विनाको गोपी ज्यादै सोझो र सरल थियो । तर पनि कान्छी आमाको लछारपछार - कान्छा-बाको कुटाइले उसको हाडछाला मात्र थियो । उसको दैलाको कुनामा एउटा गुन्द्री र उसकै आमाले छोडेर गएको ओढ्ने ओछ्यानमा दिनभरको थकाइ सुस्ताउँथ्यो । बिहान उठेर पँधेरा गएर पानी ल्याउनु घाँस काट्नु, बस्तुभाउको गोबर फाल्नु उसको नित्यकर्म थियो ।

एक दिनको कुरा हो, सबै काम सिद्धाएर रमिता र अमिता सँगै बसेर पढ्दै थियो । त्यस्तैमा कोपिला बाहिर आइन् । उनलाई त्यो दृश्य पचेन । मनमनै (त्यो अभागी मोरो पनि मेरा छोरा-छोरीसँगै बसेर पढ्ने ।) ए गोपे - चुलामा दाउरा छैन , पानी छैन, कट्कुरामो गएर दाउरा ले, पानी छैन । भैंसी भोकाएका छन् । घाँस हालिदे ।

गोपी केही नबोली हिंडिहाल्यो ।

आमा गोपी दाइलाई पनि पढ्न दिनुस् । कक्षामा पढेन भनेर जहिले पनि सरले कुट्नु हुन्छ । किन गोपीले पढ्नु पदैन र !

भाग्यमा लिएर आउनुपर्छ पढ्नलाई । अभागी मोरो । जन्मंदा - जन्मदै बाबु-आमा खायो । भाग्यमा नभएको कुरा खोजेर कहाँ पाइन्छ ।

भाग्य भनेको के हो आमा ? किन गोपी दाइको - भाग्यमा किन छैन ? सरले त सबैले पढ्नु पर्छ । ज्ञान विनाको मान्छे पशुसमान हुन्छ भन्नुहुन्थ्यो । गोपीलाई कुटेको र रोएको देखेर हिजो स्कूलमा सरहरूको पनि झगडा भयो ।

आफूले पढाएको विद्यार्थीले इज्जत राख्नु त कता-कता । पढ्न नसक्नेले पढ्न छोडिदिने । हामी गाउँभरिका दुःखी असहाय र असक्तका सन्तान पढाएर जोगी हुन पढेका पनि त होइनौं । फेरि हामीले ठेक्का लिएका पनि छ छैनौं । सचिन्द्र सर अचम्मको हुनुहुन्छ । पढ्न मन लागे पढ्ने मन नलागे छोड्ने ।

कुनै विद्यार्थीको आर्थिक, पारिवारिक अवस्था कमजोर देखेर हामीले उनीहरूप्रति नराम्रो व्यवहार गर्‍यौं भने उनीहरूको भविष्य कस्तो होला । के हामी शिक्षकहरूको दायित्व विद्यार्थीहरूप्रति अपमान गर्नु हो । संसारमा सबै धनी छैनन्, कोही धनी छन् कोही गरीब । तर गरीबहरूको आत्मसम्मान हुँदैन । कसैको आत्मसम्मानमा आँच पुऱ्याउनु सुखको कुरा हो भने दुःख के हो ? हामी शिक्षक आँखामा धनी, गरीब, सानोको रेखा हुनु हुँदैन । यदि हामीले नै समाजमा विकृति जन्माउने शिक्षा दियौं भने हामीले देश र समाजको लागि मात्र होइन, आफूले आफैलाई ढाँटेका हुनेछौं ।

के गोपीले आफूलाई आफैले बेसहारा बनाएको हो र ? भोलि गोपी जस्तो अनाथ तपाईं हाम्रा छोराछोरी हुन सक्छन् । सिता खाने गीठा खाने र गीठा खाने सिता खाने हुन के बेर लाग्छ र ? भविष्य कसलाई थाहा छ ? पास्ट इज पास्ट, फ्युचर इज अन्सर्टेन, प्रिजेन्ट इज मस्ट इम्पोर्टेन्ट टाइम् भनेर कत्रो बेर बहस भयो ।

त्यतिमात्र कहाँ हो र ? त्यो भन्दाभन्दै एक जना अभिभावक आइपुगे । झन् आगोमा घ्यु हालेझैं भइहाल्यो । तपाईंहरू नै विद्यार्थीलाई उपहास गर्नुहुन्छ भने कसैले कसैप्रति नराम्रो भावना राख्नु हुँदैन भनेर सिकाउनुपर्ने त कताकता विद्यार्थीलाई अङ्गभङ्ग हुने गरी पिट्ने, अपमान पूर्ण व्यवहार गर्ने, छात्राहरूमाथि कुभावना राख्ने, के असल शिक्षकमा हुने गुण हुन सक्छन् । आफ्ना छोराछोरीले नपढ्दा आफ्नो छाती जसरी चिरिन्छ, भविष्य जसरी अन्धकार देखिन्छ, आफ्नो मेहनतको दुरुपयोग भएको महसुस हुन्छ, त्यो कुरा बुझ्नुपर्छ ।

कहिलेकाहीं के भइदिन्छ कुन्नि । घरमा उठेको विवाद र झगडाले असर पार्छ । दिमाग तातिरहेको हुन्छ । मनको आवेग थाम्न नसक्दा कक्षामा अपमानजनक कार्य हुन्छ, हुँदोरहेछ । कमजोर विद्यार्थीहरू त्यसका शिकार हुन्छन् । यसमा मैले क्षमा माग्छु भन्नुभयो- गोविन्द सरले

र मात्र । नभए त्यस दिन सर र विद्यार्थीबीचमा झगडानै हुने थियो । त्यसैले अब आमाले पनि ..... । के तैंले फाल्छेस् गोबर । फाल् । पानी ले । बड जान्ने हुँदिरहिछे ।

हामी सबै मिलेर गर्छौं ।

जान्ने हुनु पर्दैन । पढ् बसेर ।

आज कक्षा - स्कुलमै मेरो विषयमा - विवाद - आखिर मेरो के दोष ? उसको छाती चिराचिरा भयो । बा-आमालाई काल आउँदा मलाई किन आएन । म मर्न नसकेर किन बाँचें । आखिर म कसको लागि बाँच्दै छु र केका लागि यत्रो अपमान सहँदैछु । उसका आँखामा आँशु छताछुल्ल भयो ।

त्यस्तैमा- किन रुनुभएको दाइ, के भयो ? के आमाले गाली गर्नुभयो ।

छैन, केही भन्नुभएको छैन । त्यसै आँशु बग्छन्, कहिलकाहीं । समय बित्दै गयो । गोपी पनि ठूलो हुँदै गयो । तर उसले आफ्ना कान्छा-बा, कान्छी आमाको मनोभावना विपरीत कुनै काम गरेको थिएन तापनि उसले सद्भावना, ममता र अपनत्वको कुनै आभाषसम्म पाएको थिएन । सायद त्यसैले पनि त्यो बाल्यवस्थामा नै निरस देखिन्थ्यो । उसको अनुहारमा सुखद अनुभूतिको आभाससम्म पनि थिएन । ऊ सानै उमेरदेखिनै एकान्तप्रेमी थियो । झैंझगडा, कर्कशपूर्ण स्वरले त उसको मुटु कान्थ्यो । त्यहाँ उसले आफै कान्छीआमाको उपस्थितिको अनुभूति प्राप्त गर्दथ्यो ।

एकदिनको कुरो हो, भोलिदेखि जाँच शुरु हुने भएको हुनाले गोपीले राति नै उठेर काम सिद्धाएर पढ्न मात्र के लागेको थियो । त्यस्तैमा कान्छी आमाको मुटु छेड्ने वचनले उसलाई थिलोथिलो मात्र पारेन कि पिटाइले गर्दा रुँदै खर्कीतर लाग्यो । बलिन्द्रधारा आँशु पुछ्दै गएको देखेकी, पल्लोघरकी कोपिलाको साथी रमा आइन् ।

अति नै भयो कोपिला ।

लोग्ने छोरा हो, के गरिस् आज । पसलेले आँसु पुछ्दै झर्दै थियो । टुहुराको भाग्य करङ्सा पछाडि भन्छन् । आखिर तिमीहरू बाहेक उसको को छ र ? भाग्यले छ ठग्यो-ठग्यो तिमीहरूले दयामाया नदिए कसरी हुर्कन्छ । के भन्न सकिन्छ र पछि उसको आश गर्नुपर्ने पो हो कि ?

अर्काको बाच्छो चाटी, मुखभरि रौं भन्ने तिमीलाई थाहा छैन । तर पनि मिल्ने साथी हुनाले - सम्झाएकी हुँ । छोरो मान्छे रोएको राम्रो देखिंदो रहेनछ । मैले त भन्नेसम्म त हो । अब त ठूलो भइसक्यो ।

रामुको बुबा भन्नुहुन्छ- पाँचवर्षसम्म लालनपोषण गर्ने, १० वर्षसम्म अधिनमा राख्ने र १६ वर्षको उमेर पुगेपछि मित्र समानको व्यवहार गर्नुपर्छ रे । गाउँभरि दाजुको छोरा भनेर ..... । कति कुरा काटेका छन् । पछि बुझ्ने होला, सम्झला ।

सम्झे सम्झिउस् खान परेपछि काम पनि त गर्नु पर्‍यो । मरेर गए पनि केही छैन, सम्झना । उसको बाबु-आमाको ।

दिनहरू बित्दै गए । आफ्ना साथीको सद्भावनाले उसका मनमा नयाँ आशाको बिजारोपण भयो । अनेकन आरोह र अवरोह बीचमा नै एस.एल.सी. पास गर्‍यो । तर रमिता र अमित भने दुबैजना फेल भए । तब घरमा दिनदिनै जस्तो झगडा हुनथाल्यो । तिनीहरूले गोपेको आची खाए पनि हुन्छ । आखिर त्यति दुःखमा बसेर पनि पास भने भयो ।

अब दिनदिनै झगडा हुनथाल्यो । रमिता र अमीत । बाबुको अभद्र व्यवहारले गर्दा कर्कशपूर्ण व्यवहारले रमिताले साथी खोजेर गई । उता स्कूल जान छोडेपछि गोपीको सङ्गत बिग्रदै गएको थियो । आमाको लाडे स्वभावले गर्दा उसको खर्च रोकिएको थिएन ।

अब त अमित पढ्नभन्दा घुम्नमा जोडदिन थाल्यो । उसले पढ्ने सल्लाह दिंदा-उल्टै स्कुलमा अपमानित भएको प्रसङ्ग कोट्याइदिएर अपमान गर्‍यो ।

यही अभागीले गर्दा छोरीले घर छोडी अब के के हुने हो । बा के भयो भनेर सोधिस् ? कति दिन भयो बाउ सुतेको ? पर्दैन क्याम्पस स्याम्पस पढ्न । अब म सक्दिन । आफ्नो सम्पत्ति लिएर बस् ।

शायद त्यसैले होला- गोपीको मुटु छ्या-छ्या भयो । उसका अगाडिका सबै चीज घुम्न थाले । रात परि सकेको हुनाले ओछ्यानमा पल्टियो । निद्रा पटक्कै लागेन । उठेर लामो सास थान्यो । अनि साँच्चैनै म अब घर छोड्नु नै ठीक होला- नभन्दै गोपी कहाँ गयो, पत्तै भएन । उसको विछोडमा सम्झनाका दुई थोपा आँशु चुहाउने कोही थिएन । उता अमित पनि आजभोलि दुई-चार दिन पछि मात्र

घर आउन थालेको छ । सचिद - रातदिनको जुवातास र क्सीसेवनले गर्दा प्रतिदिन खस्कदै गएका थिए । हेंलाको दाजुको छोरा सफल हुने तर आफ्ना छोराछोरी फेल हुनु, र मिताले केटो टिपेर हिंड्नु जस्ता घटनाले उनको मन भाँचिएको थियो, तन कुँडिएको थियो । सपनाहरू चकनाचुर भएका थिए । दाजुकै छोराको सहारामा दिन बिताउनु पर्ने हो कि भन्ने सङ्केत वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खाएको थियो उनलाई ।

अर्कोतर्फ कोपिलालाई बिहे गरेदेखि उसको परिवार ले चटक्कै बिर्सेका थिए । त्यही पीरले उनकी आमाको मृत्यु भएको घटनाक्रमले उनको मन पीरो भएको थियो । हुँदाहुँदै थला परे । धामीले दण्डीको ज्वरो भन्यो तर उनलाई त्यसैले टिप्यो ।

बाबुको मृत्युको खबरसम्म पाउन नसकेको अमीत शोक सन्ताप, भोक न भकारी भएर फर्केको रहेछ । रुघा, खोकी, ज्वरोले चापेको हुनाले र काजकृया समेत भएको हुनाले उसले साधारण चोखो भएर चोखो खाने काम गरेको भए पनि समय बित्दै जाँदा बाबु मरेको ९ महिनामा अमीतले पनि संसारबाट बिदा लियो । लोग्ने र छोरासँगको विछोडले गर्दा कोपिला पागल जस्ती भएकी थिई । भाइ शिवको सहयोगबाट जाति भयो । बाबु, छोरा र आफ्नो औषधी खर्चले गर्दा घरमा केही बाँकी रहेन । त्यसैले गर्दा कोपिलाले गङ्गाको किनारमा गएर बस्ने निधो गरिन् ।

हेर, टुहुराका सराप लागे । जेठाजुको छोरा भनेर मनपरी गर्नु पनि त हुँदैनथ्यो । अनाहकमा कसैको मन दुखाउनु हुँदैन । त्यही टुहुराको सरापले गर्दा आज सारा चन्चलाश्री सिद्धिएर गङ्गाको किनारमा भक्तिनी रूप धारण गरेर बस्नुपर्ने भयो । अहिले दुःख पर्दा मायालु भएर के काम । कुनै दिन मुन्टो बटार्दै हिंडेको यही आँखाले देखेको हो । कोपिलाले घरबाट निक्लँदा बाटोमा सुनी ।

हो, नर्मदा मेरो अहङ्कारले आज मलाई विपत्तिमा पाऱ्यो । त्यही पापको प्रायश्चित गर्नु मेरो कर्तव्य पनि हो । म सत्यबाट विचलित भएपछि, म आफैलाई चिन्दिनँ । तैंले ठीकै भनिस् तर पनि मभित्रको आगो बलेको थियो । झन् पर पुगेको छ । यति कुराको ज्ञान पहिले भएको भए आज गङ्गाको किनारमा शरण लिन जानु त पर्दैनथ्यो । के जान्न सकिन्छ र भाग्यको यात्रा कहाँ पुगेर टुङ्गिने हो । त्यो वैभव आज केवल जीवन जीउने आधार खोज्दै हिंड्नु पर्ने बाध्यतामा परिणत भएको छ ।

गोपी अफिसबाट फर्कँदै थियो । दोबाटोमा ऊ अचानक रोकियो । उसले निदारमा पहेंलो टीका लगाएकी पूर्व परिचित लाग्ने अनुहार सरासर भक्तिनी टोलमा जाँदै गरेको देख्यो । परिचित अनुहार भए पनि उसले ठम्याउन सकेन । निधार चाउरी परेको थियो । शरीरमा खैरो धोती, पहेंलो चोलो, पटुका कम्मर कसेकी, एउटा सानो पोको कम्मरमा कसेकी, हातमा लौरो टेक्दै गरेको दृश्य उसको आँखामा नाचिरह्यो ।

त्यो चञ्चलाश्रीकी कान्छी आमाको त्यस्तो हविगत कहाँ हुन सक्छ, गाउँले दाजुभाई, मावलतर्फ, फपुहरू, छरछिमेकी सबै सम्झ्यो । सानी आमा । को हुन सक्छ । गोपी सरासर उतै लाग्यो ।

के गर्ने – भाग्य भन्ने कुरा आफुले बनाएर बन्दो रहेनछ । श्रीमान् छोरा-छोरी थिए । दैवले ठगे पछि के लाग्दो रहेछ र ! श्रीमान् वित्नु भयो, छोरी केटो टिपेर हिंडी, छोरालाई पनि त्यसै साल कालले पुछेर लाग्यो । सम्पत्ति सिद्धियो । एउटा जेठाजुको छोरा थियो – त्यो पनि घरबाट निक्लेर गएको पछि कहिले फर्केन ।

छोडिदिउँ –भक्तेनी मेरा आफ्नै छोरा-छोरीले त नहेरेर म यहाँ आएर बसेकी छु । अब जेठाजुको छोरा किन फर्कन्छ – विनसित्तैमा बुढिलाई पाल्न । अब त देखे पनि नदेखे झैं गर्छ । यो त कलीयुग हो । दया-माया-केही छैन यो संसारमा । कहाँ होला बस्ने ठाउँ ।

खै यता त कहिं छैन, तलतिर कतै छ कि –खोज्दै जाउन । के चाहियो बुढिआमालाई - बस्ने ठाउँ चाहिए जस्तो छ नि । हो नि खोजेको त ... ।

मेरो घरमा बस्नुहुन्छ भने हिंड्नुस्, पछि ठाउँ खोजेर बस्नु होला । अहिले अँधेरो हुन पनि लाग्यो ।

करैले भन्यो के खोज्छेस् काना आँखो, डक्टर साहेबको घरमा बस्न पाए । बाबुलाई झिझो लाग्ने हो कि ! राती काँसो लाग्छ । घरमा एउटा छुट्टै कोठा छ, त्यसैमा बस्नु होला । खाली छ, मैले भाडामा राख्ने गरेको छैन । बुढिया नबोली पछि लागिन् । हैन, यो मानिसले किन दया देखाएको । धर्म कर्ममा लाग्ने बेलाको पनि छैन । एक छाक खान दिन गाह्रो मान्ने ठाउँमा यति दयालु पनि हुँदा

रहेछन् । यही कोठामा बस्नुस्, भन्दै बुढियालाई कोठा खोलिदियो उसले । किन केही बोल्नु भएन नि । डराउनु पर्दैन, भक्तिटोलमा ठाउँ नमिलेसम्म ढुक्क भएर बस्नुस् ।

बाबु - खाने खर्च मैले केही ल्याएकी छैन । बजार बाटै किनेर ल्याउनु पर्ने । बाटोमा धेरै कुरा मनमा खेले भुसुक्कै बिर्सिछु । यहाँ बस्दासम्म तपाईंले कुनै कुरा किन्नु पर्दैन । हाम्रो परिवार सानो छ । हामी दुईजना र छोरा छोरी चार जनाको परिवारमा एकजनालाई के नै बढि लाग्छ र ? चिन्ता नलिई बस्नु भए हुन्छ । भन्दै आफ्नो कोठातर्फ लाग्यो । बुढिया भित्र गएर बसिन् ।

समय वित्दै गयो । गोपी भरसक कोपिलासँग परिचित हुन चाहँदैनथ्यो । घरबार छोडेर भक्तिनीहरू जब गङ्गातीरमा बस्न थाल्छन् तब उनीहरू भित्र एउटा अजीवको आत्मसम्मान गर्ने प्रवृत्ति पलाउँछ । उनीहरू कसैको कठैवरा भन्ने प्रवृत्ति र आफ्ना मान्छेको आश्रय भन्दा परचक्रीको भात पकाएर जीवन चलाउन रमाउँछन् । यस्तै कुरा सुनेको हुनाले पनि गोपी परिचित नभइकन आफ्नी कान्छी आमालाई आफ्नै घरमा राख्न लालायित थियो ।

हैन - कहिलेसम्म पाल्ने हो, यो बुढियालाई । खाना खान्छे - दिनभरि कहाँ जान्छे कुन्नि, बेलुका टुपलुक्क आइपुग्छे ।

हो - यिनीहरूको स्वभाव नै यस्तै हो । तर सुन यी बुढिया मेरी कान्छी आमा हुन् । बाल्यकालमा देखी सहिनन् र म घरबाट निक्लेर हिडें । आखिर – त्यो दिन उनलाई पनि आइपऱ्यो । घर छोडेकै दशवर्ष भयो भनेको सुनेको, घरवारी साहुले लिए पछि जोगिनी बनेर हिंड्नु भएको रे ! त्यसैले केही नभन्नु कान्छी आमा धर्मै हुन्छ, एकछाक खान दिएर सकिने छैन । बसुन् – आफ्नै घरमा ।

उता कोपिला चाँडै फर्केकी थिई । सबै कुरा उसले सुनी । जसलाई मैले घरबाट निकालिदिएँ उसैको आश्रयमा बाँच्नु भन्दा त मर्नु कल्याण आखिर म कस्को लागि बाँच्ने । कुन अनुहार देखाएर बाँच्नू । हरे दैव तैले कहाँ डोऱ्याएर ल्याइस् । अहँ म बाँच्नु भन्दा त मर्नु बेस । अब किन बाँच्छेस् तँ । जसलाई घरबाट निकालिं दिइस् उसैको घरमा आज त बासबसेकी छेस् । भन्दै क्रमशः घरबाट निक्लिएर गई । गोपीले त्यो दृश्य हेरिरहेको थियो ।

गोपी किन कुन्नि पछि लाग्यो । बुढिया टाढा पुगेकी थिइन् । उस्को आँखाबाट ओझेल परेकी हुनाले गोपीले सोध्यो ।

ती नयाँ भक्तिनीलाई देख्नुभयो ।

हो – यहाँ आज बास खोज्दै थिइन् । आँखाभरी आँशु थिए । मैले त सोध्न पनि भुलिछु । विचरा आँशु पुच्दै झरी – कहिले पनि झर्दिनथी – आज गङ्गाको किनारतिर लागी ।

गोपी गङ्गाको किनारतर्फ लाग्यो – त्यहाँ उही बुढियाले ओढ्ने गरेको वर्को र चप्पल थिए । उसका आँखा तिरमिराए – उ तल माथि दौड्यो तर पनि उसले आफूले खोज्दै गएकी कान्छी आमा भेट्न नसकी पछुतो मान्दै सबैलाई सोद्धै घर फर्क्यो ।

- - -

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

योगेन्द्रकुमार श्रेष्ठ
(वडा अध्यक्ष)
का.म.न.पा. वडा नं. १ परिवार

नववर्ष २०५७ को शुभ-उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

बेलप्रसाद श्रेष्ठ
(मेयर)
धुलिखेल नगरपालिका परिवार

कविता

यो कान्तिपुरमा

❑ डा. टीकाराम अधिकारी

डटी हिड्ने चल्ती शहर भर चल्दैछ अहिले
हुँदो हो निर्वाहा प्रतिदिन सफा जीवन मिले ।
पहाडी भै धाओस् सरल पथमा आफ्नु सुरमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । १

लुगा मैला पैह्रे सब मनुज हट्छन् परपर
हुँदा झन् जाडोको समय जिउ काँप्ने थरथर ।
न सस्तो तर्कारी छ अति महँगो चामल चना
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । २

भयो साह्रै बाँच्नै कठिन महँगो औषधि, फिस
मसी, कापी, पानी, घिउ र बिजुली लाखन चिज ।
रवाफी भै ज्यूने जन विरल छन् गाउँघरमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ३

उडूँ झैं गर्ला यो मन पनि कहीं मोटर चढी,
भए पैसा हेर्ने मन पनि हुने नाचन चरी ।
बिना पैसा केही गतिविधि यहाँ सुध्रिनु कहाँ ?
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ४

पढोस्, लेखोस्, गाओस्, चतुर हुन आओस् यदि भने
छ खाँचो पैसाको अभुधन विना जीवन रुने ।
बढी टाठा-वाठा अघिअघि हुनन् उच्चपदमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ५

उज्यालोमा निस्की विधन जन जाओस् पनि कता ?
अँध्यारोमा पल्टोस् उचित न हँसाएर जनता ।
न उब्जाओस् आशा अलिकति चढी मख्ख हुनमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ६

पसारोस् हत्केलो तर धन दिने को छ र यहाँ ?
हुने के पैसाको 'छिनिछिनि' जमाएर मनमा ।
भए आफ्नो खायो न त जिउ विलायो चहुरमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ७

परुन् बाटो हिंड्दा नजरतिर निर्धा जनहरू,
उतै छर्छन्, टेढा नजर धनवान् मानिसहरू ।
सुनिन्छन् जुत्ताका ध्वनि हृदय काँप्ने सडकमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ८

अँध्यारो के चम्कोस् कणभर जुनेली समयमा
न कुर्लोस् चल्दामा मधुर सुखसङ्गीत महिमा ।
न होओस् छाँयाको स्थिति पनि उज्याला दिवसमा
न लेओस् दुःखीले रहर रहने कान्तिपुरमा । ९

कास्की-मिजुरे- ७
हाल काठमाडा

के हो ठूलो जगत्मा पसिना विवेक
उद्देश्य के लिनु उडी छुनु चन्द्र एक – **महाकवि लक्ष्मीप्रसाद देवकोटा**

केही पुस्तक चाख्नको लागि मात्र हुन्छन् केही निल्ने योग्य हुन्छन् तर केही पुस्तक यस्ता हुन्छन् – जसलाई चपाउन र पचाउन सकिन्छ । – **बेकन**

समीक्षा

विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि

❑ ठाकुर शर्मा

'अपराजिता' खण्डकाव्यका मजगैंयाँ:

सत्व, रज, तमोगुण प्रभावित संसारमा तमोगुणको अधिक्यता जब बढ्न थाल्छ, समाजमा अनेक किसिमका विकृतिहरू देखिन थाल्छन्, परिवर्तनका चाहनाहरू बढ्न थाल्छन् । राजनैतिक व्यवस्थाको परिवर्तनसँगै समाजका विविध विकृतिहरूको परिवर्तन हुनु स्वाभाविक हो । समाजको परिवर्तनको चाहनानुरुप पनि व्यवस्था परिवर्तन भएको हुन्छ तर हरक्षेत्रको विसङ्गति रातारात निमिट्यान्न हुन सक्दैन, ऊर्ध्वमुखी भावनानुरुप शनैशनै परिवर्तन हुने कुरा हो । जुन उद्देश्यले परिवर्तन भएको हो त्यसको निराकरणतर्फ उन्मुख परिवर्तित व्यवस्था भएन भने पनि झन् दारुण अवस्था सिर्जना हुनसक्छ । नेपाल विविध जात, जाति , धर्म , पेशा, संस्कारद्वारा सञ्चालित देश हो । अशिक्षित समुदायको आधिक्यता नै यसको सबभन्दा ठूलो चुनौती हो । स-साना समुदाय वा वर्गमा विभाजित छ अशिक्षाले गर्दा पनि । धनी, धनी हुँदै जाने, गरीब झन् गरीब । यो प्रवृत्ति रहेकै कारण समय-समयमा उथलपुथल हुने गर्छ तर पनि सही मार्ग ठम्याउन नसक्नु नै प्रमुख समस्या देखिएको छ । अशिक्षित, गरीब जनताहरू आफ्नो पेट पाल्ने क्रममा राम्रा नराम्रा बाटाहरू अपनाएका हुन्छन्, त्यसैमा रमाउँछन् वा रमाउन बाध्य हुन्छन् । सही बाटो देखाउने व्यक्ति पाउँदैनन्, यसै निरन्तरतामा नेपालको वादी समुदाय पनि एक छ । यो समुदायको अवस्थालाई हेर्ने हो भने पेट पाल्ने साधन भएका छन् - महिला वर्ग । निकम्मा पुरुषले साधन बनाएको छ महिलालाई । पश्चिम नेपालको वादी समुदायको स्थिति पनि अत्यन्त चिन्ताजनक नै छ । अशिक्षा, बेरोजगार, निस्क्रियता, बाध्यता आदि नै प्रमुख कारण बन्न पुगेका छन्- वेश्या वृत्तितर्फ उन्मुख हुनमा । यिनीहरूको दयनीय स्थिति देखेर यिनको परिवर्तन कसरी हुनसक्छ, समाजमा प्रतिष्ठित कसरी बनाउन सकिन्छ भन्ने समुद्देश्यले नै यौटा कवि मन पग्ल्यो, साहित्यकारको मन पोल्यो, यौटा व्यक्ति ब्युँझियो अन्धकारलाई हटाउन बत्ती बाल्यो र 'अपराजिता' खण्डकाव्यको सिर्जना भयो – छन्दोबद्ध शैलीमा । अपराजिताको कथा, व्यथा नियाल्दा हरव्यक्तिको मन रुन्छ, द्रविभूत हुन्छ । यस्तो कृति दिने कवि व्यक्तित्व हुन् - उत्तमकृष्ण मजगैंयाँ ।

वि.सं. २००९ सालमा जन्मेका उत्तमकृष्ण मजगैयाँले जय अवसरवाद (हास्यव्यङ्ग्य कविता सङ्ग्रह) धरोधर्म हजुर गृहलक्ष्मी भित्र्याए पछि र सुनको फुल पार्ने पोथी (हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह) धरती पुत्र (खण्डकाव्य) प्रकाशित गरिसके पछि २०५६ सालमा 'अपराजिता' खण्डकाव्य र तिमी नरहे देश डुब्न्या छ (हास्यव्यङ्ग्य कविता सङ्ग्रह) प्रकाशित भएका छन् ।

'अपराजिता' खण्डकाव्य हो । आठसर्गको यो काव्य अनुष्टुप छन्दमा लेखिएको छ । नेपालका विभिन्न जाति मध्ये यो वादी समुदायको कथा हो । अत्यन्त पिछडिएको वादी समाजमा पनि २०४६ सालको शक्ति पछि केही परिवर्तनको सङ्केत आउन थालेको कविले देखाउन खोजेका छन् । यस खण्डकाव्यकी नायिका देवी जागरणको पृष्ठभूमिमा शिक्षाको उज्यालो ल्याएर यो समाजको नेतृत्व गरी परिवर्तन ल्याउन विद्रोहको आवश्यकता महसुस गरेकी छ ।

हजारौं हात उठ्ने छन् हात एक उठे पछि
हजारौं श्रृङ्खला जुट्लान् एक एक जुटे पछि
(सर्ग ५-६७)

खण्डकाव्यको कथावस्तु अत्यन्त रोचक छ । अविवाहित देवीलाई आम्दानी स्रोत सम्झिने बाबुको मनस्थिति, यौन रोगले ग्रसित भई मृत्यु भएको, पढेर लेखेर समाजमा इज्जतसाथ छोरी बाँचोस् भन्ने चाहना, हजुरआमाको चाहना परम्परागत रहोस् भन्ने छ, यसबाट मुक्ति दिलाउन प्रमुख पात्रा देवीलाई कविले चरित्रलाई कायमै राखी सक्षम, सबल बनाएका छन् । नयाँ समाजको निर्माण गर्न अग्रसर बनाउनेमा नारीको ठूलो योगदान हुन्छ भन्ने यथार्थतालाई खण्डकाव्यले

सचेत बनाएको छ । नायकको रूपमा रहेको विनय प्रमुख पात्र भएर पनि गौण बन्न पुगेको छ तर –

हजार दीप जल्ने छन् एक दीप जलेपछि
हजार पाइला उठ्लान् तिम्रो एक उठेपछि ।
(छैठौं सर्ग – पृष्ठ ५५)

कवि देवीको माध्यमबाट नारीमा हुनुपर्ने गुणलाई व्यक्त गरेका छन् -

नारीको गहना लज्जा मान उत्सर्ग भाव हो
शान्ति हो शील आमा यो श्रृङ्गार अनुहार यो ।
(पाँचौं सर्ग - पृष्ठ - ४१)

विवाह एक संस्था हो बाँधिने एक सूत्रमा
जरुरी श्रृङ्खला हो यो बाँच्छ आदर्श भावमा ।
(पाँचौं सर्ग - पृष्ठ १४)

यी उदाहरण मात्र हुन्, आद्योपान्त काव्य कौशलता प्रष्टिन्छ । समय समयको परिवर्तनको चाहना हुनुको पछाडि समाजमा देखिएका विकृति र विसङ्गति नै हो । हरेक वर्ग उठ्नु पर्‍यो भन्ने धारणा अनुरूप स्वयं नउठे विकास हुन नसक्ने अवस्थालाई यस काव्यबाट प्रष्ट्याइएको छ ।

सरल भावमा गहनतम कुरा प्राप्त हुने उत्कृष्ट काव्य बन्न पुगेको छ ।

यसको भूमिकामा प्रा. कृष्ण गौतमको भनाइ छ - 'पेशाले शिक्षक रहनुभएकोले मजगैयाँ समाजमा शिक्षाद्वारा नै प्रबोध ल्याउन सकिन्छ भन्ने मान्यता राख्नुहुन्छ .... मजगैयाँ आफू उच्च वर्गकै भए पनि दलित समुदायकी नारीको दयनीय स्थितिप्रति अत्यन्त सम्वेनदनशील हुनुहुन्छ र त्यस समुदायबाट उठ्न लागेकी एउटी तरुनी केटीलाई लिएर काव्यको रचना गर्नुहुन्छ ..... ।'

आफ्नो काव्य लेख्ने प्रेरणा स्रोतलाई सङ्केत गर्दै मन्तव्यमा कवि भन्छन् - घृणित परम्पराको तीव्र विरोध गरेर थिनले उल्लेखनीय उदाहरण प्रस्तुत गरेकी हुन् । न्यूनाधिक उनको सङ्घर्ष गाथा नै यस खण्डकाव्यको मूल विषयवस्तु हो । अन्त्यमा-

विभिन्न धर्मको योग म यौटै धर्म मान्दछु ।
प्रेम संसारको सार यही जीवन ठान्दछु ।
(सातौं सर्ग - पृष्ठ - ५९)

यसरी आठसर्गमा सिर्जित यस खण्डकाव्यको उत्कृष्टता, कवि भावना अत्यन्त रोचक ढङ्गबाट प्रस्तुत भएको छ । प्रारम्भिक अवस्थादेखि अन्त्यसम्मका प्रत्येक प्रसङ्गले समाजमा विसङ्गति हटाई सुन्दर समाजतिर उन्मुख हुनुपर्ने कुरालाई प्रष्ट्याएका छन् । वादी समाजको कथावस्तुलाई समेटेर लेखिएको हुनाले पनि यौटा महत्त्वपूर्ण कार्य भएको महसुस हुन्छ । इत्यलम् ।

'तिमी नरहे देश डुब्न्याछ' को प्रकृतिः

नेपाली साहित्यमा व्यङ्ग्य विधालाई केशव पिंडाली र भैरव अर्यालले प्रशस्त योगदान गरे । यसैक्रममा पछिका पिंढी पनि अगाडि नबढेको होइन । हास्यव्यङ्ग्य कविता दिनु चानचुने कुरा होइन । साहित्यको मर्यादा र उद्देश्य परिपूर्ति गर्ने धारमा रहेर कलम चलाउनु पर्ने हुन्छ । प्रयोजनपरक अर्थलाई समेट्न सक्ने सिर्जनामा नै यो विधा फस्टाउन सक्छ । अन्यथा शब्दजाल र मर्यादाको सीमा तोड्ने प्रयास भयो भने क्षणिक हुनजान्छ । कविको कवित्व शक्ति वस्तुतः यस्ता हास्यव्यङ्ग्यबाट देखिन्छ । नेपाली साहित्य क्षेत्रमा अनगिन्ती हास्यव्यङ्ग्यकार आएका छन् तर नाम भने केहीको हृदयमा टाँसिन पुगेको छ । यो मार्गमा हिंडेर आफ्नो प्रतिभा देखाउन सफल उत्तमकृष्ण मजगैयाँका हास्यव्यङ्ग्य निबन्ध ३ र कविता सङ्ग्रह २ प्रकाशित भइसकेका छन् ।

२०५६ साल पुसमा पाठकसामु आएको - 'तिमी नरहे देश डुब्न्याछ' कविता सङ्ग्रह हो । यसको प्रकाशनको अभिभारा भैरवगुठीले उठाएको रहेछ । प्रा. डा. दुर्गाप्रसाद भण्डारीको सारगर्भित भूमिकाले यसको गरिमा बढाएको छ । उहाँको भनाइ छ - मानव र मानवजीवनको दार्शनिक पक्षबाट टाढा रहेर नेपाली समाजमा विकृतिहरूमाथि फ्याँकिएको व्यङ्ग्यात्मक दृष्टिपात हो - एक मधुर र रोचक दृष्टिपात । साहित्यकार कवि रोचक घिमिरेको भूमिकामा यस्तो छ - आफू बाँचेको समय, परिवेश, राष्ट्र र राजनीतिमा देखापरेका विकृति, विसङ्गति विरोधाभास र भाँडभैलोलाई कविले थिल्थिल्याएर प्रहार गरेका छन् ।

हास्यव्यङ्ग्यको माध्यमबाट समाजका अनेकौं विकृतिलाई देखाउन समर्थ कवि मजगैयाँको यो कृतिको शीर्षकले नै 'दिव्योपदेश' भानुभक्तीय रामायणको भाषातिर पुर्‍याउँछ । यो पनि यौटा व्यङ्ग्यनै हो कि ? कविको । मानिसले जति विकास गरें भने पनि जहाँको त्यहीं स्थित

छ। अगाडि बढ्न सकेको छैन भन्ने व्यङ्ग्य हो कि ? हुनत यसै सङ्ग्रहभित्रको कविता हो -

'भष्मासुरझैं उन्मत्त भक्षक भएको छ आज'

देशको रक्षा कसरी हुनसक्छ। व्यङ्ग्यको धर्म नै एकातिर भन्दा अर्कातिर पुगिने, सुन्दा हाँस्न मन लाग्ने मर्म बुझ्दा घोरिनु पर्ने हो। त्यो अवश्य पूर्ण भएको छ।

यस सङ्ग्रहभित्रका कतिपय कविता पूर्व प्रकाशित भइसकेका छन् भने धेरैजसो अप्रकाशित कविता रहेका छन् ४० वटा कविता समाविष्ट रहेको यसमा अत्यन्त मर्मस्पर्शी कविताहरू रहेका छन्, पाठकको अन्तर्चेतनालाई व्युँझाउने खालका छन् -

सबै उदार राष्ट्र हो ! गरीब छौं दया गर
कसोगरी चलाउने बजेट यो ? कृपा गर .....।
(विकास दान दे। पृष्ठ - ५१)

प्रजातन्त्र र शहीद शब्द ठगी खाने आधार बने
निमुखा जनता बलिका बोका व्यर्थै बारम्बार बने।
(गजब छ बा - पृष्ठ - ५०)

'क्रान्ति' शब्द नै गजब छ छोरा
केही ठाउँमा शहीदहरूका
दुईचार सालिक ठड्याएर गयो
प्रजातन्त्र र शहीदका नाममा
देशको मालिक बनाएर गयो।
(छोरालाई अर्ती - पृष्ठ - १०)

समसामयिक विषयवस्तुलाई समेटेर लेखिएका छन् कविता। पठनीय एवं सङ्ग्रहणीय कृति बन्न पुगेको छ यो सङ्ग्रह।

गोदारेको 'देवघाट' अवलोकन गर्दा:

वि.सं. २०११ सालमा जन्मेका नारायण गोदारे तीसको दशकदेखि साहित्यक्षेत्रमा संलग्न व्यक्तित्व हुन्। कविता क्षेत्रमा विशेष अभिरुचि राख्ने कवि गोदारेले अन्य विधामा पनि हात चलाएको देखिन्छ।

वि.सं. २०५६ सालमा प्रकाशित भएको हरि मञ्जुश्रीबाट सम्पादित नारायण गोदारेको कथासङ्ग्रह - 'देवघाट' हो।

प्रारम्भिक अवस्थामा साहित्यको कथा विधाबाट अगाडि आएका गोदारे पछि कविता विधामा प्रशस्त कलम चलाए, तरलवादी कविका रूपमा प्रसिद्धि प्राप्त गरे।

मातृ (कवितासङ्ग्रह) र गँजडी भङ्गी (अखण्डकाव्य धारा) पछि 'देवघाट' कथासङ्ग्रह प्रकाशित भएको छ।

सिर्जनशीलतामा कदापि आँच आउन दिनुहुन्न, सर्जक त यौटा प्रकृतिको वरदान हो। प्रकृति भित्र यो हुन्छ, यस भित्र प्रकृति। जहाँ जे कुरा देख्छ त्यही लेख्छ, जे कुरा भेट्छ त्यसैमा रमाउँछ। त्यसमा पनि आफूमात्र रमाउँदैन हजारौं पाठकलाई पनि साथ साथै घुमाउँछ। एकाकीपन जस्तो देखिए पनि अदृश्य रूपमा ऊ सँगसँगै हजारौं हुन्छन् पछि पछि हिंड्ने, त्यसैले त कवि, कथाकार, लेखक पथ प्रदर्शक हो।

नारायण गोदारेको देवघाट कथासङ्ग्रह अन्तर्गत पहिलो कथा नै अत्यन्त रोचक र मर्मस्पर्शी छ। पाल्पादेखि देवघाट एवं काठमाडौं देखि देवघाटसम्मको यात्रा गराई कथानकका पात्रहरूलाई देवघाट नै एकत्रिक गरी पूर्वस्मृतिमा कौतूहलता जगाउन सक्नु नै कथाको सफलता मान्न सकिन्छ। यो सङ्ग्रहको पहिलो कथा शीर्षक पनि राखिएको कथा हो।

दोस्रो कथा–'सैलुनको क्षण' मा मानिसको आडम्बरीपनले, साना ठान्ने प्रवृत्तिले परिचय दिन पनि चाहँदैन। कथाकार भन्छन् –

उसलाई मैले नारायण मै हुँ भन्न किन सकिनँ ? मृत्यु मडारिंदा, ऊ फेरि देखिइन, विदा भइछ, समर्पण, त्यो हराएको छैन, ताण्डव नृत्य, तृष्णा, स्मरण, कर्मरेखा, कामिनीतारा, अर्द्धनारीश्वर र युद्ध गरी १५ वटा कथा समाविष्ट छन् – यस सङ्ग्रहमा। जीवनका यावत् विषयवस्तुलाई समेट्ने प्रयास गरिएको छ साना, मीठा, कथाहरूमा। आकारमा साना देखिए पनि अभिधामूलक व्यञ्जनमा व्यञ्जित छन् कथाहरू। ५१ पृष्ठमा १५ वटा कथा समेटिएको यो सानो सङ्ग्रहमा समाविष्ट कथा कथाकार गोदारेका ३०-३२ सालतिर केही लेखिएका र १०५२-२०५६ सालतिर केही लेखिएका कथा हुन्। कुनै कथा जागृति पत्रिकामा र झुल्का लगायत पत्रिकामा छापिएका कथा हुन्। 'युद्ध' लगायत अप्रकाशित कथा हुन् भन्ने भनाइ यस सङ्ग्रहका सम्पादक हरि मञ्जुश्रीको रहेको छ। लगायत शब्दले केही प्रकाशित केही अप्रकाशित कथा भन्ने बुझाउँछ तर स्पष्ट छैन। जेहोस् गोदारेको साहित्य अभियानको

निरन्तरतामा सिर्जित कथा हुन् देवघाट भित्रका कथा । कथा साना छन्, मीठा छन्, भाषा सरल छ, भनाइ मुटुछुने खालको छ, कतै व्यङ्ग्य छ भने कतै विद्रोह पनि झल्किन्छ । गोदारे कतै सरस छन् भने कतै नजानिंदो कठोर ।

देवघाट आस्थाको प्रतीक, जीवनदायिनी सप्तगण्डकीको सङ्गम, हिन्दू सँस्कृतिको धरोहर, त्यहाँ पनि जीवन छ, प्रकृति छ, स्रष्टा छ, अनन्तता छ, सुखानुभूति छ, स्वच्छता निर्मलताको सङ्गम छ भने जीवनका सुख/दुःख पनि । अन्तरात्मा रोएको पनि छ हाँसेको पनि र सांसारिक सुखबाट भाग्ने भन्दा सांसारिक दुःखबाट भाग्ने बढी भएको संसारलाई कथाकारले सङ्गम बनाएका छन् कथाका पात्रहरूद्वारा । यो यथार्थता हो, गोदारेको कल्पना हो वा सत्यता, उनी नै जानून् । त्यहाँ त्यस्ता जीवन पनि छन्, सम्पूर्ण जीवनको आश्रय स्थल हो देवघाट । निरन्तरता हो देवघाट, त्यहाँबाट प्रारम्भ गरेर 'युद्ध' मा पुग्दा अनेक घटनाहरूमा, विभिन्न स्थलमा घुम्छौं, देशको परिणति, जीवनको परिणतिमा टुङ्गिन्छौं- नारायण गादारेका कथा सिद्धिन्छन्- यस सङ्ग्रहमा अर्न्तगतका कथा, सामाजिक विसङ्गतिका कथा । गोदारेको युद्ध चलिरहेछ – युद्ध ? बाह्ययुद्ध, आन्तरिक युद्ध । युद्ध पनि त निरन्तरता हो- समाजको, अन्यायको, अत्याचारको, विसङ्गतिको, भावनाको, महानताको । गोदारेको युद्ध आन्तरिक भन्दा बाह्य युद्धमा टुङ्गिन्छ ।

समयसँग सँगै प्रवाहित जीवनका अनगिन्ती उतार चढावमा पनि त युद्ध छ; उनी भन्छन् – शहर युद्धको भुमरीमा गुज्रिरहेछ, हाहाकार मच्चिरहेछ ..... । सेना परिचालन भएको छ, दोहोरो युद्ध मच्चिने सम्भावना बढेको छ, जताजतै त्रास बढेको छ ..... युद्ध निरन्तर चलिरहेछ –

(१५ औं कथा 'युद्ध' बाट)

युद्ध त तिरन्तरता हो, युद्धैयुद्धको अशान्तिले जीवन देवघाट पुग्छ, यही जीवनलीला हो ।

नारायण गोदारेको कथासङ्ग्रह पठनीय एवं सङ्ग्रहणीय छ । यसको प्रकाशनमा पूर्ण सहयोग पुऱ्याउने हरि मञ्जुश्रीलाई धन्यवादका पात्र मान्नुपर्छ- यो छोटो मीठो कथासङ्ग्रह पाठकलाई सुम्पिएको र नेपाली साहित्यको फाँटमा नयाँ कृति ल्याएकोमा । अस्तुः

सिफल, काठमाडौं

लघुकथा

मासु र भात

❑ ओममणि शर्मा

- हेलो ! डेल्टा फोर !! ओभर- वाकीटकीमा ऊ करायो ।
- हलो; बोल्दै छु ! खबर के छ ? ओभर – उताबाट जवाफ आयो ।
- सर ! गाडी पठाइदिनु पऱ्यो – उसले भन्यो ।
- कति छन् ? – उताको प्रश्न सुनियो
- चालीसजना सर !
- स्यावास् ! भरे मासुभात ....., गाडी आउँदै छ; ओभर – उताको स्वर सुनियो ।

एकै छिनपछि एउटा ट्रक घुईँकिएर आयो । आइमाई, केटाकेटी, बूढाखाडा र तन्नेरी सबैलाई घेरा हालेर घोऱ्याउँदै, उचाल्दै, लछार्दै ट्रकमा कोचियो ।

चारजना प्रहरी सँगै चढे ।

डि.एस.पी. अफिस अघिल्तिर पुगेर ट्रक रोकियो । दुईजना प्रहरी तल ओर्लिए । दुईजनाले गाडीका सबैलाई घोऱ्याउँदै र घँचेट्दै तल झारे र घेरा हालेर ठूलो मूल गेटबाट भित्र छिराए ।

- चार ..... पाँच ... बाह्र ...तेह्र.... गेटभित्र लाममा गन्दै गरेको डि.एस.पी. को स्वर सुनियो ।

-बाइस .... तेइस .... सत्ताइस ... अट्ठाइस ... ।

थर थर काम्दै गन्ति भएकाहरू अर्कातिर लाम लाग्न थाले ।

- सैंतीस .... अठतीस .... गन्ति सकियो ।

- एई ! साले; अठतीस मात्रै–डि.एस.पी कड्कियो ।

दोहोऱ्याइयो, तेहेऱ्याइयो तर गन्ति भने थपिएन ।

एकैछिन पछि ती दुबै प्रहरी एकातिर लुसुक्क लागे ।

निमेषभरिमै बाटो हिंडने दुईजनालाई मुन्ट्याउँदै भित्र पसे ।

- स्यावास ! जवानहरू..... अब भरे मासु र भात – डि.एस.पी. को स्वर कड्कियो ।

दुबै मुसुक्क हाँसे; तनक्क तन्किए र स्यालुट ठोके ।

(२०४६ को क्रान्तिका दिनहरूकै एकदिनको सत्य घटना)

धोबीधारा, डिल्लीबजार , २०४६ चैत्र २२ गते

लघुकथा

चिल्लो पात

❑ कुवेर लिम्बुखिम

-'रामले अस्ति स्कुलमा डेक्स भाँच्यो रे !'
-'हिजो रमेशसँग झगडा गरेछ उसको बाबु सुनाउन आएथ्यो ।'
-'कुन्नि कहिले आँप चोरेर खायो रे हर्कवीर कराउँदै थिए ।'
-'हैन यसले त हदै नाघि सक्यो भन्या, आज त यसले सरसँग झगडा गरेर आएछ ।'
छोराका सम्पूर्ण क्रियाकलापवारे राती सुत्ने बेलामा जानकारी गराइन् – राधाले आफ्नो श्रीमान्लाई । विक्रमसिं अलिकता पनि विचलित भएनन् । उनी मुस्कुराउँदै आफ्नो धारणा 'व्यक्त गरे–ठीकै छ, हुने विरुवाको चिल्लो पात । विक्रमसिंको छोरो अब भविष्यमा यो देशको जनप्रिय नेता बन्ने छ, अनि हाम्रो पुर्पुरोमा घाम लाग्ने छ ।

गजल

❑ काशीराम विरस

झ्यालबाट आँखाहरू नजुधाएको धेरै भो ।
हृदयको आकाशभित्र नबसाएको धेरै भो ।

छचल्किएको मन मेरो यताउति भौंतारिन्छ,
मनका तरङ्गहरूलाई नडुलाएको धेरै भो ।

बादलको घुम्टो ओढी वर्षा हुने छाँट छैन,
तिम्रा मनका कुराहरू नखुलाएको धेरै भो ।

मौनताको खोलाभित्र स्वीकृतिको सार हुन्छ;
'विरस' को यो मनसित नभेटाएको धेरै भो ।

पो.ब.नं. ७३, भक्तपुर

गीत ❑ राजकुमार 'बगर'

बाह्रमासे झरी पऱ्यो, बस्ने ओत पा'को छैन
चलेकै छ युद्ध मनमा, अझै शान्ति भा'को छैन ।

आशाहरू कति मरे ? विश्वासहरू कति डढे ।
हिसाब छैन यहाँ कति जीवनहरू जीउँदै मरे ।
जीउँदो लास गाड्ने चिहान, अझसम्म पा'को छैन
मलाम गा'को मन अझै, घर फर्की आ'को छैन ।

रुँदारुँदै आँसु सुक्यो, दुई आँखाको नानी दुख्यो
मर्दामर्दै थाकी सकें, जीउने रहर पनि दुख्यो
भाग्य खोटो रै'छ मेरै, अरूलाई दोष ला'को छैन
विष पाए पिउयें बरु, त्यही पनि पा'को छैन ।

रानीस्वाँरा, तनहुँ

गीत ❑ पिआर बुढाथोकी क्षेत्री

तिम्रो सामु कहिल्यै पनि फर्की आउँदिन
जीउँछु म अब एक्लै माया लाउँदिन ।

यो जुनीमा यस्तै भयो म त खेर गएँ
मेरा सबै खुसी पनि तिम्रै पेवा भए,
तिमीलाई पाउने आशमा कतै धाउँदिन
जीउँछु म अब एक्लै माया लाउँदिन ।

घाम जून दुबै देख्छु आफू जस्तै एक्लै
भन्यौ मुखले एउटा कुरा तर गऱ्यौ बेग्लै,
बिर्सिएर पनि तिम्रो गीत गाउँदिन
जीउँछु म अब एक्लै माया लाउँदिन ।

सम्प्रति - नेपाल साहित्य कला केन्द्र
पो.व.नं. १२६४४

कृति परिक्रमा

'चौसी भैलो' खेल्दै जाँदा

जयराम शर्मा लुइँटेल अर्थात् लुशराज एउटा हास्यव्यङ्ग्य फाँटमा चलिआएको नाम हो तर विभिन्न साहित्यिक समारोहहरूमा भने यदाकदा देखापर्ने अनुहार । मैले उनको नाम सुनेको पनि धेरै भएको छैन । भेट भयो आफ्नै कार्यकारण प्रपञ्चको सन्दर्भमा-- र मेरो हात पऱ्यो चौसी-भैलो ।

हास्यव्यङ्ग्य फाँटका मूर्धन्य साहित्यकार वासुदेव शर्मा लुइँटेलका भ्राता भएर हास्यव्यङ्ग्यकार हुनु त्यति असजिलो नहोला तर एउटा इन्जिनियर भएर साहित्यको गहिराई टोपल्न खोज्नु चाहिं सजिलो होइन । त्यसैमा पनि हास्यव्यङ्ग्य क्षेत्र त झनै दुरुह । लेख्छु भन्दैमा हास्यव्यङ्ग्य बन्न सक्तैन पाठकको मनको मुटुमा च्वास्स घोच्न सक्नु पर्छ र मात्र व्यङ्गोत्पत्ति भएको मान्न सकिन्छ । यसैगरी जबरजस्ति हँसाउन खोज्दा आफै हँस्यौलीको पात्र बन्न पर्ने अवस्था पनि आउँछ, त्यसकारण पनि यो सजिलो छैन । अतः समष्टिमा भन्नु पर्दा उनी मेहनती व्यक्ति हुन् भन्नु पर्दछ – जसले आफ्नो अलिकति समय हास्यव्यङ्ग्य फाँटमा अर्पेका छन् र वासुदेव लुइँटेलको शब्दमा 'मेहनतको नाम जयराम हो' भन्ने वाक्यलाई चरितार्थ गरेका छन् ।

यसैले भन्नु पर्दछ कि जयराम शर्माबाट यस प्रकारका किताबहरू निस्कँदै जानुलाई सानो उपलब्धि मान्न सकिदैन । यस अघि उनका 'खोल्सो १-२' जयराम शर्मा (आत्मसंस्मरण) 'तलाई हरियो बाँस', 'टिम्मुर' जस्ता कृतिहरू प्रकाशित भैसकेका छन् । यसरी सरकारीस्तरमा रहेर एउटा इन्जिनियरको पदीय दायित्व निर्वाह गर्दै हास्यव्यङ्ग्य साहित्यमा योगदान पुऱ्याउने जयराम शर्माको अन्तिम प्रकाशित कृति हो – चौसी-भैलो ।

चौसी भैलोका भान्सामा लेखकले विभिन्न परिकारहरू पस्किने काम गरेका छन् । त्यसैले यसलाई सद्मीसङ्ग्रहको नाम दिइएको छ । लेखकको भनाइ अनुसार छोटो समयमा उनका धेरै आफन्तहरूले परमार्थको बाटो रोजेपछि उनीहरूको नाममा सद्मी छरेर मुक्तिको द्वार उघारिदिने लेखकको मनसाय रहेको बुझिन्छ ।

यसभित्र सुन्दरीजलको जालो, वासुदेव घरवार/दरवार, यिनी घोचक होइनन्, कक्रिएको पद्मपुष्प फक्रियोस्, गुरुकुलको सम्झनामा जस्ता संस्मरण र अनुभवहरू प्रकाशित भएका छन् भने केही हास्यव्यङ्ग्य कविता र छोरालाई लेखिएका चिठ्ठीपत्रहरू तथा आफ्ना केही मन्तव्य र धन्यवाद ज्ञापनहरू समेत सद्मीको रूपमा प्रस्तुत गरिएका छन् । यी सबै हुँदाहुँदै पनि भैलीगीत तथा केही व्यङ्ग्य कविताले किताबलाई सजीव तुल्याइदिएका छन् ।

लेखकको प्रयाश प्रशंसनीय छ र किताब पठनीय पनि छ । उनका प्रकाशोन्मुख कृतिहरूले जनमानसमा थप प्रभाव पार्ने गरी हाम्रो सामु देखा पर्ने छन्, यही शुभकामना सहित ।

कृतिः चौसी-भैलो (सद्मी सङ्कलन)
कृतिकारः जयराम शर्मा 'विरक्ति'
प्रकाशकः दुङ्गाअड्डा प्रकाशन
संख्या : ९९९, **पृष्ठः** १३८+१०
प्रकाशन मितिः २०५५/८/१ सद्मी छर्ने दिन ।
मूल्यः ३९/९९

- राप्रप

एकजोर फूलघोडा (कथासङ्ग्रह) भित्रको रूपरेखाः

एउटा नौलो आत्मदर्शनको खोजी, एउटा नौलो जीवन जगत्को खोजी एवं एउटा नौलो परिभाषाको खोजी गर्ने जमर्कोसहित 'एकजोर फूलघोडा' कथासङ्ग्रहको आगमन हुनु नेपाली साहित्यको फाँटमा एउटा कोशेढुङ्गा सावित भएको छ । प्रस्तुत सङ्ग्रहका स्रष्टा कथाकार इन्द्रकुमार श्रेष्ठ 'सरित्' (वि.सं. २०१९) हुन् । खाने मुखलाई जुँघाले छेक्दैन भन्ने चरितार्थलाई मुलुक बाहिर राधापुर (म्यान्मा)मा जन्मेर पनि नेपाली कथा, कविता, जगलको क्षेत्रमा उल्लेखनीय सेवा पुऱ्याइसकेका 'सरित्' ले पुष्टि गरेका छन् ।

..... कसको पछ्यौरीमा दाग छैन, समर्पण, घाम लागेको दिन लगायत सङ्कलित सङ्ग्रह भित्रका जम्मा पन्ध्र (१५) वटा कथाहरूमा 'एक जोर फूलघोडा' शीर्षस्थ कथा हो । '..... फूलघोडा' ले कृति भित्रको कथानक विषयवस्तुको समग्र पृष्ठभूमिको समान रूपमा प्रतिनिधित्व गरेको छ । धनी परिवारको पुत्र झरी र गरीब परिवारकी पुत्री बुधनिया बीचको प्रणयानुरागको सजीव चित्रण यस सङ्ग्रहमा भएको छ । तराई जीवनको प्रेमकथालाई

सिलसिलेवार मात्र हैन । झरी नामक धनी परिवारको पुत्र बुधनिया नामक गरीब परिवारकी पुत्रीको शरीरमा गर्दै, आलिङ्गन गर्दै एवं यौन रागको पोखरीमा डुबुल्किएको राग... । बुधनियाले आफ्ना मनका इच्छाहरूले सफलता पाऊन् भन्ने प्रार्थना गर्दै 'एकजोर फूलघोडा' नदीमा बगाएको आधारमा कथाको नाम पनि 'एक जोर फूल घोडा' राखिएको छ ।

सङ्ग्रह भित्र सङ्कलित सम्पूर्ण कथाहरू गरिमा, मधुपर्क, मिर्मिरे, गोरखापत्र लगायतका विभिन्न पत्रिकाहरूमा प्रकाशित भई साभार भएका छन् । अतः पाठकहरू 'सरित्' का कथाहरूको अध्ययनबाट विमुख छैनन् । कथाहरू यथार्थ मूलक, रोचक र अर्थपूर्ण छन् । .....तराईको जनजीवनमा प्रचलित भाषा प्रयोगको द्वैध रूपले भाव बुझ्न घोरिनुपर्ने भए तापनि वर्तमान विकृति एवं विसङ्गतिपूर्ण दास सभ्यतालाई उदाङ्ग्याउँदै एउटा सुन्दर स्वस्थ जीवनको नौलो मूल्य मान्यताको खोजी कथाभित्र हुनुले अन्य कमी कमजोरीहरू ओझेल परेका छन् । यसैले कथासङ्ग्रह सङ्ग्रहणीय छ ।

प्रकाशन	: साझा प्रकाशन
संस्करण	: पहिलो वि.सं. २०५६ साल
प्रति	: ११०० प्रति
मुद्रक	: ऐश्वर्य छापाखाना कुमारी थान, बालाजु
मूल्य	: ४२/-
कथाकार	इन्द्रकुमार श्रेष्ठ 'सरित्'
कृतिको नाम	: एक जोर फूलघोडा (कथासङ्ग्रह)

– हेमराज पाण्डे 'अभागी'

चस्किदिन्छ मुटु (गीति कविता सङ्ग्रह)

दुई दशकदेखि निरन्तर साहित्य साधनामा लाग्नु भएका युवा साहित्यकार उज्ज्वल जी.सी.को प्रथम कृति 'श्रद्धा कुसुम' (कवितासङ्ग्रह) प्रकाशित भएको थियो । त्यसपछि समर्पण, पुष्पाञ्जली, ककटेल (कवितासङ्ग्रह) प्रकाशित गर्दै काले बादल, मनका तरङ्गहरू जस्ता मुक्तकसङ्ग्रह प्रकाशित गर्नु भएको छ र अन्तिम प्रकाशनको रूपमा हाल २०५५ सालमा चस्किन्छ मुटु (गीति कवितासङ्ग्रह) प्रकाशित गर्न सफल हुनुभएको छ । सरल शब्द र मानवीय सम्वेदनाका स्वरहरूले पूर्ण जी.सी.का गीतहरूले चसक्क मनलाई छुन्छन् । मन मस्तिष्कलाई सङ्गीतमय पारेर आनन्द प्रदान गरिदिन्छन् । उनका गीतहरू रेडियोबाट पनि बज्दै आइरहेका छन् । साथै उनले आफ्नै मीठो स्वरले रेडियोमा लोकगीतहरू पनि गाउँदै आउनु भएको छ । विभिन्न पत्रपत्रिकाहरूमा उहाँका गीत, कविता, कथा, गजल, मुक्तक आदि प्रकाशित भई नै रहेका छन् । भविष्यमा गएर उहाँका अरु राम्रा राम्रा सङ्ग्रहहरू प्रकाशित हुँदै जाउन् भन्ने शुभ-कामना पनि व्यक्त गर्दछु । यो गीतिसङ्ग्रको मोल रु. ५१/- रहेको छ ।

+ + +

पात्रहरू (लघुकथा सङ्ग्रह)

वि.सं. २०३९ सालदेखि विभिन्न पत्रिकाहरूमा कविता, लघुकथा, लेख, निवन्ध र हास्यव्यङ्ग्य जस्ता साहित्यिक रचनाहरू प्रकाशित गर्दै आउनु भएका रामविक्रम थापा खोटाङ्बाट प्रकाशित हुने प्रतिभा पत्रिकाका सम्पादक पनि हुनुहुन्छ । उहाँका रचनाहरू मधुपर्क, गरिमा, गोरखापत्र, मिर्मिरे, युवामञ्च जस्ता राष्ट्रिय पत्रिकाहरूमा पनि प्रकाशित भई नै रहेका छन् । उहाँको २०५५ साल असोज महिनामा 'पात्रहरू' लघुकथा सङ्ग्रह प्रकाशित भएको छ । यो उहाँको प्रथम कृति हो । यसपछि उहाँले 'छरिएका कविताहरू' कवितासङ्ग्रह पनि प्रकाशित गर्ने तयारी गरेको बुझिन्छ । यस लघुकथा सङ्ग्रहमा ४० वटा विभिन्न पत्रिकाहरूमा प्रकाशित लघुकथाहरू सङ्ग्रहित छन् । उहाँले सामाजिक विसङ्गतिहरूलाई उद्घाटित गरी कथाहरू बनाउनु भएको छ । कथाका विषयवस्तुहरू राजनैतिक, साँस्कृतिक, शैक्षिक, नारी व्यथामा आधारित रहेका पाइन्छन् । समाजमा घटेका विडम्बनाहरू, विकृति, विसङ्गतिहरूलाई उहाँले लघुकथाको माध्यमबाट अभिव्यक्ति प्रदान गर्नुभएको छ । उहाँको यो लघुकथा सङ्ग्रह प्रकाशित गर्न प्रतीक प्रकाशन समूह प्रा.लि. श्रीपुर विरगञ्ज १४ ले मद्दत गरेको छ । कथाकार तथा कवि रामविक्रम थापाले खोटाङ् जस्तो दुर्गम जिल्लामा बसेर कृतिहरू प्रकाशित गरेकोमा सराहना गर्नै पर्दछ । आगामी दिनहरूमा अरू राम्रा कृतिहरू पाठक समक्ष ल्याउने आशा गर्दै शुभ-कामना व्यक्त गर्न पनि चाहन्छु । यो कृतिको मूल्य रु. २१/- रहेको छ ।

– अरुणबहादुर खत्री 'नदी'

कविता

प्रकृतिसँग

❑ आत्माराम ढुङ्गाना

पालुवा सब मुस्काए वन वाग जताततै
वसन्तकी चरी वौरी डुल्छे पात र झाङ्झरी
अलाप्छन् स्वर विचित्र स्वराग रागरागमा
रवि उदयमा हुन्छ वन पाखा सुरम्यता ।

कोपिला बैंशमा सारा फक्रिन्छन् फूल फूलमा
सेचिन्छन् शीतले सारा लठ्ठे भ्रमर वागमा
प्रकाश गोधुली भित्र मन्द वायु जताततै
सुगन्ध त्यसले छर्छ दिन साँझ विहानीमा

निशाचर उलुकादि फर्कन्छन् वासवासमा
विहानी चउरमा घुम्दै नाच्छन् मयुर मनोहर
प्रकृति कन्दरा भित्रै बग्छन् निर्झर झर्झर
कैलाश गोदमा रम्छन् मस्त देव दिगम्बर

तायली, भक्तपुर

दुई कविता

❑ पदम बराल

१: आशंका

हिजोको आँधी र तुफानले
मेरा बारीका धुपी र सल्लाहरूलाई
छिया-छिया पारेछ, सोतरम्मै झारेछ
निथुक्रै भिजेको ढुकुरको जोडी
मन्दचालमा आशंका ओकली रहेछ
फेरि पनि आँधीले बटार्न सक्छ
फेरि पनि तुफानले उडाउन सक्छ ।

२: कुत्कुती

खहरेलाई जिस्क्याउन मन लाग्छ
खहरेमा जिस्कन मन लाग्छ
उदास-उदास एक्लै हिंडिरहेको बेला
आफै भित्रबाट निस्किएका मन्द मुस्कानले
आफैलाई सुस्तरी गिज्याएको बेला ।

काठमाडौं

इन्सेफलाइटीस रोगबाट बचौं

इन्सेफलाइटीस रोगका किटाणु सँगुर, बङ्गुर, र हाँसजस्ता पशुपंक्षीमा हुन्छन् । किटाणु ग्रस्त सुँगुर बँगुर र हाँस जस्ता पशुपंक्षीलाई टोकेको लामखुट्टेले मानिसलाई टोकेमा यो रोग सर्दछ । त्यसैले लामखुट्टेको टोकाईबाट बच्नु नै यो रोगबाट बच्ने मुख्य उपाय हो । लामखुट्टेको टोकाइबाट बच्नः

- साँझपख घर बाहिर सकभर नबसौं
  - यो रोगले प्रभाव पार्ने क्षेत्रमा साँझतिर दिशा पिसाव गर्ने चलन छ, यस्मा सुधार ल्याउँ
  - स्कूलबाट फर्केका बाबु नानी यो तीन महीना साँझ पख बाहिर नखेल
  - जिउमा तोरीको तेल दल्दा लामखुट्टेको टोकाइ विफल हुन्छ ।
- झूल टाँगेर मात्र सुत्ने गरौं
- घर वरपर पानी जम्न नदिन खाल्डाखुल्डी छन् भने पुरिदियौं
- घर वरपरको झारपात, झाँगझाडी सफा गरौं ।

धेरै ज्वरो आएमा, टाउको धेरै दुखेमा, कम्प छुटेमा वा बिरामी बेहोस भएमा जापानीज इन्सेफलाइटीस पनि हुन सक्दछ; त्यस्ता व्यक्तिलाई तुरुन्तै नजिकको स्वास्थ संस्था वा अस्पतालमा लगी जँचाउनुहोस् ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संञ्चार केन्द

समीक्षा

नीलो नीलो आकाश र दुई थोपा आँसु

❑ सानुराजा श्रेष्ठ

वर्तमान नेपाली साहित्यमा संयुक्त लेखनको लामो सिलसिलामा थप एउटा नौलो विषयवस्तु लिएर हाम्रासामु जंगव चौहान र मोमिला उपस्थित भएका छन् ।

अवतार विघटन, देहमुक्त तथा आकाश अविभाजित छ, आदिको संयुक्त लेखनमा हामीले मात्र कथा उपन्यास आदि कृतिहरू पाएका थियौं भने यो प्रस्तुत कृति निबन्धभित्र कविता र कविताभित्र निबन्ध लेखिएर हाम्रा सामु प्रस्तुत गरिएका छन् ।

कृति पढिसक्दा वास्तवमा यसलाई नि-कविताको संयुक्तरूप वा नाम भन्दा अत्युक्ति नहोला जस्तो लाग्दछ, किनभने यात्रा गरिएको संस्मरण या निबन्ध लेखिएमा नियात्रा भन्ने गरिन्छ भने निबन्ध र कविताको संयुक्त स्वरूपलाई नि-कविता भन्दा कस्तो होला त ? यो विचार कवि मञ्जुलले उक्त कृतिको विमोचन समारोहमा २०५३/१/२१ मा व्यक्त गर्नुभएको थियो ।

नेपाली साहित्यिक विधाहरूमा अलिक कमजोरै रहेको निबन्ध विधा र कविता विधालाई समेटेर भिन्नभिन्न शीर्षकहरू अन्तर्गत पोखिएका अनुभूति, भाव, बिम्ब, सूक्ष्म जीवनदर्शन, प्रकृति चित्रण आदिको अध्ययन गर्दै जाँदा यी दुबै सहकर्मी/सहलेखकहरू गहन अध्येता जस्ता लाग्न थाल्दछन् ।

नेपाली साहित्यमा गरिएको यो एउटा नौलो प्रयोग भएको 'नीलो नीलो आकाश-दुई थोपा आँसु' सुन्दाखेरी कुनै लोकप्रिय नेपाली चलचित्रका गीतका बोलहरू शीर्षक रहेको यो कृतिमा सहलेखन जंगव चौहान र मोमिलाबाट एकै शीर्षकमा उस्तै अनुभूति, भावनाहरू सजाएर पाठकसामु पस्केका छन् । यसमा लेखकहरू कत्तिको सफल भएका छन् यो त समयले नै बताउने कुरामा विश्वस्त हुन सकिन्छ ।

दुई भिन्नाभिन्नै विधा जसमा नितान्त व्यक्तिगत भावना र निजात्मकता भेटिन्छ, त्यस्तो दुई भिन्नाभिन्नै विधा जसमा नितान्त व्यक्तिगत भावना र निजात्मकता भेटिन्छ, त्यस्तो विधालाई सँगालेर लेखिएको यो नीलोनीलो आकाश र दुई थोपा आँसु कृतिलाई हामीले नकारात्मक रूपले हेर्न सक्ने कुनै आधार भेटिँदैन ।

अब कृतिभित्रका पाँच निबन्धहरूको क्रमानुसार चर्चा गरौं:

(क) आस्थाको सद्बीऊ छर्दै हिंडेका यी मेरा भावुक हातहरू

- हिन्दूहरूको आफ्नै रीतिरिवाज र सँस्कृति अनुरूप बालाचतुदर्शीको दिन आफ्ना दिवङ्गत नातेदारहरूका आत्माले शान्ति/मुक्ति पाओस् भन्दै सद्बीऊ छर्ने दिन हो । यसका निबन्धकार एक आस्तिकता र नास्तिकताको बीच तटस्थ र हेर जीवन बाँच्दै आएका व्यक्ति हुन् । जो आफूलाई परेपछि भावनावश सद्बीऊ छर्न आस्थाका सद्बीऊहरू सँगालेर धार्मिक क्षेत्र पशुपति - श्लेषमान्तक वनतिर लाग्दछन् ।
- दाजुबहिनीको आत्मीय सम्बन्धका साथै मृत आमाको झझल्को लिएर सद्बीऊ छर्दै हिंडेका लेखक स्वयं भौतिकतालाई स्वीकार्ने व्यक्ति हुन् तर यस कार्यमा भावनात्मक सम्बन्ध मात्र भएको स्वीकार्दछन् । मान्छेलाई सुनौलो हिमालजस्तो देख्नु/सङ्लो हुनु र सबैमा आफ्नो जात देख्नु मान्छेहरूको समानताको कुरा हो ।
- साहित्यिक विधामा लाग्ने कुनै पनि व्यक्ति जीवनका हरेक क्षण-प्रतिक्षणलाई आफ्नै प्रकारले बुझ्ने गर्छ महसुस गर्छ र बाँच्ने गर्छ । पलपलका घटना दुर्घटनाले उसलाई बिझ्छ/घोच्ने गर्छ । यसरी अनुभवहरूको अनन्त गहिराई लिएर लेखक कविहरू बाँच्ने गर्दछन् ।

(ख) कति मीठो रहेछ नासर भएर बाँच्नु

- 'देश दुख्न थालेपछि, आफ्नो खेल्ने माटो लुटिएपछि मृत्यु त केहीजस्तो लाग्दैन । मेरै आँखा अगाडि कति साथीहरू मारिए । ..... तिमीहरूलाई आफ्नो देश कहिल्यै नदुखोस्, तिमीहरूको माटोमाथि पराइले कहिल्यै परेड नखेलून् ।'
- उपर्युक्त भनाइहरू पढ्दानै कुनै पनि देशप्रेमी तर विद्रोही

युवाको कथन हुनसक्ने अनुमान हुनजान्छ । वास्तवमा हुन पनि प्यालेष्टिनी मित्र नासर (योद्धा) जो आफ्नो देशको अस्तित्वको खोजमा भौंतारिरहेछ, पार्टीमा लागेर, आफ्नो देशको एउटा छुट्टै स्वतन्त्र स्थायित्व खोज्नु, नासर र नासर जस्ता अनगिन्ती युवाहरूको चाहना हो/आकांक्षा हो ।

- एउटा विद्रोही तर दुर्भाग्यवश आतङ्कवादीको नामले चिनिने युवा नासर, वास्तवमा कत्तिको देशभक्त र माटोप्रति आसक्त रहेछ भन्ने तथ्यलाई उदाङ्गो पारेको छ यस निबन्धले । साँच्चै नै कविता र निबन्धको संयुक्त अभिव्यक्तिले शान्ति र देशप्रेमको लागि साँचो अर्थमा कत्ति धेरै लागिपर्नु पर्छ त भन्ने जनाउँदछः

- कति मीठो रहेछ नासर भएर बाँच्नु
  यो मेरो प्राणदानको घोषणा होइन
  न त हो हार जीतको बाजी नै
  तर, डण्डीबियो स्वतन्त्र उफ्रन पाउनुपर्छ
  आँगनीमा
  हाम्रा नानीहरूका हातपाउमा
  परिचित माटो लतपतिनु पर्छ ।
  माटोको सुवास कैद हुनुपर्छ

- सम्पूर्णतामा रेसारेसामा देशप्रेम पोखिएको यो निबन्धलाई सङ्ग्रहमध्येको सशक्त एवं उत्कृष्ट निबन्ध र कविता (नि-कविता) मान्न सकिन्छ ।

(ग) लियोनार्दो भएर उड्छु मः कितारो भएर बज्छु म

- यो तेस्रो नि-कवितामा सर्जकहरूको प्रत्येक शब्द शब्दमा देशप्रेम तथा देशभक्ति भरिएको छ । आफू प्रवासमा जन्मिएको र ६ वटा वसन्तहरू बाहिरै बिताउनु पर्दाको छटपटि र आतुरता वास्तवमै उल्लेखनीयनै छ ।

- आफ्नो नसानसामा देश हुनु, देशमै आफू प्रतिबिम्बित हुनु । यत्तिको आत्मीयता/देशप्रेम शायद देशमै जन्मेर हुर्केकाहरूमा पनि नहुन सक्छ, यो शङ्कैको कुरो हो ।

- प्रकृति स्वयंमा एउटा अपूर्व/अमूर्त कला हो । जुन लेखकलाई आफ्नो गाउँघरको पहाड, उकाली- ओराली, लेकबेंसी र देउराली भञ्ज्याङ्ग आदि अध्ययनको क्रममा विदेश बस्दा महान् चित्रकार लियोनार्दो दा भिन्सीको भन्दा पनि प्रिय महसुस भएका छन् -

- केवल पृष्ठभूमि बाँचेर मरुभूमि थाकेको जीवन
  कितारो भएर बजिरहें
  साँगुरीको नितान्त एकान्तमा
  बिजयपुरको सुन्दरता चुस्न नपाउँदै
  हात्तीसारबाटै फर्केको अधूरो जीवन
  लियोनार्दो भएर उडिरहें ।

(घ) नीलो नीलो आकाश र दुई थोपा आँसु

- पुस्ताकाकृतिको शीर्षक रहेको यो निबन्ध दुई मित्रहरू बीचको मृगतृष्णा र अधुरा सपनाहरूको एउटा प्रवाहलाई मान्न सकिन्छ ।

- ' जिन्दगी न तिमीले चाहेजस्तो छ, न मैले चाहेजस्तो छ, यो त बनाउँदा बनाउँदै फड्ल्याङ्ग फुस्केको गितारको तार जस्तो छ' जस्ता भावपूर्ण तर अतिशयोक्तिपूर्ण उद्गारहरू प्रस्तुत गरेर लेखकद्वयले आफ्ना मनभित्रका आकांक्षाहरूलाई उदाङ्गो पारेको महसुस यहाँनिर हुन जान्छ ।

- अन्यमा भन्दा अपेक्षाकृत यस भागमा कवितांश पनि लामै भेटिन्छ । आवश्यक ईच्छाका लहरहरू क्रमबद्ध होऊन् । चाहनाहरू परिपूर्ति हुँदै जाऊन् भनेरः

- मन दुःखेका आँखाहरू त्यसै रुँदैनन् ...
  जहाँ आस्थाको सङ्गीत रुन्छ
  बाँसका जुल्फी छायाँहरूमा
  चरीको चिरबिर रुन्छ,
  जहाँ विश्वासको कविता रुन्छ
  सुन्दरता दुःखेका ठोक्करहरूमा
  निर्झर झर्झर रुन्छ .....।

लिखित निबन्धहरू कविताको दाँजोमा बढी सरल, सहज र गतिशील छन् । कवितामय शब्दहरूको प्रयणेगले निबन्धलाई उकासेको छ भने निबन्ध अन्तर्गत रहेका कविताहरू त्यति सशक्त रुपमा सफल भएका छन् जस्तो लाग्दैनन् ।

एक सर्जक जो आफू वर्मा (हाल म्यान्मार) मा जन्मेका छन्, विशेषतः उनका अभिव्यक्ति अति मर्मस्पर्शी र तरल भएर पोखिएका छन् निबन्धमा भने कवितामा बिल्कुलै त्यसैको समर्थन छ । साथै हातेमालो गर्दै अघि बढ्ने एउटा सूक्ष्म निमन्त्रणको झलक पाइन्छ ।

समग्रमा कृति सार्थक एवं औचित्यपूर्ण नै छ । यसले भविष्यमा के कत्तिको लोकप्रियता पाउला यो समयले नै बताउला ।

पो. ब. नं. १०
काठमाडौं

यात्रा-संस्मरण

जोमसोमदेखि लोमानथाङसम्म

❑ लक्ष्मीप्रसाद रिजाल

यात्रा, मात्रा र जात्रामा तरिका र प्रक्रिया मिलेन भने सारै दुःख भोग्नु पर्दछ, मिल्यो भने अति रमाइलो र आनन्द हुन्छ । तर हाम्रो यात्राको क्रम त्रिभुवन विमानस्थलबाट उडेदेखि नै मिल्दै गएकोले जोमसोम विमानस्थलसम्मको यात्रा भनिरहनु परेन, सुखमय भयो । भन्नै थाल्ने हो भने पनि खुलापनमा उड्नेहरूलाई भाद्र १३/१४ को बादल माथीको वयान गर्नु भनेको कपास माथीबाट उड्दा धेरै थरिका चित्रहरू देखियो भन्नु बाहेक अरू केही पनि थिएन । यो कुरा प्रचारमा ल्याउने हो भने सबैले मूर्ख भन्दा अरू नभन्ने कुरा पनि मैले प्रष्ट बुझेको छु । भाद्र १४ गते बिहान ७:२० बजे पोखरा विमानस्थलबाट उडेर ९ बजेतिर जोमसोम पुग्ने मानसिक कल्पना गर्दै दुई पहाडको बीचबाट आफ्नो हवाईजहाज उडिरहेको थियो । ७:४५ मा त काली गण्डकीले छोडेको दायाँ किनार जोमसोम विमानस्थलमा उत्रन पुगें ।

२५ मिनेटमा विमानस्थलमा पुग्न पाएकोमा मन अति खुसी भयो र केही पर होटेलमा गएर चियापान गरी करिव ९:२० बजे त्यहाँबाट कागवेनीतर्फ लागियो । जाँदा कालीको तिरैतिर जान पाएकोमा आफूलाई मात्र गौरवान्वित मानिन आफ्ना स्वर्गीय पूर्खाहरूको पनि गौरवको कल्पना गर्दै थिएँ । करिव ४ घण्टा हिंडेपछि १:१५ बजे कागवेनी पुगियो । त्यो ठाउँ अति रमाइलो हुनुको साथै गण्डकी र कालीको दोभान समेत भएकोले अत्यधिक पूण्यभूमि मानिदो रहेछ । त्यो दिन त्यहीं बसी आनन्दले बजार घुमियो र त्यो रात त्यहीको एउटा होटेल (जुन होटेलमा ऐनका झ्यालहरू काठमाडौंका भन्दा पनि ठूला ठूला झ्याल थिए) मा वसी १५ गते कारणवस ९ बजे कागवेनीको माथिल्लो मुस्ताङको लागि प्रवेशद्वारबाट उकालो लागियो ।

त्यस समयमा काली नदी दायाँतिर बढेको कारणले गर्दा पहिले कालीले छोड्दै गएको तर धेरै माथिको गेग्रनको डोरेटो हुँदै ताडवे भन्ने अति रमाइलो र हरियालीले भरिएको गाउँमा गएर विहानको खाना खाइयो । तर त्यो ठाउँको पानी अलि नराम्रो भएको कारणले गर्दा पेटलाई तुरुन्त असर पाऱ्यो । त्यसैले त्यो ठाउँको पानी तताएरै खाने भए पनि औषधी राख्नु पर्ने मैले महशुस गरें । त्यस्तो सुरम्य गाउँबाट राता र सेता स्याउले लटरम्म रुखहरूको बीचभाग हुँदै वरिपरि हरिया रुखले घेरेको करिव ३०५० मिटरको उचाइमा रहेको चेले गाउँको सबैभन्दा माथिल्लो घरमा गएर बास बसियो ।

चेले गाउँको त्यो माथिल्लो बासबाट हेर्दा कतै हरियाली, कतै पैह्रो गएको पहाडमा स्तुपीरूपका थुम्कैथुम्का, कतै तल/तल हुँदै गएकी काली देख्दा अति रमणीय लाग्यो । त्यहाँबाट प्रस्थान गरेपछि धेरै उकाली आरोली हुँदै ३८०० मिटरको सैला भज्याङ पनि पार गरियो । सैला उक्लनु अगाडि समर गाउँको गुम्बाको अवलोकन गरियो । गुम्बा हेर्दा हाम्रो मनमा रोपिएको पाठहरू सिकाउने पुस्तकको संरक्षण र कलाकृतिले स्वतः ज्ञान दिन थालेको महशुस हुन थाल्यो । थकाई लागे पनि जति हिड्यो त्यति आनन्दको पूर्ति हुँदै गयो । त्यो दिन तामर गाउँमा गएर आनन्दसँग बसियो । त्यो रमाइलोले मनमा ठाउँनै पाउन सकेन । तर ठूलो ठूलो रुख र हरियालीको खोजी गर्दा भने अलि खिन्न लाग्दथ्यो ।

तामर गाउँ अलि नयाँ वस्तीको भएको कारणले त्याहाँ गुम्बा बनेको रहेन छ । त्यसैले धेरै अघिदेखि राजा रहँदै आएको दरवारमा र दरवार भन्दा अलि तल रहेको दुइटा गुम्बा ताछी छोलिङ्ग हेर्दा अचम्मका वस्तु र दृश्यहरू देखियो । हाडखोड मात्र भएको सिंगो मानिसको कङ्कालले कङ्कालकै हाडखोड समाएर एक अर्कालाई हिर्काउन ताकिरहेकोबाट आत्माले कहिल्यै झगडा गर्दैन र झगडा गर्ने केवल भौतिकता मात्र हो भन्ने कुरा प्रष्ट झल्किन्थ्यो । त्याहाँ रहेको काला भैरवको गोप्य कोठा हेर्ने सौभाग्य भने मिलने । त्यहाँबाट हिंडेर अत्यधिक चिसो हावा खाँदै उकालो ओरालो गर्दै ३९५० को निलीपास पनि त्यही दिन

पार गरियो र थकाइले चुर हुँदै नदीको तिरमा रहेको ढाकमार गाउँमा बसियो ।

आफू त मुक्तिनाथ दर्शन गरेर मुक्ति पाउन र कर्तव्य गर्दा ईश्वरीय शक्ति (तेज) पाउने आशाले उकालीतिर लागेको मान्छे ! त्यसैले विहानै उठेर अब आउने रमणीय लोमानथाङ् कति टाढा पर्छ भनी प्रश्न गरें । उत्तर मिल्यो– 'उ त्यो डाँडोपछि ओर्लिदै जाँदा त्यो कुनामा पुगेपछि लोमानथाङ् आउँछ ।' अनौठाको ठाउँमा पुग्ने भइयो भनि पानी परिरहेको बिहान ८ बजे उकालो लगियो । ३/४ वटा साना ठूला भञ्ज्याङ पार गर्दा विशाल हिमाली पिपलका रुख वरीपरी घेरिएर रहेको धेरै पुरानो स्यामदुङ गुम्वा हेरेर त्यसपछि ओरालो उकालो गर्दै विशाल ढुङ्गैढुङ्गा भएको पानी विनाको खोलाको वेग र जङ्गलको संरक्षणको विचार गर्दै उपत्यकाकै रूपको विशाल हिमाली पहाडबाट ओर्लिदै गएको मैदानको फेदीमा पुगेर दरवारको परखाल बाहिरको कुलै कुला हुँदै लोमानथाङको बाहिरपट्टी बनाइएको हरियाली क्याम्पमा गएर बास बसियो ।

हजारदेखि बाह्रसय जनसंख्या भएको लोमानथाङ-बासीको हिम्मत र पाहुनाप्रति आतिथ्य सत्कार देखेर अत्यधिक अचम्म लाग्यो । शनिवारको दिन परेकोले विहान उठेर पहिले कुनै पनि गुम्बामा भएको पाठपूजा हेर्ने र त्यसपछि राजासँग दर्शनभेटको समय माग गरेर दिउँसोभरी गुम्वा हेर्ने र लोमानथाङवासीको रहनसहन बसाउठ, व्यवहार चलन चल्ती आदि कुराको अवलोकन गरियो । त्यसपछि भरखर वनेको नयाँ गुम्वामा विद्यार्थीहरूद्वारा भइरहेको पाठपूजा एक/डेढ घण्टा जति अवलोकन गरी आएर खानपिन गरियो । त्यो दिन राजा बाहिर भएको कारणले भेट्ने कार्यक्रम हुन सकेन । त्यसपछि झुम्पा गुम्वा र थुकतेन गुम्वा हेर्दाहिँदै ३/४ घण्टा बिताइयो । छ सय वर्ष अघि बनेका ती गुम्वाहरूमा रहेको काठको प्रयोग देख्दा अत्यधिक आश्चर्य लाग्यो । यो ५५ वर्षको उमेरसम्ममा मैले कतै पनि त्यस्ता अग्ला, ठूला र गोलाकार एउटै काठहरूले निर्माण भएका त्यस्ता मठ मन्दिर र गुम्वा देखेको थिइनँ । थुकतेन गुम्वाको केही भाग विग्रिएकोले कीर्तिपुरका कालीगढको समेत सहयोग लिई मरमत कार्य जोडतोडका साथ हुँदै थियो । २०/३० फिटका लामालामा स्तम्भहरूको गोलाई हेर्दाहिँदै अंगालो हालेको दायाँ हातले वायाँ हात भेट्न सकिएन । कत्तिको बलिया थिए ती स्तम्भहरू भनी जिज्ञासा राख्दा दुई/चार हजार वर्ष केहीले पनि छुन सक्ने देखिदैन । छ सय वर्ष अघि लोमानथाङवासीले ती स्तम्भ मात्र होइन कुनै पनि निदाल, दलिन, मेठ आदि ल्याउन नसक्ने स्थितिमा कहाँबाट कसरी ल्याए भनि जिज्ञासा राख्दा उत्तरभेगमा रहेको कारा र थुलुङ पहाडबाट ल्याएर निर्माण गरिएको भन्ने कुरा प्रष्ट भयो । त्यो सुन्दा मेरो आनन्दको सिमाना रहेन । जिज्ञासा पनि कहिल्यै आदि र अन्त्यको पत्ता नलाग्ने गरी जाग्रित भयो ।

भाद्र २० गते बिहान आइतवारको दिन लोमानथाङबाट आतेजाते रु. ७००/- तिर्नेगरी घोडा लिएर सबैजना उत्तरतर्फ पर्ने छोसार, निदियार, नेफु, गारफु, नामडोल, नामग्याल आदि गुम्वा, गुफा र स्तुपहरू हेर्न गयौं । एउटा गुफामा पाँच तलामाथि ४६/४७ कोठाहरू देख्दा अति आश्चर्य लाग्यो । हरेक गुम्वाहरूमा शिव खोला देखाएकै हुन्थ्यो र त्यसमा रीसको प्रतीकको रूपमा सर्प, अज्ञानको प्रतीकको रूपमा सुङ्गुरलाई र लोभको प्रतीकको रूपमा कुखुरालाई विभिन्न रूपले देखाई राखिएको पाइन्छ । गहिरिएर हेर्ने हो भने खोलाले जमीन काटेर निकै तल गहिराइमा पुऱ्याएको छ भने गुफाहरू धेरै माथी जानलाई असम्भव जत्तिकै देखिन्छ । अर्कोतिर जहाँजहाँ गुफाहरू छन् त्यसैको नजिकमा गाउँ बस्दै गएकोबाट पनि गुफापछि तिनैका सन्तानले गाउँको सिर्जना गरेको भन्न सकिन्छ ।

दुई दिनको लोमानथाङ र लोमानथाङ वरिपरी घुम्ने कार्यक्रम सकेर चौथो दिन बिहान लोरी गुम्वा हेर्नको लागि पूर्व-दक्षिणतिर लगियो । करिव एक घण्टा तीस मिनेट भन्दा बढी ठाडो ओरालो ओर्लिएर कालीको तीरमा रहेको एक गाउँमा खानपीन गरी त्यहाँबाट काली पार गर्नलाई जुत्ता मोजा र पाइन्ट फुकालेर बीच नदीबाटै बाटो लागियो । नदी नै नदी हिंड्दा छिट्टैनै पहिरैपहिरोको बीचबाट भएर धाँजा फाटेको ठाउँमा फड्का मार्दै सुर्खाङ गाउँ विकासको पारी गाउँ भन्ने ठाउँमा पुगियो । त्यो दिन त्यही बसेर भोलिपल्ट विहान लोरी गुम्वा हेर्न गइयो । सबभन्दा माथि रहेको प्राकृतिक गुफा भित्रको एक तल्लामाथि रहेको एक कोठामा बनाइएको निक्कै अग्लो र अति राम्रो स्तुपको

पश्चिमतर्फ काल भैरवको मूर्ति देख्दा मलाई पनि अत्यधिक रमाइलो लाग्यो । त्यो कावुङ गुफाको अवलोकन गरिसकेर मन्थाङ गुम्वा र त्यो भन्दा पूर्वमा रहेको प्राकृतिक स्तुप भएतिर लागियो । त्यसै भित्रका दुई कोठामा तीन वर्ष तीन महिना तीन दिन ध्यान गरी त्यसबाट प्राप्त ज्ञान र निर्देशन अनुसार कार्य गर्ने गरिन्छ भन्ने सुनियो ।

भोलिपल्ट बिहान सराङ्को लागि प्रस्थान गर्नु अघि कालीखोलालाई चार पटक र सराङ्खोलालाई एक पटक तरी दामोदर खोला समेत मिसिएको त्रिवेणी नजिक हुँदै भयङ्कर उकालो उक्लने सराङ् गाउँ पुगी त्यहाँ निर्मित विभिन्न किसिमका स्तुपहरू हेर्नुका साथै खच्चडले गहुँ दाइँ गरेको पनि हेरियो । त्यसपछि ६५० वर्ष अघि निर्माण भएको दोर्जेचुङ गुम्वा हेरियो । वरिपरिको पहाडमा हेर्दा कतै रुख थिएन तर हिमाली सल्लोका काठका स्तम्भहरू देख्दा भने आश्चर्य लाग्यो ।

भाद्र २४ गते कुशेऔंशी परेकोले बिहान सवेरै उठेर सराङ्को धारामा नुहाइधुवाई जप-तर्पण गरी पुन: अगाडि बढियो । त्यो दिन ३६०० मिटरका ३/४ वटा पहाडदेखि ३९५० सम्मको निलापास पार गरी दिउँसो मध्यान्हमा घेमी गाउँ नजिकको खोलामा पुगेर जौ, तिल र कुश सहित अर्घमा राखेर पहिले ईश्वरलाई अर्घ र त्यसपछि पितृहरूको नाममा तर्पण गर्ने काम भयो । त्यो दिन स्याङवोचेमा बस्न आउने क्रममा धेरै रमणीय दृश्यहरू हेर्न पाउँदा र सम्पूर्ण चढाई र कठिन मार्गमा सफलताका साथ फर्किन पाउँदा अति आनन्द लाग्यो । स्याङवोचेमा दुई/चार घर भन्दा बढी नभएको र त्यो दिन अति जाडो पनि भएकोले मलाई स्वास्थ्यप्रति केही डरलाग्यो, तर तातो न्यानो गरेर सुतेकोले भोलीपल्टको झुल्के घामले देखाएको हिमाली दृश्यले अति आनन्द दियो ।

स्याङवोचेबाट हिडेर केही क्षणपछि उकालै उकालो गरी ३८५० मिटरको हाराहारीको दुइवटा नाकाहरू पार गरेपछि अति राम्रा राम्रा धुपीका रुखहरू भएको भेनागाउँमा पुग्दासाथ वनभरि रुख काटेको थुप्रो देखियो । धुपीको रुखको त्यो दशा देख्दा चित्त पनि दुख्यो । कुराकानी गर्दा वनमा सुकेका रुख काट्न स्वीकृति प्राप्त भएको हप्ता रहेछ । तर धुपीको महत्त्व हामीले प्रष्ट देखाउन सकेमा त्यहाँका जनताहरूले धुपी जोगाएर राख्ने र सुकेका दाउरा मात्र काट्ने थिए । अन्यथा धुपीको विनास हुनसक्छ । त्यस दिन हामी चेले भन्ने गाउँमा आएर बिहानको खानपिन गर्यौं र खानेपानी चाहिं त्यति राम्रो नभएको र हरियाली भने अत्यधिक भएको ताडवेगाउँमा आएर बास बस्यौं ।

आजको दिन मेरो मनमा अत्यधिक आनन्द पनि थियो र कौतुहलता पनि उत्तिकै थियो । कागवेनी पुगी त्यहाँको साधारण तर्पण सकेर मुक्तिनाथको दर्शन गरी आफ्नो पहिले देखिको अभिलाषा पूरा गर्नुपर्ने थियो । त्यसैले मेहनतका साथ माथी गएर मुक्तिनाथको दर्शन गरी आत्मालाई उहाँको पाउमा समर्पित गर्ने इच्छा पूरागर्न बिहान ५ बजे उठेर ५:४० बजे कागवेनीको लागि प्रस्थान गरियो । काली बढेर बार्यौंतिर लागेकोले गेग्रनै गेग्रनको बाटोबाट तुफान गतिमा ७:४० बजे कागवेनी आइपुगियो । कागवेनीको कालीगण्डकीमा साधारण तर्पण कार्य सम्पन्न गरेर ८ बजे मुक्तिनाथको दर्शनको लागि माथी उक्लियो । मुक्तिक्षेत्र पुगेपछि हत्तरपत्त लुगा खोलेर १०८ धारामा नुहाउन कुलो भित्रै पसें । त्यति चिप्लो रहेनछ । नुहाइधुवाई, तर्पण र पाठ पूजा सकेर खाना खाई त्यही धाराको पानी एक लिटर खाएर अर्को एक लिटर बोकेर दिउँसो १ बजे जोमसोमतर्फ ओर्लिन थालियो ।

करिव ४ बजेसम्म त हावाले त्यति पेल्न सकेन, त्यसपछि हावामा आएको बालुवा मुखभरि पार्दै कालीको तिरैतिर हस्याँङ् फस्याङ् गर्दै ओर्लिन थालियो । त्यो ठाउँमा यदि उकालो उक्लिनु परेको भए बीच बाटोमै बास बस्नु पर्ने स्थिति थियो तर ओर्लिन पर्ने भएकोले ठूलो कठिन भएन । जोमसोमबाट हिंडेको बाह्र दिनपछि बेलुकापख तातोपानीले थाकेको गोडा धोई बेलुकाको खाना पनि मुस्किलले खाएर सुतियो तर बिहान उठ्दा शरीर फूलको थुँगाजस्तो हल्का भएको थियो ।

म नर्कमा पनि उत्तम पुस्तकको स्वागत गर्दछु किनभने यसमा त्यो शक्ति छ –
जहाँ यो हुन्छ त्यहाँ आफै सुन्दर स्वर्ग बन्दछ । – **लोकमान्य तिलक**

कविता

नववर्ष

❑ शशी ढकाल

नववर्ष आयो शुभकामना बोकी
हिजोभन्दा आज अझै उज्यालो हो कि !

आज आकाश रमाउँदैछ हाँसी
जीवनको उज्यालो प्रकाश बोकी
नाच्छ बादल यो गर्जी गर्जी
खुसीका शीतल वर्षात् बनी
नयाँ उमङ्गका मुना टुसाई
प्रकृतिले सबलाई टुना लगाई
नववर्ष आयो शुभकामना बोकी ।

छरिएका वासनाले सङ्गालिई
बगानका फूलले फक्रिई
लाग्छ यो त कुनै नौलो परिवेश
आइपुगे झैं लाग्छ कुनै नौलो देश ।

साँस्कृतिक जागरणको लहर बोकी
एकता अनि स्वतन्त्रताको स्वर बोकी
झुम्दैछन् धानका सुनौला बाला
फूल भन्दैछन् पहिरन एकताको माला
नववर्ष आयो शुभकामना बोकी
हिजोभन्दा आज अझै उज्यालो हो कि

काठमाडौं

नववर्ष २०५७ सालको उपलक्ष्यमा
सम्पूर्ण नेपालीमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

नगर विकास कोष
परिवार
नयाँ बानेश्वर, काठमाडौं

कविता

अविरल पीडा

❑ कमला उप्रेती

म दिनमा हजारचोटि पछुताउँछु
पूर्वजुनीमा हैन मैले त्यस्तो के गरेंछु ?
म अँध्यारोमा नै बढी रमाउँछु,
किनकि यसमा म आफ्नै प्रतिबिम्ब भेट्दछु ।
अनि म देवेश्वरलाई सोध्दछु,
हैन नारी जातिमा किन यति कमजोर मुटु म भेट्दछु ?

कमजोर सायद मुटु हो त नारीको भाग्य,
खोटो यो मेरो मात्र छ कि समस्त सङ्गी सख्य ?
वेदनाको ज्वालामुखी मुटुभित्र छचल्किन्छ,
विरहको ज्वारभाटा अनि किनार छोप्दछ ।

म मजुरको कल्की छुन चाहन्छु,
घोडाको खुर होइन ।
म सुनौलो बिहानमा रम्न चाहन्छु,
कालरात्रीमा छाती ठोकी रुन होइन ।

सृष्टिका केवल दुई अनमोल मोती,
म त हिलैमा फालिएँ ।
सृष्टिका केवल दुई अनमोल फूल,
म त गुफैमा थुनिएँ ।

काठमाडौं

नववर्ष २०५७ सालको उपलक्ष्यमा
सम्पूर्ण नेपालीमा सुख, शान्ति तथा
समृद्धिकोलागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

गोपाल आले मगर
(अध्यक्ष)
धापासी गाविस परिवार
काठमाडौं

समीक्षा

'भानु विचरण' - एक टिप्पणी

❑ चिरञ्जीवीदत्त पाण्डे

'कमल बाबु हुनुहुन्छ' भनी टेलिफोन गरेर मात्र म भेट्न जान्थें । मैले पनि 'बाबु' शब्द प्रयोग गरेको सुनेर उहाँ खुशी हुनुहुन्थ्यो । ढोकेदेखि साहित्यकारसम्म प्रायः सबैले उहाँलाई 'बाबु' शब्दनै प्रयोग गरेको मैले पाएँ । हुन त उहाँ 'क, दी,' अर्थात् कमल दीक्षित नामले नै निबन्धहरू लेख्ने गर्नुहुन्छ । आजभन्दा धेरै वर्षअघि साहित्य अनुसन्धानका निमित्त म 'मदन पुरस्कार पुस्तकालय' मा अध्ययन गर्न जान्थें । त्यहाँ जाँदाजाँदा श्रीदरबारको परिसरका नियमहरू जान्ने मौका पाएँ । एकदिनको कुरा हो, पुस्तकालयको बारदलीमा उभिरहेको थिएँ, त्यसैबखत एउटा बेञ्चकारमा ड्राइभरसँगै केदारमणि आचार्य दीक्षित, पछाडि सिटमा रानी जगदम्बा र विद्यादेवी दीक्षित आएर मोटरबाट निस्कँदा कमल दीक्षित, वासुदेव शर्मा लुईंटेल (भूतको भिनाजु), गजेन्द्र आदि लहरै बसेर र झुकेर अभिवादन गरेको दृश्य देख्दा शुरुशुरुमा छक्क परेको थिएँ । त्यहाँभित्रको नियम र चालचलन बेग्लै रहेछ भन्ने कुरा गहिरिएर बुझ्दै जाँदा थाहा पाएँ । तर ती दिनहरू सुलुत्त गएछन् । आजभोलि त संस्मरण मात्र बाँकी छ ।

यादव खरेलद्वारा निर्देशित 'आदिकवि भानुभक्त' चलचित्र मेरो परिवारमा सर्वप्रथम मेरी छोरी माला पाण्डेले विश्वज्योति सिनेमा भवनमा हेरेर आएपछि 'सिनेमा कस्तो लाग्यो ?' भनेर प्रश्न गर्दा नाक खुम्च्याएर 'यो सिनेमा त मलाई राम्रो लागेन' भन्ने प्रत्युत्तर पाएँ । अंग्रेजी शिक्षामा मात्र डुबेकीले यसो भनेकी होली जस्तो लाग्यो । त्यसपछि यो सिनेमा हेर्न म गएँ । मलाईचाहि यो सिनेमा चौपट्टै राम्रो लाग्यो । भनुभक्तका बाजे श्रीकृष्ण आचार्यको भूमिकामा कमल दीक्षित रहनु भएको रहेछ । उहाँ साहित्यकार मात्र नभएर एक वरिष्ठ कलाकार पनि हुनुहुँदो रहेछ भन्ने कुराको पुष्टि यो सिनेमा हेरेपछि थाहा हुन्छ । यस वृत्तचित्रमा कमल दीक्षितको भेषभूषा र सम्वाद साह्रै गहकिलो छ । उहाँ आफूले आफैलाई 'वान शट एक्टर' भन्नुभएको कुरा पनि ठीकै हो जस्तो लाग्यो । 'आदिकवि भानुभक्त' चलचित्र तयार गर्दागर्दै उहाँले ११ वटा भानुभक्त सम्बन्धी निबन्धहरू लेख्नुभएको छ । यी निबन्धहरूलाई 'भानु विचरण' को छायाङ्कन खण्डमा समावेश गर्नुभएको छ । यी निबन्धहरू सरल, सरस र मार्मिक भाषामा लेख्नुभएको छ ।

आदिकवि भानुभक्त आचार्य बारे धेरै अनुसन्धान कर्ताहरूले विभिन्न किसिमका अनुसन्धानात्मक लेखहरू लेखेका छन् । अपितु बि.सं. २०५६ सालमा 'भानुजन्मस्थल विकास समिति' चूँदी, रम्घा, तनहूँले कमल दीक्षितद्वारा लिखित 'भानु विचरण' प्रकाशित गरेको किताब पढ्ने मौका पाएँ । नरहरी आचार्यको भूमिका र रामचन्द्र शर्मा पौडेलको प्रकाशकीय मन्तव्यहरूले यो किताबको तौल थाहा हुन्छ । यो किताब पाँच खण्डमा पच्चीस निबन्धहरू छन् । प्रारम्भदेखि अन्त्यसम्म नै आदिकवि भानुभक्त आचार्यलाई राम्ररी निन्हाउने जमर्को गर्नुभएको छ कमल दीक्षितले । मोतीराम भट्ट, सूर्यविक्रम ज्ञवाली, पं. डमरुवल्लभ प्रभृतिले भानुभक्तलाई जनसमक्ष ल्याउनमा जेजस्तो प्रयास गरे, त्यो भन्दा कम छैन कमल दीक्षितको कोशिश । भानुभक्तको जन्मस्थलदेखि प्रवासका स्थलहरूसम्म पुगेर भानुभक्तबारे अनुसन्धान तथा अन्वेषण गर्ने दीक्षितले भनुभक्त बारे साह्रै गहकिला कुरा पत्ता लगाउनु भएको छ । यो किताब पढ्दा के कुराको अवगत हुन्छ भने प्राचीन कवि, सम्राट कवि, प्रथमकवि, रोमाण्टिक कवि, आदिकवि बारे जुन किसिमको विवादास्पद विषय बनेको छ, त्यसलाई कमल दीक्षितले चाहिं 'आदिकवि' भनी स्वीकार्नु भएको छ । जेहोस्, भानुभक्त आचार्यले नेपाली भाषामा कलम चलाएर आदिकविको पगरी गुथेको कुरामा प्रायः धेरै साहित्यकारहरूले समर्थन गर्दै आएका छन् ।

आदिकवि भानुभक्त आचार्यको हस्ताक्षर सङ्कलन गर्नेदेखि लिएर रामायणको गीति क्यासेट तयार गर्नसम्म

कमल दीक्षित लागिपरेको कुरा थाहा हुन्छ। म्यूजिक नेपालले भानुभक्त आचार्यको सातकाण्ड रामायण स्वरबद्ध ११ क्यासेटमा भरिएको जम्मा १३१९ श्लोकको अडियो सेट जनसमक्ष पनि ल्याएको छ। कमल दीक्षितले 'यी मीठा क्यासेटलाई घरघरमा पुऱ्याएर, बजाएर, नेपाली संसारै घन्काएर' भनी प्रशंसा गर्नुभएको छ।

कमल दीक्षितले भनुभक्त आचार्यलाई चिन्हाउन आफ्नै किसिमको तर्कहरू दिनुभएको छ। भानुभक्त भन्दा हुरुक्क हुने क.दी. ले अन्य अनुसन्धानकर्ताहरू मध्ये पं. डमरुबल्लभको तर्कलाई बढी प्राथमिकता दिनुभएको छ। डमरुबल्लभ प्रतिको उहाँको झुकाव बढी देखिन्छ। किनभने क.दी. भन्नुहुन्छ – '..... नेपाली जनतालाई कवि भानुभक्त आचार्यको घर घरको परिचय दिई चिन्हाउने श्रेय पनि डमरुबल्लभलाई छ। ..... नेपालीको घरघर पुऱ्याउने कर्तव्य डमरुवल्लभले नै पूरा गरे।'

आदिकवि भानुभक्त आचार्यका पनाति मुक्तिनाथ आचार्यले वि.सं. २००४ सालतिर भनुभक्तको हस्ताक्षर भएको रामायणको किस्सा सुनाएको कुरालाई 'श्रमसिद्धि' निबन्धमा राम्ररी वर्णन गरिएको छ। भनुभक्तका मावली भोर्लेटारमा भानुभक्त आचार्यको हस्ताक्षर भएको रामायण फेला परेको कुरालाई विश्लेषण गरिएको छ। मुक्तिनाथ आचार्यले भानुभक्तको हस्ताक्षर भएको रामायण मृगेन्द्र शमशेरकहाँ बुझाए पछि दुई सय रुपियाँ बक्सिस पाएका मुक्तिनाथ आचार्यले 'म पुर्खाको कीर्ति बेच्दिनँ' भनेको वाक्य साह्रै हृदयस्पर्शी छ। अपितु यो किताब 'वीर पुस्तकालय' मा राखिएको छ।

समग्रमा भन्ने हो भने कमल दीक्षितको 'भानु विचरण' मा समावेशित निबन्धहरू पठनीय छन्। बोलिचालीको भाषा प्रयोग भएकोले जुनसुकै पाठकलाई पनि यो निबन्धहरू पढ्न र बुझ्न असजिलो हुने छैन। यस किताबमा प्रयोग गरिएको कागज र छपाइ हेर्दा मूल्य ठीकै मान्नुपर्छ। मुखपृष्ठ र पछाडि पृष्ठको तस्वीरहरूले नै भानुभक्त र भानुभक्तको जीवन बारे 'भानु विचरण' मा राम्ररी उल्लेख गरिएको कुरालाई स्पष्ट गर्दछ।

गैडीधारा।

कविता

खै के भनुँ म!

❑ सेवकप्रसाद नेपाल

मौसम फेरिन्छ हिउँद लाग्छ
गृष्म-वर्षाऋतु आउँछ
झमझम झरी पर्छ
आफ्नु भन्नु–
न खेत छ, न बारी छ
पहिरो मुनी बास छ
मन कुँडिएर आउँछ
धानको गावो रोप्न
अर्कैको खेत कुर्नु पर्छ
मकै छर्न -
अर्कैको अधिया माग्नु पर्छ
प्रजातन्त्र आएको सुन्दैछु/हेर्दैछु
गरीबको दैलोमा खै कहिले आउँछ

रोग, भोक, शोक त वर्षेनी आउँछ
पर्खदै छु/हेर्दै छु
गरीबको चुला चौकामा
प्रजातन्त्र कहिले बाउँछ
घरमा अनिकाल छ
गर्भवती र सुत्केरी बामा पनि
गिटी कुट्न र बारी बोक्न बजार धाउनु पर्छ
कहिले उराठ मन हुन्छ
कहिले सिस्नु र निङ्गेमा रमाउनु पर्छ
कहिले दुःख सुख
आधी पेटमा मन बुझाउनु पर्छ
मौसम फेरिए पनि
दुखसँग सुख साट्न सकिएन
धोको पुऱ्याएर छानो टाल्न सकिएन
खै किन हो! गरीबको आगनीमा
प्रजातन्त्र आएन
खै के भनुँ म! बुझ्नै सकिएन

कविता

जन्मभूमिको सम्झना

❑ सुनीताकुमारी उप्रेती

मिमिरे उज्यालोमा पँधेरी हिंड्ने बाटो
त्यो मेरो जन्मको महत्त्वपूर्ण नासो ।
वनमा घन्कने घाँसीको गीत
सँगसँगै बज्ने चरीको प्रीत ।

तोरीबारीको सुनौला फूल
कुवा र पँधेरा जन्माउने ती साना मूल ।
बित्यो मेरो त्यही पुर्ख्यौली कुल
त्यही गाउँबाट छुट्दिन पुगे के भयो होला मेरो भूल ।

खोलाको त्यो शीतल पानी
झर्छन् गिरि पहरा हानी ।
मलाई मीठो प्रीत दिदै,
मसँग गहिरो स्नेह गाँस्दै ।

चरीको गीत चरीको प्रीत
डाँफे र मुनाल ती मेरा मीत ।
उकाली हिंड्दै ओराली झर्दै
प्रकृतिसँग मितेरी लगाउँदै ।

तिम्रो छ माया मुटुमा छाँया
बोकेर गइरहेछु म तिम्रो अमूल्य सम्झना ।
जति नै मेरो आमा त्यति तिम्रो माया,
जति नै आमाको ममता न्यानो
त्यति नै तिम्रो प्रकृति प्यारो ।

– काठमाडौं

कविता

नारीको बोली

❑ भावना उप्रेती

हारेको जाति भएर जन्में
म नारी बनेर ।
नपढ्न पाएँ न लेख्न पाएँ
घाँसे र पँधेरी भएर ।

सरस्वती पनि थिए नारी विद्याका खानी
कसलाई सम्झाउने कसरी सम्झाउने म हारेको नारी ।
आँसुको धारा सँधैभरि आँखामा बसेर
सँधै भरी यी नारी जाती शोषणमा परेर ।

नारीको बोली हुनुपर्दछ भन्दछन् – कोइलीको
नयन हरिणीको, तलतल तितरीको र निद्रा हात्तीको ।
कसरी बस्ने, कसरी रहने यो क्रुर समाजमा
कसलाई रिझाउने, कसरी रिझाउने यो ठूलो समाजमा ।

किन जन्मायौ माता-पिता
जीवन दिन सक्थेनौ भने ?
किन हुर्काएको, किन बढाएको
पखेटा विनाको चरा मलाई किन बनाएको ?

न तिमीले पढायौ, न तिमीले लेखायौ
मातापिता न त आत्मनिर्भर बनायौ ।
कुन जुनीको पापले म नारी भएँछु
त्यो पाप मैले त्यो जन्ममा किन गरेंछु ।

– काठमाडौं

नववर्ष २०५७ ले
सर्वत्र सुख-शान्ति ल्याओस्

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)